चैत ३१, २०६२

# समय

राष्ट्रिय साप्ताहिक



# आन्दोलनको आगो

■ अन्योलमा राजा ■ निर्वाचनको षड्यन्त्र ■ माओवादीको दोहोरो रूप

मूल्य रु. २५



भास्वर ओझा

आन्दोलनको राँको दन्किरहेको छ, सरकारलाई तिल्मिल्याउँदै




वर्ष २, अंक १०१, चैत २५–३१, २०६२

**आवरण :** सात दल आन्दोलनको आगोमा होमिएका बेला शाही सत्ताका क्रियाकलापबाट नैतिक र सैद्धान्तिक रूपमा एक्लिँदै गएका राजाले निर्वाचनको एकोहोरो अलाप गरिरहेका छन् । सबैतिरबाट एक्लिएका राजालाई चैत २४–२७ को आन्दोलनको रापमै अर्को विद्रोह गरेर अझ एकल्याउन उनीहरू दृढ छन् २७




आवरण : सात दलले राजधानीमा निकालेको मसाल जुलुसमा विद्यार्थी नेता रामकुमारी झाँक्री

*तस्वीर : भास्वर ओझा*


## विशेष रिपोर्ट

जबर्जस्ती कर लिएर माओवादीले गरिब र निमुखाकै मानो खोसिरहेका छन् ३८

## अनुभव

मिडिया मिसनसँग माओवादी नेताले प्रेस स्वतन्त्रतामा प्रतिबद्धता जनाए १६

## रिपोर्ट

छैनन् महिला पुनर्स्थापना केन्द्र १८

चेली बेचिँदै छन्, सरकार निरीह २०

माओवादी तारो बने परीक्षार्थीहरू २२

## छिमेक

नेपाली माओवादीप्रति भारतको व्यवहार उस्तै रहिरहला ? २५

## खेलकुद

कवीर प्रधानाङ्गको गठिलो ज्यानले सबैलाई पछाऱ्यो ४७




भास्वर ओझा

**रङ्ग :** डिजेहरूले मनोरञ्जनको दुनियाँमा धुम मचाइरहेका छन् ५४


सम्पादकीय ........ ५
डाँक ........ ८
टिपोट ........ १०
मुलुक ........ १२
प्रश्न ? होइन उत्तर ! ........ ३७
साहित्य ........ ५१
अनुहार ........ ५७
शून्य समय ........ ५८

समय
साप्ताहिक
का.जि.प्र.का.द.नं. १७०/२०६०/६१

**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**कार्यकारी सम्पादक**
जिवेन्द्र सिम्खडा
**सहायक सम्पादक**
राजेश घिमिरे
**प्रमुख संवाददाता**
विश्वमणि पोखरेल
**वरिष्ठ संवाददाता**
मनीष गौतम
मनोज दाहाल
किरण भण्डारी
सुवास देवकोटा
मधुसूदन पौडेल
**संवाददाता**
नवीन अर्याल
छत्र कार्की
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले–आउट**
सुनील खड्गी (**संयोजक**)
किशोरराज पन्त
रामकृष्ण राना
**प्रशासन/वितरण/लेखा**
सुजन लामा (**प्रबन्धक**)
दीपक श्रेष्ठ (**वितरण**)
मिलन लम्साल (**वितरण**)
गोपाल भट्टराई (**लेखा**)
राजकुमार श्रेष्ठ (**लेखा**)
**बजार**
सुरज भडेल (**प्रबन्धक**)
राजेश महर्जन
अर्जुन बज्राचार्य

**भृकुटी प्रकाशन (प्रा) लि.**द्वारा
प्रकाशित तथा
मिलेनियम प्रेस, हात्तीवन,
ललितपुरमा मुद्रित
**कार्यालय ठेगाना :**
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेल: samay@bhrikuti.com
**प्रमुख वितरक**
काष्ठमण्डप पत्रपत्रिका
झोंछे, न्यूरोड
फोन नं. २०१०८२१

# श्रेयस्कर भूमिका

**सम्पादकीय**

**सत्ता संचालनमा** नैतिकता गुमाएका या वैधानिक किसिमले राजकाज चलाउन सम्भव नभएको निष्कर्षमा पुगेपछि कुनै पनि सरकारका सामु केवल दुई विकल्प उपलब्ध हुन्छन् । पहिलो : तथ्य र आफ्ना कमी कमजोरी स्वीकार गर्दै सुधारवादी एजेन्डाका लागि मार्ग प्रशस्त गर्नु, परेमा सत्ता त्याग्नु । दोस्रो : अन्तिम अवस्थासम्म पनि दमनकै सहारा लिनु ।

माघ १९ गते राजा ज्ञानेन्द्रद्वारा जुन शैली र महत्त्वाकांक्षापूर्तिका लागि सत्ता ग्रहण गरियो, त्यसको वैधानिकतामाथि सुरुदेखि प्रश्न चिन्ह लाग्दै आएको छ । मुलुकका मान्यताप्राप्त राष्ट्रिय दलहरू राजाका विरोधमा छन् । नेपालको विकास समृद्धिमा साथी रहेका अन्तर्राष्ट्रिय जगत्को ठूलो जमातले पनि राजाको त्यो कदमलाई मान्यता दिएको छैन, बरु स्पष्ट रूपमा त्यसको विरोध गरेको छ ।

त्यति मात्र हैन, सत्ता ग्रहण अपरिहार्य अवस्थामा र असल नियतका साथ गरेको र आफ्नो व्यक्तिगत स्वार्थबाट कत्ति पनि प्रेरित नभएको दाबी गरेका थिए राजा ज्ञानेन्द्रले । आतंकवादको समाप्ति, भ्रष्टाचार उन्मूलन, सरकार संचालनमा अपारदर्शिताको अन्त र वित्तीय अनुशासनको स्थापनालगायतका सार्वजनिक प्रतिबद्धता र २१ बुँदे कार्यक्रम लागू गर्नसमेत राजाको नेतृत्वको सरकार पूर्ण असफल भएको छ ।



▲ पोखरा भ्रमणमा राजा ज्ञानेन्द्र

वर्तमान सत्ताभित्रका उच्चपदस्थ कसैलाई पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन गर्ने हिम्मत नगर्नु आयोगको लाचारी हो, भ्रष्टाचारको अनुपस्थिति हैन सत्तामा । नारायणहिटीदेखि सिंहदरवारमाथि जनताको करमा मस्ती गरिरहेका अनेकौं विवरण सार्वजनिक भएका छन् । तर, चौध महिनाको असफलतापछि राजाले कसरी वस्तुस्थितिको सामना गर्लान् त ? राज्य संचालनमा नैतिक र वैधानिक हैसियत स्थापित गर्न सफलता हात नलागेपछि राजाको अर्को कदम के होला त ? समान परिस्थितिमा अरू सरकारलाई जुन विकल्प हासिल हुन्छन्, त्योभन्दा बढी विकल्प हासिल छैनन् राजालाई पनि । विगत चौध महिनाका वास्तविकता र आफ्ना कमी कमजोरी स्विकार्दै न्यूनतम साझा एजेन्डाका आधारमा गठित राष्ट्रिय मान्यताप्राप्त दलहरूको सरकारलाई पूर्ण अधिकारयुक्त सत्ताको हस्तान्तरण गर्नु राम्रो विकल्प हो । त्यसको विपरीत विकल्प हो दमनको निरन्तरता । आतंकवादसम्बन्धी अध्यादेशमा संविधानको मूल मान्यतामा चोट पुऱ्याउँदै ल्याइएको संशोधनले भने राजा दमनबाटै सत्ता निरन्तरता चाहन्छन् भन्ने प्रमाण प्रस्तुत गर्दछ ।

त्यो अध्यादेशले राष्ट्रिय राजनीति र अहिलेको द्वन्द्वको अवस्थामा खासगरी शाही नेपाली सेना र राजाका विश्वासपात्र मण्डलीबाहेक दल, नागरिक समाज या अन्य कसैसँग पनि शान्तिपूर्ण समाधान खोज्ने कानुनी अधिकार रहँदैन । अर्को अर्थमा समस्याको सैनिक समाधानले मात्र वैधानिकता पाउनेछ ।

यो संशोधनले वर्तमान सरकारको निरीहता मात्र हैन अब दमनरूपी त्यान्द्रोको सहारामा मात्रै बाँच्न सकिने निष्कर्षमा ऊ पुगेको देखिन्छ, तर यो त्याज्य विकल्प हो । राजाका लागि र मुलुकका लागि अझै पनि पहिलो विकल्प नै श्रेयस्कर हुनेछ । ■




## समय साता

**चैत १७ गते**

- सर्वोच्च अदालतद्वारा महिलाका कारण सन्तान नभए सम्बन्धविच्छेद गर्न पाउने मुलुकी ऐन दफा खारेज ।
- राष्ट्रिय जनशक्ति पार्टीका अध्यक्ष तथा पूर्व प्रधानमन्त्री सूर्यबहादुर थापा पनि आन्दोलनको पक्षमा ।

**चैत १८ गते**

- दैलेखको सरस्वती माविमा रहेका एसएलसी केन्द्रमा विस्फोटन तीन परीक्षार्थी बेहोस, आठ घाइते ।
- नेपाल-भारत पारवाहन सन्धि सात वर्षका लागि नवीकरण ।
- भारतमा बन्दी बनाइएका माओवादी नेताहरूको रिहाइका लागि दिल्लीमा दुवै देशका नेताहरूद्वारा प्रदर्शन ।
- इटहरीमा सातदलको विशाल प्रदर्शन ।

**चैत १९ गते**

- सर्लाहीको व्यस्त बजारमा माओवादीद्वारा गोली चलाउँदा दुई प्रहरीको मृत्यु, दुई सर्वसाधारण घाइते ।
- सुनको भाउले नयाँ उचाइ छोयो, तोलाको १५ हजार ८ सय ७५ ।

**चैत २० गते**

- बाँकेको बेतहनीका सर्वसाधारणलाई आफ्नो कार्यक्रममा जान माओवादीद्वारा दबाब, नजानेलाई कुटपिट ।
- राजा पाल्पा भ्रमणका बेला कालो झन्डा देखाउने एक विद्यार्थी पक्राउ ।

**चैत २१ गते**

- सिन्धुलीको रानीचुरीमा भएको आगलागीबाट एकै परिवारका सातसहित १० जनाको मृत्यु ।
- माओवादीद्वारा राजधानी काठमाडौंमा अनिश्चितकालीन युद्धविराम घोषणा ।

**चैत २२ गते**


- सरकारद्वारा चक्रपथभित्र सभाजुलस गर्न निषेध, काठमाडौंमा निकालिएको विरोध जुलुसबाट प्रदर्शनकारीहरू पक्राउ ।
- लोकतन्त्रको स्थापनाको माग गर्दै प्राध्यापकहरूद्वारा मुलुकभर धर्ना तथा कलम बन्द ।
- सात दलको आन्दोलन विथोल्न सरकारद्वारा राजधानी भित्रिने सवारीसाधनहरू नाका-नाकामै रोक ।

**चैत २३ गते**

- आन्दोलनरत राजनीतिक दलका सयौं नेता तथा कार्यकर्ता गिरफ्तार ।
- काठमाडौं र ललितपुरको चक्रपथ क्षेत्रभित्र कर्फ्यु आदेश जारी ।

**सम्मानित :** वैरागी काइँला, आदिवासी गीतिसम्मान-२०६२ बाट, पूर्णप्रकाश नेपाल, जनकप्रसाद हुमागाईं र शम्भुजित बास्कोटा, लुनकरणदास-गंगादेवी चौधरी साहित्य कला मन्दिरबाट ।


**पुरस्कृत :** दीपक भट्टराई, कान्तिपुर टेलिभिजन, रिपोर्टर्स् क्लब नेपालबाट ।



## चुइँकिने जुत्ता शिरमै टोपी

मध्यपश्चिमको पहाडी जिल्लाका घुमन्ते जाति राउटेका मुखिया मैनबहादुर शाहीले अन्तर्राष्ट्रिय ब्रान्डको नाइक जुत्ता लगाएका छन् भने शिरको टोपी पनि परम्परागत पगरी होइन । शिर–पाउ जडौरीले ढाके पनि आङमा भने नसिएको कपडाको गादो बेर्न छोडेका छैनन् उनले ।

■ विश्वमणि पोखरेल/सुर्खेत




## आँट गरोस् समयले

गैससको लुटअन्तर्गत 'कहरमा कर्णाली' (*समय* १०० अंक) रिपोर्ट सार्वजनिक गर्ने आँट गरेकोमा बधाई छ। अहिले संचारक्षेत्रले कुनै पनि गैससका विरुद्ध आवाज उठाउन आनाकानी गरिरहेको अवस्थामा *समय*ले आवाज उठाएकामा बधाई नदिइरहन सकिनँ।

गैससको नाममा गरिबको अनुहार बेच्ने सञ्चालकहरूले काठमाडौं मात्र होइन बेलायतमा पनि घर बनाइसकेका छन्। यिनीहरूलाई पनि नांगो बनाउने आँट *समय*ले गरोस्।

समाज सेवा गर्छु भनेर सरकारलाई करसम्म तिर्न हिचकिचाउनेहरू, जो हिजोसम्म चप्पल लगाएर हिँड्थे, केही वर्षमै कसरी यस्ता पहुँचवाला भए ? यसको जवाफ खोज्नु पर्छ अब। नेताहरूलाई २० लाखको भ्रष्टाचारको मुद्दा लगाएर जेल चलान गर्न सक्ने अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गैससतिर पनि आँखा लगाउन सक्नु पर्‍यो। गरिबको व्यापार गर्दै करोडौं कुम्ल्याइसक्दा पनि पानीमाथिको ओभानो बनेर आदर्शका कुरा छाँट्दै हिँडिरहेका गैससका मालिकहरूको पनि खोजी गरिनु पर्छ। सञ्चारमाध्यम र सञ्चारकर्मीलाई समेत खरिद गरेर गरिबको व्यापार गर्दै आएका गैससका सञ्चालकहरूलाई पनि नांगेझार पार्ने आँटको *मय*बाटै सुरुवात होस्, हार्दिक बधाई।

■ **संजय रेग्मी**
खार्पा, खोटाङ
हाल : सरस्वती कलेज, काठमाडौं

## स्तरीयता कायम रहोस्

*समय* राष्ट्रिय साप्ताहिकको १०० अंक समयमै हात लाग्यो। सबै सामग्री समयसापेक्ष पाएँ। सम्पादकीय र शून्य समय राम्रो लाग्यो। कथा 'सिडियो साहेबको डायरी' पनि निकै राम्रो लाग्यो। आगामी अंकमा पनि समयले यस्ता गहकिला सामग्रीसहित आफ्नो स्तरीयता बढाउँदै लगोस्। सय अङ्कका लागि बधाई छ !

■ **केवी प्रधान 'नौला'**
लिवाली, भक्तपुर

## नंग्याउने हिम्मत

*समय*को १०० अंक हेर्दा वर्तमान देशको समग्र चित्र देखियो। आर्थिक, सामाजिक, राजनीतिकदेखि गरिबको व्यापार गर्ने संस्थाहरूको चुरीफुरी र सोमत घिमिरेको लेख पनि पठनीय लाग्यो। आफू गैरसरकारी संस्थामा काम गर्दागर्दै पनि सोमतले नेपालका कथित 'कम्युनिष्ट' गैरसरकारी संस्था र तिनका मालिकहरूलाई नंग्याउने हिम्मत गरेका छन्। यिनीहरू नै हुन् जसका कारण अहिले नेपालको गरिबी बेच्ने प्रतिस्पर्धा नै चलेको छ। ज्योति देवकोटाले कर्णालीका बारेमा लेखेको रिपोर्टले पनि यही पुष्टि गरेको छ। उनले पनि कर्णालीका नवसामन्तहरूले कसरी कर्णालीका गरिबहरूको शोषण गरिरहेका छन् भन्ने प्रस्ट पारेका छन्। *समय*ले सय अंक पार गरेकोमा बधाई र आगामी दिनमा पनि यस्ता खोजमूलक र सान्दर्भिक समाचार लेखरचना निरन्तर दिँदै जाओस्।

■ **प्रेम तामाङ**
गजुरी, धादिङ

## शुभकामना !

*समय*ले १०० अंक पार गरेकामा बधाई छ। नेपाली पत्रकारितामा साँच्चिकै पत्रकारिताको नारा ल्याएर नौलो आयाम थपेको *समय*का लागि १ सय अंक पार गर्नु चुनौती थियो। त्यो पार गरेर नेपाली इतिहासमा नयाँ उचाइ थपेको छ। यो सही पत्रकारिताको नाममा उम्रिएका अन्य पत्रपत्रिकाहरूका लागि पनि चुनौती हो भन्ने हामी पाठकले ठानेका छौं। आउँदा अंकमा पनि साँच्चिकै पत्रकारिताको धर्मलाई निरन्तरता दिइरहोस्, यही नै हाम्रो शुभकामना।

■ **विनोद अधिकारी,**
**विश्व सिग्देल, प्रज्वल सापकोटा**
काठमाडौं

## धन्यवाद समय

*समय*को १०० अन्तर्गत दलित र जनजातिहरूको यथार्थ चित्र पढ्न पाउँदा *समय*लाई धन्यवाद नदिइरहन सक्दिनँ। जनजाति र दलितका नाममा निकालिने आवाज र उनीहरूको नाममा आउने पैसा कति सदुपयोग हुँदो रहेछ भन्ने कुराको यहाँको पत्रिकामा छापिएको तराईमा बेहाल भन्ने उपशीर्षकले नै सबै पर्दाफास गरेको अनुभूति भयो मलाई। मुलुकका लागि अर्थको मेरुदण्ड मानिने तराईका दलित र जनजातिको अवस्थाप्रति सबैको चासो हुन जरुरी छैन र ?

■ **रवि पुन**
रातोपुल, काठमाडौं

## मोडलिङको हालत

जोवन पोख्न आतुर (*समय*को वर्ष २, अंक १००) मा पोखराको मोडलिङ व्यवसायलाई समेटिएर लेखिएको लेख पठनीय लाग्यो। पोखराजस्तो फेसनमा अगाडि रहेको ठाउमा मोडलिङ व्यवसायको स्थिति नाजुक रहेको पढ्दा दुःख लागेको छ। फेरि नेपालमै उदार मानिने पोखरेलीहरूले अझसम्म यो व्यवसायलाई त्यति राम्रो रूपमा नहेरेको थाहा पाउँला झनै दुःख लागेको छ। लाहुरे समाजको बढी घनत्व भएको पोखरामै मोडलिङ व्यवसायको हालत यति नराम्रो छ भने नेपालको अरू ठाउँमा यसको स्थिति कस्तो होला ?

सोही अंकमा बेलायतबाट आएकी एलिना गुरुङको सफलताको लागि कामना गर्न चाहन्छु। उनले बेलायतमा पाएको सफलताका लागि बधाई दिन चाहन्छु। उनले अझै राम्रो काम गरून्। नेपाल र नेपालीको नाम उचो राखून्। उनको बेलायती सिनेमामा खेल्ने सपना पूरा होस् भन्ने कामना गर्दछु।

■ **वसन्त गुरुङ**
नयाँ बानेश्वर, काठमाडौं



**समयको ग्राहक बन्नुपरेमा वा पत्रिका नआएमा सम्पर्क गर्नुहोस्। फोनः ४४४३८८८/२११२०९४**



# खडेरीले मकैबाली प्रभावित

**असोजदेखि झापामा** पानी परेको छैन, कृषकहरूले लगाएका मकैबाली खडेरीकै कारण बोटैमा सुक्न थालेका छन् । जिल्लाको दोस्रो अन्नबाली मानिएको मकैखेती यसरी खडेरीको चपेटामा परेपछि झापाका अधिकांश कृषक पुर्पुरोमा हात लगाउन विवश छन् । उत्पादन घट्ने भयले चिन्तित बनेका उनीहरू समयमा सिँचाइ उपलब्ध नगराउँदा सरकारसँग पनि उत्तिकै रुष्ट देखिन्छन् ।

'गत वर्ष प्रतिहेक्टर २ दशमलव ४ मेट्रिक टनले उत्पादन वृद्धि भएको मकै यस वर्ष मौसमका कारण घट्ने प्रायः निश्चित छ', झापा जिल्ला कृषि विकास कार्यालयका प्रमुख शंकरलाल शाक्य भन्छन् । कार्यालयले उपलब्ध गराएको जानकारीअनुसार गत वर्ष १४ हजार १ सय ४४ हेक्टरमा लगाइएको मकै यस वर्ष १८ हजार हेक्टरमा लगाइएको छ । झापामा सानाठूला गरी तीन दर्जन सिँचाइ आयोजना भए पनि त्यसको समुचित उपयोग नहुँदा कृषकहरू पीडित बन्दै आएका छन् । वर्षा नभएकै कारण आव ०६२/०६३ मा धानको उत्पादन ३० प्रतिशतले कमी आएको बताउने कृषी कार्यालयले मकैबालीबाट धानको नोक्सान पूर्ति हुने विश्वास राखेको थियो । 'तर, त्यो मौसमका कारण पूरा नहुने निश्चित छ', कार्यालयका एक कर्मचारीले भने । महँगो मल प्रयोग गरेर लगाइएको मकै डढेपछि पीडित कृषकहरू जिल्ला कृषि कार्यालयमा राहतका लागि धाउन थालेको कार्यालय प्रमुख शाक्य बताउँछन् ।

जिल्लाका अनारमनी, गरामनी, राजगढ, बाहुनडाँगी, बुधवारे, शान्तिनगर लगायतका दर्जनौं गाविसमा लगाइएको मकैबाली डढ्न थालेपछि कृषकहरूले मकै फाँडेर घाँसका रूपमा गाईवस्तुलाई खुवाउन थालेका छन् ।

अनारमनी कच्छुवारीका कृषक राजन खरेल भन्छन्, 'मकैबाली कामै नलाग्ने भएपछि काट्दै बस्तुभाउलाई घाँस खुवाउन थालेका छौं ।'

झापाका पैनी (खोलो), खोला सबै पानी नपरेपछि सुक्न थालेकाले यस्तो समस्या आएको हो ।

यसैबीच जिल्लामा खडेरीका कारण मकैबाली प्रभावित भएपछि क्षतिको विवरण संकलन गर्न जिल्ला कृषि विकास कार्यालयले प्राविधिकहरूलाई गाउँ-गाउँमा पठाएको छ ।

■ **मदन खरेल/झापा** (तस्वीर पनि)

# भट्टामा भविष्य पोल्दै बालबालिका



**झापामा आफन्तको** घरमा बस्दै आएकी १० वर्षीया रूपसना मालम स्थानीय बरुण इँटाभट्टामा काम गर्छिन् । कलमकापी बोकेर स्कुल जाने उमेरमा उनका हात माटो मुछ्ने र काँचो इँटा बोक्ने कार्यमा व्यस्त छन्, बाबु-आमाको एक दुई पैसा बढी कमाउने आकांक्षालाई मूर्तरूप दिन । तर, काँचो इँटा बोकेर भट्टामा पोल्न गएसँगै आफ्नो भविष्य पनि पोल्न विवश छिन् उनी ।

दस वर्षीया रूपसना मात्र होइन, झापामा बसोवास गर्ने थुप्रै आदिवासीका नाबालक छोराछोरी इँटाभट्टामा बाल मजदुरका रूपमा कार्यरत छन् । झापा घरेलु तथा साना उद्योग कार्यालयका अनुसार झापामा दर्ता भएका २६ मध्ये २३ इँटाभट्टा चालू अवस्थामा छन् । अधिकांशमा बालमजदूर काम गर्छन् ।

'ताप, धुवाँ, धुलो सहिनसक्नु हुन्छ । यस्तो कठिन श्रममा कलिला बालबालिकाको प्रयोग हुनु बालशोषण हो', इन्सेकका झापा प्रतिनिधि अर्जुन बस्नेत भन्छन् । सरकारले १४ वर्षमुनिका बालबालिकालाई श्रमिकका रुपमा प्रयोग गर्न नपाइने भने पनि त्यो व्यवहारमा लागू छैन । बालश्रमको शोषण गरेलगत्तै सरोकारवालालाई कानुनी कारबाही गर्ने कार्य सम्बन्धित पक्षले नगर्दा बालमजदुरको संख्या बढेको देखिन्छ । सशस्त्र द्वन्द्वका कारण विस्थापित बालबालिकासमेत इँटाभट्टामा काम गर्ने तर सरोकारवाला संघ-संस्थाले विशेष क्षेत्रमा मात्र काम गर्ने हुँदा यी क्षेत्रमा अनुगमनको खाँचो भएको हुखेडका कार्यक्रम संजोयक नारायण पराजुली बताउँछन् ।

चारपानेस्थित श्रीराम इँटाभट्टाका प्रोप्राइटर फणीन्द्र तिम्सिना भने आफ्नो भट्टामा बालबालिका प्रयोग नगरिएको दाबी गर्छन् । उनका अनुसार बालबालिका बाबुआमासँग आए पनि उनीहरूलाई इँटा बोक्न दिइँदैन । तिम्सिनाले दाबी गरे पनि उनको भट्टामा बाल मजदुरले काम गरिरहेको पाइएको थियो ।

■ **मदन खरेल/झापा** (तस्वीर पनि)

# बढ्यो चामलको आयात

**अन्तर्राष्ट्रिय गैरसरकारी** संस्था, एक्सन एडले नेपालमा केही वर्षदेखि धानचामल आयात ह्वात्त बढेको एक अनुसन्धानात्मक प्रतिवेदन सार्वजनिक गरेको छ । भास्वर शर्माले दुई वर्ष लगाएर गरेको अध्ययन प्रतिवेदनमा चामल आयातका तथ्यांक र त्यसले नेपाललाई पार्ने प्रभावबारे विश्लेषण गरिएको छ । नेपाल डब्लुटिओमा प्रवेश गरिसकेको सन्दर्भमा वर्तमान आयात प्रवृत्तिका बारेमा गम्भीर भएर सोच्न र नीति निर्माण गर्न प्रतिवेदनमा औंल्याइएको छ ।

नेपालजस्तो कृषिप्रधान मुलुकमा आयात बढ्दा त्यसबाट स-साना किसान र नेपालको धान चामल उद्यममा असर पर्ने प्रतिवेदनमा उल्लेख छ । तर, चैत २१ मा प्रतिवेदन सार्वजनिक गर्दै राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. शंकर शर्माले आयात बढे पनि नेपालको कृषि अर्थतन्त्रमा नकारात्मक असर नपरेको दाबी गरे ।

उता कार्यक्रममा एक्सन एडका कन्ट्री डाइरेक्टर डा. शिवेशचन्द्र रेग्मीले आयात बढ्दै गएको अवस्थामा नेपालका साना किसानले आफ्नो उत्पादनको मूल्य नपाएर खेती गर्न छोडिदिने खतरा औंल्याँदै त्यस्तो अवस्थामा खेतमा मजदुरी गर्ने विपन्न वर्ग प्रभावित हुने चर्चा गरे ।

आयात नियन्त्रण गर्ने नीतिगत विकल्पका घोत्लिरहनुभन्दा नेपालको कृषि उत्पादकत्व बढाउने, कृषिमा विविधीकरण गर्ने र कृषि उत्पादनलाई प्रतिस्पर्धी बजारमा खरो उत्रन सक्ने बनाउनु अहिलेको आवश्यकता हो । ■

# पुस्तकालय बन्दको बन्दै



**चिठीपत्र र डकुमेन्टहरू** टेबुलमा लथालिंग छन् । महँगा र दुर्लभ किताबहरू दराजमा थन्किएका छन् । पुस्तकालय सञ्चालनका लागि देशविदेशबाट कथा, कविता, उपन्यास, जीवनी र राम्रा-राम्रा पत्र-पत्रिका आउने क्रम जारी छ, तर प्राप्त डकुमेन्टहरू खोलिएका छैनन् । दिनहुँ पुस्तकप्रेमी युवायुवतीहरू अध्ययनका लागि पुस्तकाललय धाउँछन्, तर गत दुई वर्षदेखि हल्लैहल्लामा नेपालगन्जको सामुदायिक सम्बन्धन केन्द्रको पुस्तकालय बन्दको बन्दै छ ।

नेपालगन्ज उद्योग व्यापार संघ र साथी संस्थाको पहलमा अमेरिकी सूचना केन्द्रको सहयोगमा नेपालगन्जमा २०६० साल फागुनमा खुलेको पुस्तकालय राम्रोसँग सञ्चालनमा आएको एक महिना पनि बित्न नपाउँदै माओवादीद्वारा बन्द गर्ने धम्की आयो भनेर बन्द गरिएको थियो । 'पुस्तकालय खुलेर भर्खर कसरी व्यवस्थित गर्ने भन्ने प्रक्रियामा रहेकै बेला बोर्डका केही सदस्यहरूले पुस्तकालय बन्द गर्नु भने', नेपालगन्ज व्यापार संघका अधिकृत ज्योति पौडेलले भने, 'त्यसपछि बन्द भएको पुस्तकालय अहिलेसम्म खुल्न सकेको छैन ।'

पुस्तकालय बन्द गर्न धम्की दिएका माओवादीले दुई वर्ष बितिसक्दा पनि पुस्तकालय बन्द गर्नुको कुनै कारण खुलाएका छैनन् । काठमाडौंमा रहेको अमेरिकी सूचना केन्द्रले नेपालगन्जबाहेक राजधानीबाहिर भैरहवा, विराटनगर, पोखरा जस्ता स्थानमा पनि पुस्तकालयको लागि किताब, कम्प्युटर र टेलिभिजन सेटसहित दुर्लभ क्यासेट उपलब्ध गराएको छ ।

नेपालगन्जको पुस्तकालयमा पनि अमेरिकी सूचना केन्द्रले प्रथम चरणमा २५ लाख रुपैयाँबराबरका किताबहरू, कम्प्युटर, टेलिभिजन र विभिन्न क्यासेटहरू उपलब्ध गराइसकेको छ, दुई वर्षअघि नै । किताबहरू उपलब्ध गराउने क्रम पछिल्ला वर्षहरूमा विस्तारै बढाउँदै लैजाने योजना थियो ।

पुस्तकालय सञ्चालन भएको भए, यति खेर बरालिएर हिँड्ने युवतीयुवतीहरूमा पढ्नु पर्छ भन्ने सोच आइसक्ने अनुमान स्थानीय बासिन्दाहरू लगाइरहेका छन् । पुस्तकप्रेमीहरूको लागि त यो पुस्तकालय ज्ञानको भण्डार हुने नै थियो । प्रयोगविहीन भएकै कारण पुस्तकालयका पुस्तकहरू ल्याएको दुई वर्ष बितिसक्दा पनि दुरुस्त छन् । 'प्रजातन्त्र, शान्ति र समृद्धिका लागि सूचना' भन्ने मान्यताका साथ स्थापित पुस्तकालयमा रहेका पुस्तकहरूबाट न यति खेर सर्वसाधारणले प्रजातन्त्रको बारेमा जान्न पाएका छन्, न शान्ति र समृद्धिबारे ।

अमेरिकालगायत विश्वका विभिन्न मुलुकहरूको शिक्षा, स्वास्थ्य, कानुन, उद्योग, व्यवसाय, राजनीति, विज्ञान प्रविधिलगायत विविध क्षेत्रको जानकारी दिने पुस्तकहरू बन्द कोठामा थुनिएका छन् ।

साथै पुस्तकालयमा विभिन्न देशमा चलिरहेका गृहयुद्ध, भोकमरीलगायत विविध खाले श्रव्यदृश्यका सामान पनि त्यत्तिकै थन्किएका छन् ।

'माओवादीले धम्की दिएका कारण बन्द गरिएको भन्ने हल्लाबारे अहिले पनि धेरै मान्छे अनभिज्ञ छन्', व्यापार संघका एक पदाधिकारी भन्छन्, 'धमिलो पानीमा माछा मार्न खोज्नेहरूले माओवादीको नाममा हल्ला चलाए पनि अस्तव्यस्त हुने हरेक गतिविधिमध्ये पुस्तकालय पनि परेनन् होला भन्न सकिन्न ?'

■ **रुद्र खड्का/नेपालगन्ज** (तस्वीर पनि)





## आवश्यकता

**रेडियो सगरमाथाका लागि एकजना रिसेप्सनिस्टको आवश्यकता परेकोले आफ्नो बायोडाटा र एकप्रति फोटो सहित २०६३ वैशाख ४ गतेसम्म स्टेसनमा आवेदन दिनुहुन आह्वान गरिन्छ ।**

**महिलालाई विशेष प्राथमिकता दिइनेछ ।**

सम्पर्क ठेगाना :
**रेडियो सगरमाथा**
बखुन्डोल, ललितपुर
पोष्ट बक्स नं. ६९५८ काठमाडौं ।
(टेलिफोनबाट सोधपुछ स्वीकार्य हुनेछैन)



▲ उपचार गरेर अमेरिकाबाट फर्कनुअघि डाक्टरहरूद्वारा प्रदान गरिएको उपहार ग्रहण गर्दै लोग्ने हुकुमका साथ विमला

# मिल्यो नयाँ जीवन

**मृत्युको मुखमा** पुगेकी प्यूठान लिप्जाकी विमला पुनले फेरि यो संसारमा अन्य मान्छेजस्तै भएर बाँच्छु भन्ने सम्भवत: सोचेकी पनि थिइनन् । तर, जीवनदाता पाएपछि उनी पहिलेको जस्तै जीवन जिउन सक्ने मात्रै भएकी छैनन्, अशिक्षा र अचेतनाका कारण दूरदराज बस्तीमा जरा गाडेर बसेको भाग्यवादको मनोरोगलाई एक धक्का दिन समेत सफल भएकी छन् ।

गत असार २० गते स्वर्गद्वारी-३ लिप्जा प्यूठानकी १७ वर्षीया विमला पुनलाई सुत्केरी व्यथाले च्याप्यो । व्यथाले च्याप्दै जाँदा उनका परिवार धामी झाँक्रीतिर लागे, तर अस्पताल लैजानुपर्छ भन्ने सोचेनन् । त्यो गरिब बस्तीमा सामुदायिक स्वास्थ्य कार्यक्रम सञ्चालन गरिरहेका शशि भण्डारी त्यस घरमा पुग्दा धामी फर्किसकेको थियो । तर, परिवारका सदस्यहरू अस्पताल लैजान नहुने कुरामा जिकिर गर्दै थिए ।' परिवारका सदस्यहरूले नमान्दा नमान्दै भण्डारी स्वर्गद्वारी पुगेर फोन गरी एम्बुलेन्स बोलाउन सफल भए । रोल्पाको भिङ्ग्रीसम्म एम्बुलेन्स पुगेपछि भण्डारीले नै जोरजुलुम गरेर विमलालाई एम्बुलेन्ससम्म लैजान लगाए । 'धेरै खर्च लाग्छ रे भनेर पहिले त लैजान मानेकै थिएनन् मसँग भएको ६ हजार रुपैयाँ दिएपछि भने लैजान सहमत भए', भण्डारी भन्छन्, 'भिङ्ग्री लगेपछि पनि एम्बुलेन्सबाट बाहिर चाहिँ लगेनन्, त्यहाँकी एक सुडेनीको सहायताले मृत बच्चा फालेर ज्यान बच्यो ।' त्यति बेला विमला बाँच्नलाई त बाँचिन् तर उनी भिभिएफ (लगातार पिसाब बगिरहने अवस्था)बाट ग्रसित भइन् ।

भण्डारी भन्छन्, 'भिङ्ग्रीबाट फर्केपछि विमला झन् गम्भीर बन्न पुगिन्, उनको पीडा देखेर मलाई संवेदनशील बनायो र म उनको उपचारको खोजीमा लागेँ ।' महेन्द्र अस्पताल घोराहीमा ल्याएर जचाउँदा भिभिएफ भएको पक्का भएपछि अन्य स्रोतको खोजीमा आफू लागेको बताउँछन् भण्डारी । 'विमलालाई उपचार जाँच गराई घर पठाए पछि म अमेरिका गएँ, त्यहाँ मैले चिनेजानेका डाक्टरहरूलाई अनुरोध गरेँ र उनीहरूले पनि उपचार गर्ने इच्छा व्यक्त गरेपछि विमला र उनको लोग्ने हुकुमलाई अमेरिका लगेर उपचार गराए ।'

अमेरिकामा उपचारको व्यवस्था मिलाए पनि अशिक्षित विमलालाई अमेरिका पुऱ्याउने काम कम चुनौतीपूर्ण थिएन भण्डारीका लागि । तैपनि, सम्पर्कमा रहे भए जतिका सबै साथीभाइलाई परिचालन गरेर विमला र हुकुमलाई अमेरिका लैजान सफल भएँ', उनी भन्छन् । सामान्य यताउता गर्दा लाग्ने खर्चदेखि पासपोर्ट बनाउनेलगायतका सबै खर्च आफैंले पठाइदिएको बताउँछन् भण्डारी ।

अमेरिका पुऱ्याएपछि डा. विलियम हारपर र डा. चिकले नि:शुल्क उपचार गरिदिएको उल्लेख गर्दै भण्डारी भन्छन्, 'डा. विलियमले त विमलाको प्लेन टिकट काटिदिएको बताए । त्यहाँ उपचार गर्ने डक्टर र हस्पिटलदेखि बस्ने ठाउँसमेत नि:शुल्क मिलाएको बताउँछन् उनी । तीन दिनको अस्पताल उपचार र तीन साताको अमेरिका बसाइँपछि विमला र हुकुम भर्खरै घर फर्केका छन् । विमलाको उपचारपछि सहयोगी भण्डारी पनि नेपाल फर्केका छन् ।

अमेरिकामा रहेका आफ्ना साथीभाइको सहयोगमा प्यूठानको लिप्जामा सामुदायिक स्वास्थ्य कार्यक्रम सञ्चालन गरिरहेको बताउने भण्डारी विमलाको पीडा देखेर नै सहयोगमा जुटेको बताउँछन् । 'विमला सुत्केरी व्यथाको पीडामा छटपटाइरहको देखेर मलाई निकै भावुक बनायो, उनीलाई जसरी पनि बचाउनुपर्छ भन्ने सोचेँ र त्यो काममा सफल पनि भएँ ।' सानै उमेरमा विवाह गरेर बच्चा जन्माउन नसकी मृत्युको मुखमा पुगेकी विमलाको जीवन बचाउन पाउँदा खुसी लागेको भण्डारी बताउम्छन् ।'

■ **नरेन्द्र केसी/दाङ** (तस्वीर पनि)


## मकालु यातायातको बस सेवा

**कलङ्कीबाट छुट्ने : मुख्य कार्यालय, फोन नं. ४२७७५५२, ४२८१९७२, ४२८७३०६**

### काठमाडौंबाट जाने

| | | | |
|---|---|---|---|
| काकडभिट्टा | बिहान ५.०० बजे | पोखरा | बिहान ७.३० बजे |
| भद्रपुर | बिहान ५.१० बजे | वीरगञ्ज रात्रि | बेलुकी ८.१५ बजे |
| मधुमल्ला | बिहान ५.२० बजे | कलैया | बिहान १०.१५ बजे |
| धरान | बिहान ६.०५ बजे | भरतपुर | बिहान ११.४५ र दिउँसो १२.१५ बजे |
| विराटनगर | बिहान ५.४५ बजे र ६ ४५ बजे | शिवनगर | दिउँसो १२.३० बजे |
| राजविराज | बिहान ६.०० बजे | टाँडी पर्सा | दिउँसो १.०० बजे |
| सिरहा/माडर | बिहान ६.१५ बजे | टाँडी-खोलेसिमल | दिउँसो १.४५ बजे |
| मलङ्वा | बिहान ६.३५ बजे | पर्सा-कपिया | दिउँसो २.२० बजे |
| जनकपुर | बिहान ७.२० बजे | पर्साढाप-मेघौली | दिउँसो ४.४५ बजे |
| गौर | बिहान ६.५५ बजे | गीतानगर-जगतपुर | दिउँसो ४.१५ बजे |
| वीरगञ्ज | बिहान ७.०५, १०.१५ र ११.०० बजे | वरथवा | बिहान ७.४० बजे |

### काठमाडौंमा टिकट पाइने स्थानहरू

| कलङ्की | सुन्धारा | गौशाला | लगनखेल |
|---|---|---|---|
| २७३९१२/२८१७०४ | २५३१४२ | ४९३७५७/४९७१३७ | ५५२१६६६ |

### काठमाडौंतर्फ आउने

| | | | |
|---|---|---|---|
| काकडभिट्टाबाट | बिहान ५.०० बजे | वीरगञ्जबाट | बेलुका ८.३० बजे |
| भद्रपुरबाट | बिहान ४.५० बजे | कलैयाबाट | बिहान ८.०० बजे |
| मधुमल्लाबाट | बिहान ४.५० बजे | भरतपुरबाट | बिहान ५.३० बजे |
| धरानबाट | बिहान ४.२० बजे | पर्साबाट | बिहान ५.४५ बजे |
| इटहरीबाट | बिहान ५.००, ५.२०, ६.३० र ७.०० बजे | खोलेसिमलबाट | बिहान १०.३० बजे |
| विराटनगरबाट | बिहान ४.३० बजे | पर्सा-कपियाबाट | बिहान ६.३० बजे |
| राजविराजबाट | बिहान ५.३० बजे | मेघौलीबाट | बिहान ८.४५ बजे |
| सिरहा/माडरबाट | बिहान ५.१५ बजे | जगतपुरबाट | बिहान ८.१५ बजे |
| लहानबाट | बिहान ६.१५, ७.००, ७.१५ र ९.०० बजे | वीरगन्ज रात्रि | बिहान ६.४५ बजे |
| मलङ्वाबाट | बिहान ५.१५ बजे | नारायणगढबाट | बिहान ६.१५, ६.४५, ७.००, ७.४०, ८.००, ८.१५, ८.४५ र दिउँसो ३.०० बजे |
| जनकपुरबाट | बिहान ८.१५ बजे | | |
| गौरबाट | बिहान ५.३० बजे | पार्वतीपुरबाट | दिउँसो १२.०० बजे |
| वीरगञ्जबाट | बिहान ९.००, ११.०० र ११.३० बजे | | |

अन्य स्थानहरू : काँकडभिट्टा र भद्रपुरमा मेची संघको काउन्टर, धरानमा बसपार्क (०२५)२०३७२, विराटनगरबाट बसपार्क नजिकै (०२१) ३०७२७, इटहरीमा पश्चिमचोक, राजविराजमा (०३१) २००९, लाहानमा (०३३) ६०३६६, सिराहामा (०३३) २०२३३, सिराहा/माडरमा (०३३) २०१३१, जनकपुरमा भानुचोक र रामानन्द चोक, मलङ्वामा (०४६) २००४२, वीरगन्जमा (०५१) २१५२६, हेटौंडामा भानुचोकमा (०५७) २०५३५, नारायणगढमा पुल्चोक बसपार्क (०५६) २४२०८ ।

*यात्रुहरूको सुविधाका लागि गौशाला र सुन्धाराबाट नि:शुल्क मिनिबस सेवा उपलब्ध गराइएको छ ।*

# कहिले पाइने हो पानी खान ?

**मुलुकका अधिकांश** भागहरूमा व्याप्त खानेपानी समस्याबाट गोरखा जिल्ला सदरमुकाम पनि अछुतो छैन । गोरखा बजारमा बसोवासको क्रम दिनानुदिन बढ्दो छ । सुख्खायामको सुरुवातसँगै खडेरीका कारण पानीका मुहान सुक्न थालेका छन् । नजिकै पानीको स्रोत नभएको र नगण्य संख्यामा रहेका ढुंगेधारासहित सार्वजनिक धारामा पानी सुक्न थालेपछि गोरखा बजारवासी खानेपानीको अभावले काकाकुल बनेका छन् ।

लगभग दुई हजार घरधुरी रहेको सदरमुकाममा खानेपानीका लागि केही ढुंगेधारासहित एक दर्जन सार्वजनिक धारा मात्र छन् । यसबाहेक उपभोक्ताका लागि अर्को विकल्प छैन । कर्णेखोला खानेपानी योजना बन्न त बनेको छ तर त्यो योजनाबाट दुई सय ९४ घरधुरी मात्र लाभान्वित छन् । सदरमुकाम क्षेत्रको खानेपानी समस्या ध्यानमा राखी गत वर्षदेखि बनाउन थालिएको साना सहरी खानेपानी योजना निर्माण पूरा भएको छैन् । पम्पिङ प्रविधिबाट खानेपानी वितरण गरिने यो योजना निर्माण पूरापछि नौ सय १२ घरधुरी लाभान्वित हुने पृथ्वीनारायण नगरपालिका साना सहरी खानेपानी आयोजनाका अध्यक्ष बद्री मास्के बताउँछन् ।



▲ गोरखा सदरमुकाममा धारामा गाग्री राखेर पालो पर्खिरहेका मानिसहरू

सामान्यतया प्रतिव्यक्ति दैनिक ९० लिटर पानी आवश्यक हुन्छ तर गोरखा सदरमुकामको खानेपानीको उपलब्धता प्रतिव्यक्ति २० लिटर पनि छैन ।

गोरखा बजारस्थित होटल रमाइलोका संचालक झम्कनाथ बगाले भन्छन्, 'बिहान ४ बजेदेखि नै घन्टौं पालो पर्खेर पानी भर्नु पर्छ । अहिले सबैतिरका धारामा पानी सुक्न थालेपछि दिनभरि नै पानीका लागि खट्नु पर्ने भएकाले व्यापारमा समेत असर परेको छ ।'

यो पीडा होटल व्यवसायी बगालेको मात्र नभई अहिले सबै सदरमुकामवासीको साझा पीडा हो । गोरखा धारापानीमा डेरा गरी बस्ने गोरखा क्याम्पसकी छात्रा शोभा पोखरेल परीक्षाका बेलासमेत बिहानबेलुकाको पढ्ने समय पानीका लागि खर्चिनु परेको बाध्यता सुनाउँछिन् ।

■ **भीमलाल श्रेष्ठ/गोरखा** (तस्वीर पनि)



▼ बोर्ड मात्र हो यो, कार्यालय त नेपालगन्जतिरै छ




तस्वीरहरू : ज्योति देवकोटा

# राजाले भने, कसैले सुनेनन्

**गत वर्ष कात्तिकमा** मध्यपश्चिमाञ्चल भ्रमणमा निस्केका बेला राजा ज्ञानेन्द्रले नेपालगन्जमा रहेका सम्पूर्ण क्षेत्रीय कार्यालय सुर्खेत सार्न आदेश दिएका थिए। तर, अहिले एक वर्ष कटिसक्दा पनि सरुवामा परेका ५२ वटा कार्यालयका बोर्डसम्म सुर्खेत पुगेका छैनन्।

मध्यपश्चिमका जनताको मन जित्न चालिएको राजाको हुकुमलाई कर्मचारीले पूरै असफल पारिदिएपछि अहिले क्षेत्रीय प्रशासक मृगेन्द्रकुमारसिंह यादवलाई कार्यालय सार्ने काम फलामका चिउरा बराबर भएको छ।

राजाको आदेशसँगै झन्डै पाँच दर्जन कार्यालय गत वैशाखसम्म सुर्खेत सारिसक्नु पर्ने थियो। राजाले भनेको समयमा कार्यालय सार्न नसकिएका कारण यादवले राजासँग कात्तिक १२ गतेसम्मका लागि समय मागेका थिए। मागेको समयसम्म पनि कार्यालय सर्ने कुनै छाँट नदेखिएपछि क्षेत्रीय प्रशासक मात्र होइन, राजासमेत हास्यपात्र बनेका छन् सुर्खेतमा।

परीक्षा नियन्त्रणको बोर्डमात्र टाँगिएको खाली कार्यालय रुँगेर बसेका एकजना पियन भन्छन्, 'क्षेत्रीय प्रशासक सुर्खेतमा बसेका कारण उनको डरले अहिले मुस्किलले एक दर्जन कार्यालयमा बोर्डमात्र टाँगेर कागजात संकलन गर्दै नेपालगन्ज लगेर काम गर्ने गरिएको छ।' नापतौल नियन्त्रण कार्यालय अवस्था पनि यही हालतमा छ। दुईजना आएर भाडाको घर कुरेर बसेका छन् र काम सबै नेपालगन्जबाटै हुने गरेको छ। 'हाकिमहरू नै सुर्खेत आउन नमानेपछि यहाँ कागजात संकलन गर्दै नेपालगन्ज लगेर काम फत्ते गर्नु पर्ने अवस्था छ', नापतौल विभागका कर्मचारी भक्तनारायण अधिकारी भन्छन्।

कुनै पनि कार्यालय प्रमुखहरू सुर्खेत जान नमानेपछि क्षेत्रीय प्रशासकले 'विभागीय कारबाही गर्ने चेतावनी समेत दिए। तर, अहिलेसम्म कार्यालयका सामान र बोर्डधरी आउन सकेका छैनन्। आएका कार्यालयको कामकारबाहीको गति पनि कछुवाको चालभन्दा मन्द छ। 'नेपालगन्जका कार्यालय सुर्खेत सार्न राजा फेरि एकचोटि आउनुपर्छ, अनि मात्र सम्भव हुन सक्छ', अधिकारी भन्छन्।

सारिएका कार्यालयको अवस्था देख्दा सुर्खेतका स्थानीयहरू मात्र वाक्क छैनन्, सरकारी कर्मचारीहरूलाई समेत राजाको यो आदेश घाँडो भएको छ। दबाबमा सारिएका केही कार्यालय फेरी नेपालगन्ज फर्केका छन्। गत पाँच साताअघि



मात्र सुर्खेतमा सारिएको क्षेत्रीय खेलकुद विकास समिति पुनः बाँके फर्केको छ । ट्रकव्यवसायीहरूले नेपालगन्जबाट सरकारी कार्यालयका सामान सुर्खेत नसार्ने बताएकाले पनि यो काम फत्ते गर्न क्षेत्रीय प्रशासकलाई हम्मे परेको छ ।

नेपालगन्जबाट बिहान माइक्रोबसमा सुर्खेत हाजिर गर्न आइपुगेका एक सरकारी कर्मचारी बताउँछन्, 'पूर्वाधारविना कार्यालयहरू यहाँ सार्दा राजाको बोलीको मान रहनु बाहेक सर्वसाधारणलाई केही फाइदा छैन ।'

त्यसैगरी अहिले क्षेत्रीय प्रशासकको चर्को दबाबले मध्यपश्चिमाञ्चल तालिम केन्द्र हटाएर सुर्खेतमा क्षेत्रीय अस्पताल राखिएको छ । तालिम दिनका लागि बनाइएको यो भवन विरामी राख्न उपयुक्त नभए पनि क्षेत्रीय प्रशासकको हठबाट जिल्ला अस्पताल रहेको ठाउँमा तालिम केन्द्रलाई ठाउँसारी गरिएको हो ।

तीनचोटि लगातार क्षेत्रीय प्रशासकबाट बोलावट आएपछि आजित मध्यपश्चिमाञ्चल तालिम केन्द्रका प्रमुख लक्ष्मीनारायण देव भन्छन्, 'जहाँ तोकिएको हो त्यही कार्यालय बस्नु राम्रो, तर पूर्वाधारै खडा नगरी यसरी हतारमा आफ्नो ढिपीलाई निरन्तरता दिनु हुँदैन भन्ने मान्यता हो हाम्रो । कमसेकम हाम्रो कार्यालय सर्ने वातावरण पनि त बन्नु पर्‍यो ।'

तर राजाले क्षेत्रीय अस्पताल संचालन गर्नका लागि भनेर तोकेको क्षेत्रीय तालिम केन्द्रमुन्तिरको २२ बिघा जमिन गौचरणमा परिणत भएको छ । उक्त जमिनमा बनाउने भनिएको क्षेत्रीय

क्षेत्रीय अस्पताल बनाउन छुट्याइएको जग्गा अहिले चरन बनेको छ ▼



अस्पतालका लागि अहिलेसम्म टेन्डर नै नखोलिएको स्थानीयहरू बताउँछन् ।

तत्कालीन अवस्थामा २५ हजार प्रतिकट्ठा सरकारबाट अधिग्रहण गरिएको २९ बिघा जग्गामध्ये ७ बिघामा एसओएस बालग्राम, क्षेत्रीय स्वास्थ्य तालिम केन्द्र र भेरी अंचल आयुर्वेद औषधालय रहेका छन् भने बाँकी जग्गा क्षेत्रीय अस्पतालको भवन निर्माणका लागि छुट्याइएको थियो । अस्पतालको लागि भनी छुट्याइएको जग्गामा हालसम्म पनि भवन निर्माणको कुनै काम सुरु हुन सकेको छैन ।

६ जना विशेषज्ञसहित २३ जना डाक्टर गरी ८० जना कर्मचारीको दरबन्दी राखिएको भए पनि पछिल्लो महिना सुरु भएको उक्त अस्पतालमा हाल चारजना डाक्टर मात्र रहेका छन् ।

सुर्खेतमा सार्ने भनिएका कतिपय कार्यालयले कोठासम्म पाउन सकेका छैनन् । क्षेत्रीय कार्यालय सुर्खेत सार्दा स्थानीयहरूको सदासयता पाउने राजाको मनसाय धुलोमा परिणत भएको छ अहिले, सुर्खेतकै स्थानीयहरूले समेत कार्यालय सार्ने काममा सक्रियता देखाउन छाडेपछि ।

■ **नवीन अर्याल, ज्योति देवकोटा/सुर्खेत**





▲ मिसन सदस्यहरूसँग छलफल गर्दै माओवादी समर्थक पत्रकार ओम शर्मा र मनऋषि धिताल



# प्रेस स्वतन्त्रतामा माओवादी प्रतिबद्धता

■ **पूर्ण बस्नेत**

'यो मिटिङ पहिल्यै तय भएको थियो ? पहिलो पटक सशस्त्र विद्रोही माओवादीलाई भेटेर फर्कंदै गरेका हाम्रो समूहका एकजना विदेशी सञ्चार अधिकारकर्मीले बाटोमा सोधे ।

पोखरा र पाल्पाका सञ्चारकर्मीहरूसँग भेटेर भैरहवा हुँदै काठमाडौं फर्किने हाम्रो कार्यतालिका एक दिन लम्बिएको थियो, माओवादी नेताहरूसँगको भेटघाटका कारण । पाल्पाबाट गाउँतिर मोडिने बेलामा नयाँ कार्यक्रमबारे छुट्टाछुट्टै ब्रिफिङ गर्दा समूहका सदस्यहरू उद्वेलित भएका थिए । दस वर्षदेखि हिंसात्मक आन्दोलनमार्फत नेपाली समाजमा उथलपुथल मचाइरहेका माओवादी नेताहरूसँग बदलिँदो परिवेशमा प्रत्यक्ष छलफल गर्न पाउने सूचनाले सञ्चारकर्मीहरूमा कौतुहल जाग्नु स्वभाविक थियो ।

काठमाडौंबाट पोखरातिर लाग्दा हाम्रो तालिकामा केही औपचारिक कार्यक्रम मात्रै थिए । माओवादीसँग भेट्ने एउटा सम्भावना थियो तर निश्चिन्त हुने अवस्था थिएन । सूचना आदान प्रदानका क्रममा हामीले आफ्नो कार्यक्रम एक दिन लम्ब्याउन सके माओवादीका केन्द्रीय नेताहरू अलि सुगम ठाउँमा आउन तयार भए । माथिल्लो स्तरका नेतासँग छलफल हुने र पैदल हिँड्नु नपर्ने भएपछि कार्यक्रम निश्चित गर्न सजिलो भयो ।

अघिल्लो माघ १९ को शाही कदमपछि स्थानीय पत्रकारहरूलाई अझै काम गर्न गाह्रो छ । सरकारबाट दैनिकजसो स्वतन्त्र सञ्चारमाध्यम र पत्रकारमाथि कारबाहीका धम्की आइरहेका छन् । यस्तो बेलामा सशस्त्र आन्दोलन सञ्चालन गर्दै आएको अर्को पक्षको दृष्टिकोण के होला भन्ने हाम्रो मुख्य चासो थियो । नेपालको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको स्थिति अनुगमन गर्न आएका अन्तर्राष्ट्रिय सञ्चार अधिकारकर्मीहरूका लागि माओवादी पक्षसँगको छलफल उत्तिकै महत्वपूर्ण थियो, प्रेस स्वतन्त्रताबारे उनीहरूका बदलिँदा धारणा बुझ्न र उनीहरूबाट भइरहेका ज्यादतीमाथि प्रश्न उठाउन ।

अघिल्लो दिन पोखरामा भएको छलफलमा विभिन्न जिल्लाबाट आएका पत्रकारहरूलाई मिसनका सदस्यहरूले माओवादी पक्षबाट भएका ज्यादतीका घटनाबारे भन्न पटक पटक आग्रह गरेका थिए । तर, त्यहाँ त्यस्तो घटना सुनिएन, जुन पछिल्ला महिना प्रेसमाथि माओवादी ज्यादतीमा कमी आएको एउटा संकेत थियो । राजनीतिक लक्ष्यको परिवर्तनसँगै माओवादीको प्रेस नीति बदलिँदै जानु स्वभाविक हो । तर, यो एउटा संक्रमण काल भएकाले माओवादीको बदलिँदो नीतिको परीक्षण उसको व्यवहारबाट हुँदै जानेछ ।

हामीले पाल्पाका पत्रकार भगवान भण्डारी र माधव अर्याललाई साथ लिएका थियौं । उनीहरू त्यही दिन माओवादीले आयोजना गरेको एउटा कार्यक्रम रद्द भएको सूचना पाएर हाम्रो भेटघाट प्रति निश्चिन्त थिएनन् । पछि थाहा भयो, हामीसँगको कार्यक्रम तय गर्न स्थानीय नागरिक प्रतिनिधि, दलका कार्यकर्ता र पत्रकारहरूसँगको भेटघाट रद्द गरिएको रहेछ ।

टोपबहादुर रायमाझी कि पम्फा भूषाल ? जिपको पछिल्तिर समूहका सदस्यबीच छलफल चलिरहेको थियो, कुन चाहिँ विद्रोही नेतालाई भेटिँदैछ र के कुरा होला भन्ने कौतुहलसाथ । तानसेनबाट अगाडि बढेको हाम्रो जिप ३३ किलोमिटर धुलेसडक पार गरेपछि झमक्क साँझमा एउटा गाउँमा पुगेर रोकियो । मैनबत्तीको मधुरो उज्यालोमा सैन्य पोसाकमा देखापरे माओवादीका केन्द्रीय सदस्यद्वय प्रभाकर र सुदर्शन तथा पश्चिम कमान्डका सैन्य प्रवक्ता रमेश । उनीहरू एउटा ठूलै सैन्य घेराबीच थिए ।

मिडिया मिसनसँगको भेटघाट भएकाले प्रेस स्वतन्त्रता र पत्रकारहरूको सुरक्षाप्रति छलफल केन्द्रित होस् भन्ने हाम्रो अपेक्षा पहिले नै राखिएको थियो । मेरो दिमागमा माओवादी सेनाका डेपुटी कमान्डर प्रभाकरको कडा सैन्य छवि नाचिरहेको थियो, यता उनीचाहिँ त्यसविपरीत लचिलो र व्यवहारिक रूपमा प्रस्तुत भए । 'हामी स्वतन्त्रताको पक्षमा हुँदैनथ्यौं भने अहिलेको (राजनीतिक) ध्रुवीकरण सम्भव थिएन । यो प्रेस स्वतन्त्रताको स्वीकारोक्ति मात्र नभएर जनताप्रतिको जिम्मेवारी पनि हो,' प्रभाकरले छलफलको सुरुदेखि नै प्रेस स्वतन्त्रतालाई राजनीतिक सन्दर्भसँग जोडेर व्याख्या गरे, 'हामी प्रेस स्वतन्त्रता र मानवअधिकारको नारामा मात्र सीमित हुन सक्दैनौं, सम्पूर्ण जनताको न्यायपूर्ण स्वतन्त्रता स्थापना गर्न चाहन्छौं ।'

त्यो छलफलमा पन्ध्रजना जति थियौं । त्यहाँ प्रेसलाई सम्मान गर्ने पार्टीको नीति व्यवहारमा लागू गरिएको दाबी गर्दै पाल्पा आक्रमणका कमान्डर प्रभाकरले पश्चिमाञ्चल एफएमको प्रसंग अगाडि सारे, 'आक्रमण सुरु गर्दा हामीलाई त्यहीँ एफएमको कार्यालय छ भन्ने थाहा थिएन, थाहा पाउनेबित्तिकै जनसेनालाई पछि हटायौं ।'

प्रभाकरको एकसरो कुरा सकिएपछि प्रश्न उत्तर र



▲ मिसन सदस्यहरूसँग छलफल गर्दै प्रभाकरसहित अन्य माओवादी नेताहरू

छलफलको क्रम अगाडि बढ्यो । सशस्त्र आन्दोलनको सैन्य केन्द्रमा रहेका विद्रोही नेतामाथि प्रश्नको ओइरो लाग्यो । केही नीतिगत र धेरै माओवादीबाट पत्रकारलाई हतोत्साही गरिएका घटनासम्बन्धी प्रश्न थिए । कैलालीको घोडाघोडी एफएम पुनः लुट्ने माओवादी धम्कीको प्रसंग उठाएपछि उनी अलि कडा देखिए । 'घोडाघोडी एफएमलाई हामीले कारबाही गर्नु पर्ने आवश्यकता छैन, तर त्यसमा बेसको संलग्नता रहनु हुँदैन भनेर हामीले भन्दै आएका हौं र त्यसमा दृढ छौं,' आफ्ना सहकर्मीतिर हेर्दै प्रभाकरले भने, 'अमेरिकी लगानी भएको एनजिओ बेसको संलग्नता तोडेर एफएम समुदायमा हस्तान्तरण गरी चलाए हामी केही गर्दैनौं ।' एफएमको लाइसेन्स हस्तान्तरण र आर्थिक लगानीको समस्या सम्झाउँदा प्रभाकरले त्यसबारे स्थानीय तहमा छलफल गरेर मात्रै जवाफ दिन सकिने बताए ।

माओवादी सैन्य कमान्डर र कमिसारसँग भएको तीन घन्टा लामो छलफल पत्रकारको सुरक्षा र अधिकारको विषयमा बढी केन्द्रित रह्यो । 'समाचार संकलन गरेको, लेखेको, फोटो खिचेको र प्रकाशन गरेको आधारमा हामी कसैलाई कारबाही गर्दैनौं,' प्रभाकरले यसमा अलि जोड दिँदै भने, 'विगतमा केही कमजोरी अवश्य भएका छन्, तर अब पत्रकारलाई लक्षित गरेर कुनै आक्रमण हुनेछैन ।'

पत्रकारलाई बन्देज लगाएर आन्दोलनको विकास हुन्छ भन्ने आफ्नो पार्टीले कहिल्यै नसोचेको उल्लेख गरे । तर, २०५५ यता पत्रकारमाथि माओवादी ज्यादती बढ्दै गएको पाइन्छ । ज्ञानेन्द्र खड्का, नवराज शर्मा, धनबहादुर मगर, डेकेन्द्र थापाहरूलाई माओवादीले निसाना बनाए । डेकेन्द्रपछि हत्याको क्रम रोकिए पनि धम्की, अपहरण, यातना, छेकथुन, विस्थापनका घटना जारी छन् । सात दलसँग गत मंसिरमा राजनीतिक समझदारी गरेपछि भने माओवादीको व्यवहारमा निकै सुधार आएको महसुस स्थानीय पत्रकारहरूले गरेका छन् ।

'माओवादी कार्यकर्ताहरूको व्यवहारमा साँच्चै सुधार आएको हो ?' जवाफमा प्रभाकरले भने, 'तपाईंहरूले हाम्रो व्यवहारमा भएका गल्ती औंल्याइदिँदा हामीले सुधार गर्ने मौका पाएका छौं, तर प्रेस स्वतन्त्रताबारे हाम्रो दृष्टिकोण पहिलेदेखि नै स्पष्ट थियो ।'

पत्रकारहरूलाई माओवादीले प्रभावित क्षेत्रमा स्वतन्त्र घुमफिर गर्न र समाचार संकलन गर्न अवरोध पुऱ्याएका घटना पटक पटक दोहोरिएका छन् । इलाम र पाँचथरको सीमा राँकेको सडकमा गाडी रोकेर चन्दा उठाइरहेका माओवादी कार्यकर्ताको फोटो खिच्न लाग्दा नेपाल पत्रकार महासंघ पाँचथरका सभापति लवदेव ढुंगानालाई चैत १८ गते डेढ घन्टा नियन्त्रणमा लिएर धम्की दिइएको घटना यसको पछिल्लो उदाहरण हो ।

तर, प्रभाकरको आफ्नै जिकीर छ, 'युद्धको समयमा पार्टीका आन्तरिक कार्यक्रम र सुरक्षा रणनीतिका संवेदनशील कुरामा सतर्कता अपनाउनु पर्ने पक्ष बेग्लै हो, नत्र पत्रकारलाई स्वतन्त्र हिँडडुल गर्न कुनै अवरोध छैन ।' उनले कतिपय पत्रकारहरूले समाचार संकलन गरेर फर्किएपछि 'माओवादीले कब्जा गऱ्यो भनेर प्रोपोगान्डा मचाउने गरेको' दाबी पनि गरे ।

पोहोर साल माओवादी अपहरणमा परेका आँखा साप्ताहिकका संवाददाता सोम शर्मा र घरमै नजरबन्दमा राखिएका रेडियो नेपालका संवाददाता उमेश गुरुङलाई मुक्त गर्ने सन्दर्भमा छलफल हुँदा इलामका एकजना माओवादी नेताले 'कतिपय पत्रकारलाई प्रोपोगान्डाका लागि पनि अपहरण गरिने र त्यो पूरा भएपछि मुक्त गरिने' रहस्य खोलेका थिए । उमेश गुरुङलाई नजरबन्दमा राखिएको समाचार बिबिसी नेपाली सेवामा किन आएन भनेर छुटाउन गएका पत्रकारहरूसँग स्थानीय कार्यकर्ताले प्रश्न गरेपछि त्यो घटना प्रोपोगन्डाकै लागि रचिएको थियो भन्ने भान परेको थियो ।

'यस्तो प्रोपोगान्डा माओवादी युद्ध रणनीतिभित्र पर्छ ?' 'त्यस्तो गर्न मिल्दैन, स्थानीय कार्यकर्ताबाट गल्ती भएको हो,' माओवादी जनसेनाका डेपुटी कमान्डर प्रभाकरले भने, 'हामीले क्षमा मागेका छौं र सुधार गर्दै आएका छौं ।'

हाम्रा सबै प्रश्नको जवाफ प्रभाकर एक्लै दिइरहेका थिए । सुदर्शन बेला बेलामा प्रभाकरका भनाइलाई अंग्रेजीमा अनुवाद गरी हाम्रा विदेशी मित्रलाई सघाउँथे । रमेश कोइराला र जनादेशका सम्पादक ओम शर्मा पूरै मौन बसे । मनऋषि धितालचाहिँ छलफलको दृश्यलाई भिडियो क्यामेरामा खिच्दै थिए ।

प्रेससँग सम्बन्धित भेटघाट भएकाले त्यहाँ राजनीतिक विषयमा त्यति बहस हुन पाएन । छलफलको बिट मार्दै हामीले प्रेस स्वतन्त्रताप्रति माओवादीको प्रतिबद्धता सकारात्मक विकासक्रम हो, तर त्यसलाई दिन दिनैको व्यवहारमा जाँचिनेछ भन्यौं । प्रभाकरले फेरि पनि आश्वस्त तुल्याउन खोजे, 'पत्रकारको कलम र क्यामेरा बन्द गराएर स्वतन्त्रता प्राप्त हुँदैन भन्ने कुरा हामीले बुझेका छौं ।'

हामीसँग छुट्नेबित्तिकै माओवादीका यी नेताहरू सशस्त्र सुरक्षा घेरामा सायद आफ्नो सेल्टरतिर लागे । सशस्त्र विद्रोहमा 'युद्ध संवाददाता' बन्दै आएका ओम शर्मा र मनऋषि धिताल भोलिपल्ट बिहानसम्म हामीसँगै थिए ।

'अन्तर्राष्ट्रिय मिडिया मिसन आएर माओवादीसँग भेट्ने, हामी राज्यद्वारा विस्थापित पत्रकारसँगचाहिँ छलफल नगर्ने ?' अर्कोदिन बिहान ओमले पहिलेदेखिको ठट्यौलो शैलीमा प्रश्न राखे ।

'तपाईंहरू एउटा मिसनमा हिँड्नु भएको छ, पत्रकारिताको मूल प्रवाहभन्दा छुट्टै,' रिपोर्टर विदाउट बोर्डरका भिनसेन्टले मनऋषिको हातमा एउटा रिपोर्टर गाइड बुक दिँदै माओवादी समर्थक पत्रकारबारे आफ्नो मत अगाडि सारे । मनऋषि र भिनसेन्टको बीचमा भेट भएदेखि नै युद्ध पत्रकारबारे बहस चलिरहेको थियो । पत्रकारले हिंसालाई समर्थन गर्न मिल्दैन भन्ने कुरामा भिनसेन्टले अन्तिमसम्म पनि अडान लिइरहे ।

'पत्रकारिताबाट प्रजातान्त्रिक आन्दोलनलाई सघाउनु हाम्रो अहिलेको बाध्यता हो । त्यसो गर्दा राज्यले हामीलाई दर्ता भएको पत्रिका चलाउन दिएन र विस्थापित हुन बाध्य पाऱ्यो,' जनादेशका सम्पादक ओम शर्माले राजनीतिक सन्दर्भ उल्लेख गर्दै भने, 'हामी अहिले गाउँमा बसेर मिसन पत्रकारिता गरिरहेका छौं, प्रजातन्त्र पुनःस्थापना भएपछि पुनः मूलप्रवाहमा फर्किनेछौं ।' ओम र मनऋषिले 'राज्यबाट भूमिगत हुन बाध्य पत्रकारहरूका तर्फबाट' मिडिया मिसनलाई 'प्रेस स्वतन्त्रताका लागि हाम्रो अपिल' शीर्षकको ६ पेज लामो हस्तलिखित पत्र दिएर बिदा गरे । ■



लागूऔषध दुर्व्यसनी पुरुषका लागि मुलुकभर कयौं पुन:स्थापना केन्द्र भए पनि महिलाका लागि साह्रै कम छन्, भएका केही पनि काठमाडौंमा मात्र । चाहेर पनि कुलतमुक्त हुन नपाएपछि हुँदैन त गाह्रो ?

# कुलतमुक्त हुन पनि गाह्रो !

■ मनीष गौतम/काठमाडौं
ओमआस्था राई/धरान

**लाहुरे परिवारमा** जन्मिएकी नीताले १७ वर्षदेखि नै लागूऔषध सेवन गर्न थालिन्। ब्रिटिस गोर्खा सैनिक सेवाबाट अवकाशप्राप्त बाबु घर नबसी फेरि रोजगारीका लागि विदेशिएपछि नीताले लागूऔषध सेवन गर्न थालेकी थिइन्। 'बाबासँग डर लाग्थ्यो, तर उहाँ रिटायर्ड भएपछि पनि विदेश जानुभयो,' नीता भन्छिन्, 'आमासँग डर थिएन, त्यसैले ड्रग लिन थालें।' कक्षा ९ मा पढ्दापढ्दै लागूऔषध सेवन गर्ने साथीसँग संगत भएपछि नीताको मनमा नशाको अनुभव लिने रहर पैदा भएको थियो। 'अरूले खैनी, चुरोटबाट ड्रग लिन थाल्दो रै'छ,' नीता सम्झिन्छिन्, 'म त एकैचोटि टिडिजेसिकमा हाम फालें।'

पुनर्जीवन केन्द्र, धरानको ड्रप इन सेन्टरकी 'सर्भिस होल्डर' नीता अहिले २२ वर्षकी भइन्। र, उनको सोचाइ, चाहना र भावना पनि भिन्नै भइसकेका छन्। अब नीता नशाको लतबाट मुक्त हुन र आफ्नो विगतको अनुभव पुस्तकमा उतार्न चाहन्छिन्। खुसीको कुरा, नीताकी आमा छोरीलाई कुलतको दलदलबाट निस्किएको हेर्नमात्रै चाहँदिनन्, यसका लागि उनलाई सघाउन पनि तयार छिन्। तर, विडम्बना ! धरानमा त्यस्तो कुनै पुनःस्थापना केन्द्र छैन, जसको मद्दतबाट नीता कुलतमुक्त हुन सकून्। रिचमन्ड फेलोसिपद्वारा काठमाडौंमा सञ्चालित संकट व्यवस्थापन केन्द्रमा दुईपटक बसे पनि नीताले कुलत त्याग्न सकिनन्। 'टाढा बसेर उपचार गराउन नसक्ने रहेछु, घरको याद आउँछ र फेरि ड्रग खान थालिहाल्छु', उनी भन्छिन्, 'हाम्रो लागि आफ्नै सहरमा पुनःस्थापना केन्द्र हुनुपर्ने रहेछ।'

नीतामात्र हैन, नशाको लतबाट मुक्त हुन चाहने पूर्वका सबै महिला लागूऔषध सेवनकर्ताले सकभर आफ्नै सहरमा, नभए आफ्नो क्षेत्रमा छुट्टै पुनःस्थापना केन्द्रको खाँचो महसुस गर्न थालेका छन्। केही महिनाअघि संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी)का नेपालस्थित आवासीय प्रतिनिधि म्याथ्यु कहाने धरान पुग्दा पनि यहाँका महिला लागूऔषध सेवनकर्ताले उनलाई भेटेर छुट्टै पुनःस्थापना केन्द्र स्थापनाका लागि पहल गरिदिन आग्रह गरेका थिए, तर यसका लागि कतैबाट पनि सकारात्मक जवाफ आएको छैन।

केही वर्षयता महिला दुर्व्यसनीहरूको संख्या बढ्दै गएको छ। काठमाडौं ६० हजार लागूपदार्थ प्रयोगकर्ता भएकामध्ये ५ प्रतिशत महिला भएको अनुमान गरिएको छ। 'लागूपदार्थ प्रयोग गर्ने गर्ने महिलाको संख्या तुलनात्मक रूपले बर्सेनि बढिरहेको छ,' लागूपदार्थ प्रयोगकर्ताहरूको संजाल रिकभरिङ नेपालका उपाध्यक्ष विष्णु शर्मा भन्छन्, 'आमाबाबुबाट उचित अभिभावकत्व नपाएका परिवारका केटीहरूले प्रायः लागूपदार्थ प्रयोग गरेको देखिएको छ।' शर्माको अनुभवमा फेसनेवल देखिन र क्षणिक मस्तीका लागि लागूपदार्थ प्रयोग गर्न पुगेका युवतीहरू जिन्दगीभर नउम्किने यस दलदलमा फसेका छन्। लागूपदार्थ त्यागेर बसेका महिलाहरूको संख्या नगण्य छ।

लागूपदार्थको दलदलमा फसेका महिलालाई यसबाट मुक्ति पाउन उपचार तथा पुनःस्थापन कार्यक्रम आवश्यक हुन्छ। पुरुषका लागि अधिराज्यभर करिब २८ वटा यसखाले पुनःस्थापनका केन्द्र छन्, तर महिला पुनःस्थापना केन्द्र भने २ वटा मात्र छन् जुन राजधानीकेन्द्रित छ। रिचमन्ड फेलोसिपद्वारा काठमाडौंमा सञ्चालित महिला दुर्व्यसनी उपचार तथा पुनःस्थापनमा अनुभवी संस्था मानिन्छ भने अर्को ज्योति पुनःस्थापना केन्द्रले सेवा दिन थालेको एक वर्ष मात्रै भएको छ। ज्योति पुनःस्थापना केन्द्र नौजना महिलाको संयुक्त प्रयासमा खुलेको हो।

संकट व्यवस्थापन केन्द्रको क्षमता १० जनालाई मात्र धान्ने रहेको छ। 'लागूपदार्थको प्रयोग गर्ने महिलाका लागि यसखाले सेवाको आवश्यकता निकै छ,' केन्द्रकी कार्यक्रम संयोजक पूजा निरौला भन्छिन्, 'राजधानीबाहिर पुनःस्थापन केन्द्र खुल्न सक्यो भने यहाँसम्म आउने झन्झट पर्दैनथ्यो।'

अर्कोतिर पूर्वका विभिन्न सहरमा महिला लागूऔषध सेवनकर्ता भने दिनदिनै फैलिँदै छन्। धरानमा मात्रै २ सयभन्दा बढी महिला लागूऔषध सेवनकर्ता रहेको अनुमान छ। एक सर्वेक्षणले धरानका करिब ३५ सय लागूऔषध सेवनकर्तामध्ये ६ प्रतिशत महिला रहेको देखाएको छ। इटहरी, दमक, बिर्तामोडजस्ता सहरमा पनि कुल लागूऔषध सेवनकर्ताको ५ देखि ६ प्रतिशत संख्या महिलाले ओगट्ने विभिन्न सर्वेक्षणले देखाएका छन्। धरान पोजिटिभका अध्यक्ष नरेशलाल श्रेष्ठको भनाइमा खासगरी १६ देखि २७ वर्ष उमेर समूहका महिला नशाको लतमा फसेका छन्। तर, महिलाहरू पुरुषझैं खुल्दैनन्। त्यसैले, 'ड्रप इन सेन्टर'मा सेवा लिन जाने महिलाको संख्या पनि कम हुन्छ। पुनर्जीवन केन्द्रको 'ड्रप इन सेन्टर'मा कार्यरत 'मेडिकल एसिस्टेन्ट शान्ति गुरुङ भन्छिन्, धेरै महिला इन्जेक्सन लिन आफ्ना पुरुषसाथीलाई पठाउँछन्।'

केटा साथीहरूसँगै बसेर नशा लिने गरे पनि केटीहरूले एकैपटक कडा खाले लागूपदार्थ प्रयोग गरेका पाइँदैन। उनीहरू सिरिन्जका माध्यमले लागूपदार्थ पनि लिँदैनन्। सुरुको अवस्थामा हार्डवेयर पसलमा पाइने इनामेल, ग्लु तथा अन्य रसायन किनेर त्यसको वास्ना सुँघेर काम चलाउँछन्, तर यसले अन्त्यमा उनीहरूलाई कडा नशाको लतमा फसाइदिन्छ। 'हार्ड ड्रग'को लतमा परेपछि खर्च धान्न अनेकौं उपाय खोज्नका लागि उनीहरू घरमा चोरी गर्ने वा लागूपदार्थको तलतल मेट्न लागूऔषधको कारोबार गर्न पुग्छन्। लागूऔषध सेवनका लागि लागूपदार्थ आयात हुने भारतीय नाका रक्सौल अथवा जोगवनीसम्म पनि महिलाहरू पुग्ने गरेका छन्।

त्यसपछि पनि खर्चले धान्न सक्ने स्थिति आएन भने यौन व्यापारमा लाग्नुबाहेक कुनै विकल्प हुँदैन। 'सधैं घर वा अन्यत्रबाट चोर्न सम्भव हुँदैन,' ज्योति पुनःस्थापना केन्द्रकी महासचिव मञ्जु गुरुङ भन्छिन् 'लागूपदार्थ सेवन गर्ने महिलाहरू यसको खर्च धान्न कि यसकै कारोवारमा लागेका छन् हैन भने यौन व्यापारले नै थेगिरहेको छ।' रिचमन्डले केही वर्षअघि गरेको एक अनुसन्धानमा २ सय महिला दुर्व्यसनीमध्ये आधाभन्दा बढीले यौन व्यवसाय अपनाएको पाइएको थियो।

तर, सरकार र गैरसरकारी संस्था दुवै फैलिँदो र बढ्दो संख्यामा रहेका महिला लागूऔषध सेवनकर्ताका समस्या र आवश्यकताप्रति गम्भीर हुन सकेका छैनन्। सरकारसँग महिला पुनःस्थापना गृह सञ्चालन गर्ने कुनै कार्यक्रम छैन, गैरसरकारी संस्थाहरू पनि दाताको मुख ताकेर बसेका छन्।

कुनै संस्थाले आफ्नै लगानीमा महिला पुनःस्थापना गृह स्थापना गरे पनि त्यसलाई आर्थिक रूपले आत्मनिर्भर बनाउन सक्दैन। किनकि महिला लागूऔषध सेवनकर्ताका लागि तिनको परिवार पनि त्यति उदार छैन, जति पुरुषका लागि हुन्छ। ज्योति पुनःस्थापना केन्द्रमा महिला दुर्व्यसनीको उपचार तथा पुनःस्थापनका लागि महिनाको झन्डै साढे सात हजार रुपैयाँ खर्च हुने गरेको छ। 'यसको उपचार तथा पुनःस्थापन महँगो छ र यसका लागि सहयोग गर्ने कुनै बाहिरी स्रोत पनि छैन,' गुरुङ भन्छिन्, 'अहिलेसम्म हामीले जति महिलाको पुनःस्थापना गर्‍यौं कसैबाट पनि तोकिएको शुल्क लिने अवस्था पाएनौं।'

छोरालाई कुलतबाट मुक्त गर्न घरखेत पनि बेच्न तयार हुने परिवार आफ्नै छोरीका लागि भने कन्जुस भइदिन्छ। छोरीचेली दुर्व्यसनमा लाग्यो भन्ने थाहा भएपछि त्यो घरमा बिहेवारी लगायत अन्य सामाजिक क्रियाकलाप ठप्प हुने स्थितिले पनि महिला दुर्व्यसनीको समस्या घरभित्रै गुपचुप राख्ने प्रवृत्ति छ। पारिवारिक असहयोग र उपचारको अभावले राम्रा घरका महिलाहरू पनि सडक जीवन गुजार्न बाध्य छन्। 'थोरैले मात्र छोरीलाई कुलतबाट मुक्त हुन पैसा खर्च गर्न सक्छ', पुनर्जीवन केन्द्रका निर्देशक कमल तिगेला भन्छन्, 'छोरीमाथि यहाँ पनि विभेद छ, किनकि हाम्रो समाज पितृसत्तात्मक छ।'

नेपाली समाज महिला दुर्व्यसनीप्रति उदार नभएका कारण उनीहरूको पुनःस्थापना तथा उपचारका लागि कुनै कार्यक्रम छैन। पुरुषको तुलनामा महिला दुर्व्यसनीलाई हेयभावले हेर्ने हुँदा उनीहरू खुला रूपमा आफ्ना समस्या लिएर आउन सकेका छैनन्। पुरुषको तुलनामा सामाजिक र आर्थिक समस्या झेलिरहेका महिला दुर्व्यसनीहरूले यसबाट निकास पाउने बाटो देखिएको छैन। ■

## फेरि आयो पैसा

**लागूपदार्थ उपचार** तथा पुनःस्थापन केन्द्रलाई चुस्त र सक्षम बनाउन भर्खरै डिएफआडीले 'फास्ट ट्र्याक'अन्तर्गत झन्डै ५ करोड रुपैयाँ खर्च गर्ने निर्णय गरेको छ। उक्त रकम अधिराज्यभर छरिएका करिब २८ वटा यसखाले पुनःस्थापन केन्द्रबाट छानिएका केहीले प्रयोग गर्नेछन्। ६ महिनाभित्र खर्च गरिसक्नु पर्ने सर्तमा उक्त सहयोग रकम डिएफआडीले उपलब्ध गराउने भएको हो। धेरैको अनुमानमा यति छोटो समयमा त्यति धेरै रकम खर्च गर्न सक्ने क्षमता औंलामा गन्न सकिने केन्द्रहरूसँग मात्र छ। लागूपदार्थ दुर्व्यसनको पुनःस्थापनका लागि छुट्याइएको उक्त रकमको सही सदुपयोग हुने लक्षण देखिँदैन।

यस क्षेत्रमा प्रवाह भएको सहयोग रकमको यो एउटा सानो दृश्य हो। अदृश्य रूपमा यो क्षेत्रमा विभिन्न दातृ निकायबाट करोडौंको रकम लगानी भइसकेको छ, तर लागूपदार्थको दलदलमा फसेका महिलालाई भने यसखाले कार्यक्रमले समेट्न सकेको छैन।

दुर्गम बस्तीका गरिब चेलीहरूलाई नक्कली मायाजालमा फसाएर मुम्बईको कोठीमा पुऱ्याई रातारात पैसा कमाउन पल्केका दलालहरू खुलेआम हिँड्दासमेत प्रहरी–प्रशासन सजाय दिन असमर्थ देखिएको छ ।




# मौन छ राज्य

नुवाकोटकी नीतुको स्कुले जीवनमा एक दलालको प्रवेशले अहिले ठूलो पीडामा छटपटिएर बाँच्न बाध्य छिन् उनी । स्कुल जाँदै गर्दा चिनेजानेकी रूपा राईले दिदीको घर जाऊ भन्दै फकाएर सुरेश तामाङसँग मुम्बईको कोठीमा पुऱ्याएको घटना भन्दा उनीमा अझै त्रासदी भेटिन्छ । काठमाडौंबाट धनगढी जाने भन्दै दलालहरूले भारत प्रवेश गराएपछि मात्र नीतुले आफूमाथि ठूलो विश्वासघात हुँदै छ भन्ने थाहा पाइन् । तर त्यहाँ उनलाई सहयोग गर्ने कोही थिएन । रेलभित्रै सहयोगका लागि उनले गरेको आग्रहसमेत कसैले वास्ता गरेन । उनलाई मुम्बईको कोठीमा बेचेर दलालहरू फर्किए, तर उनले जसरी पनि कोठीबाट उम्कनु पर्छ भन्ने अठोट लिइन् ।

कोठीमा घरवालीको बन्धनबाट फुत्किएर बाहिर निस्किए पछि आफूलाई बेच्ने दलाललाई समातेर प्रहरीलाई समेत बुझाइन्, तर दलाललाई कारबाही नहुँदा भने उनमा राज्यप्रतिको विश्वास चकनाचुर भयो । उनी भन्छिन्, 'मैले दलाललाई समातेर प्रहरीलाई बुझाउँदा प्रहरीले सानोतिनो झगडा रहेछ भनेर दलाललाई छोडिदियो । तर अन्य अधिकारवादीहरूको सहयोगमा अहिले भने दलाललाई हिरासतमा राखेर काठमाडौं जिल्ला अदालतमा कारबाही चलिरहेको छ ।

त्यसो त मोरङ बेलबारीकी उर्मिलाको घटना झनै दर्दनाक छ । आफ्नै गाउँको नक्कली प्रेमीको फन्दामा परेर १२ वर्षको उमेरमा घर छोडेर काठमाडौं आएकी उर्मिलाले असह्य पीडा सहनु पऱ्यो मुम्बईको वेश्यालयमा । जीवनमा ठूलो सपना बोकेर काठमाडौं आएकी उर्मिलालाई के थाहा गाउँकै चिनेजानेको मानिस नै चेलिबेटी बेच्ने दलाल रहेछ भनेर । काठमाडौंमा एक महिना बसेपछि दलालले भैरहवामा राम्रो काम पाइन्छ भनेर भैरहवा हुँदै मुम्बई पुऱ्यायो । मुम्बई पुग्दासम्म आफू बेचिँदै छु भन्ने अत्तोपत्तो नपाएकी उर्मिलाले मुम्बईमा उनलाई राखिएको घरमा बलात्कार गर्न खोजेपछि मात्र थाहा पाइन् ७० हजार भारतीय रुपैयाँमा आफ्नै प्रेमीले बेचेर गएको । एक वर्षसम्म मुम्बईको कोठीमा वेश्यावृत्ति गर्न विवश उर्मिलालाई माइती नेपालको सहयोगमा उद्धार त गरियो, तर कहिल्यै नमेटिने एड्सको दागबाट भने चाहेर पनि कसैले उद्धार गर्न नसक्ने भएको छ उनको । उद्धारपछि माइती नेपालको सहयोगमा साधारण सीपमूलक र चेलिबेटी बेचबिखनसम्बन्धी सचेतनात्मक तालिम लिएकी उर्मिला अहिले आफूले जस्तै पीडा अन्य महिलाले भोग्न नपरोस् भनेर काठमाडौंको नाका नागढुंगामा चेलिबेटी बेचबिखनविरुद्ध काम गर्दै आएकी छिन् ।

तर महिला भने आफैं पनि चेली बेच्न सक्रिय छन् । चितवन भण्डराकी नीता आफ्नै कान्छीआमाको फन्दाबाट बेचिनु पऱ्यो । नीतालाई कोठीबाट भारतीय प्रहरीको सहयोगमा उद्धार पनि बेच्ने दलालहरू भने अझै पक्राउ परेका छैनन् । एबिसी नेपालकी अध्यक्ष दुर्गा घिमिरे भन्छिन्, 'चेलिबेटी बेचबिखनमा सक्रिय अधिकांश वास्तविक दलालहरूले सजाँय पाएका छैनन् ।' अधिकांश दलाल कानुनको दायराबाट उम्किने मात्र होइन पीडितका परिवारले उल्टो दलालको धम्की सहनु पर्ने बाध्यता छ । उद्धार गरिएका चेलीहरूको सुरक्षाको व्यवस्था पनि भरपर्दो छैन ।

दलालको फन्दामा परेर भारतका विभिन्न सहरमा बेचिएका चेलीहरू उद्धारपछि पनि समाजिक बहिष्कारको पीडा सहन बाध्य छन् ।

चेलिबेटी बेचबिखनविरुद्ध राज्यले अपनाउनु पर्ने स्पष्ट कार्यनीतिका अभावमा दलालहरू सजायको भागिदार बनेका छैनन् । सार्क राष्ट्रहरूबीच सार्क महासन्धि अनुमोदन गरिए पनि दलालहरूको अन्तर्राष्ट्रिय संजाल तोडिएको छैन, बरु झनै मौलाउँदो छ । यस्ता दलालहरू जुनसुकै मुलुकमा पक्राउ परे पनि दण्डको भागिदार हुने सार्क महासन्धिको प्रावधानले समेत उनीहरूलाई निरुत्साहन गरेको छैन । माइती नेपालकी अध्यक्ष अनुराधा कोइराला भन्छिन्, 'चेलिबेटी बेचविखन रोक्न सरकारले प्रभावकारी नीति बनाएर लागू गर्नु आवश्यक छ ।' कानुनले चेलिबेटी बेच्ने दलालहरूलाई कारबाही गर्ने व्यवस्था गरे पनि खरिद गर्नेहरूलाई गरिने कारबाहीबारे कुनै व्यवस्था नगरेका कारण वेश्यावृत्तिको धन्दा झनै फस्टाउँदै गएको छ । घिमिरे भन्छिन्, 'चेलिबेटी खरिद गर्नेहरूलाई कडा कारबाही गर्ने कानुन अत्यावश्यक छ ।'

चेलिबेटी बेचबिखन गरेको अभियोगमा बीस वर्षे जेल सजाय भोग्नेहरू अधिकांश अप्रत्यक्ष सहयोग पुऱ्याउनेहरू भएको र वास्तविक दलालहरू कानुनको दायराबाट उम्किएको आरोप पीडितहरूले लगाएका छन् । गत वर्ष मात्र ५२ जना बेचिएका चेलीको माइती नेपालले उद्धार गरेको छ । अन्तर्राष्ट्रिय श्रम संगठनको तथ्यांकअनुसार नेपालका वार्षिक १२ हजार हाराहारी चेली भारत र खाडी मुलुकमा बेचिन्छन् । युनिसेफले २ लाख नेपाली चेली भारतका विभिन्न सहरका वेश्यालयमा भएको तथ्यांक सार्वजनिक गरेको छ । तीमध्ये अधिकांश १६ वर्षभन्दा कम उमेरका भएको युनिसेफले बताएको छ ।

कतिपय बेचिएका चेलीको उद्धार भए पनि उनीहरूको नागरिकता समस्या यथावत छ । नागरिकता बनाउने उमेर पुग्नुअगावै बेचिएका यस्ता चेलीले नागरिकता पाउन नसकेको बताएका छन् । कानुनी प्रक्रियाका लागि नागरिकता आवश्यक पर्ने भएकाले गर्दा आफूलाई समस्या भएको पीडितहरूले बताए । घिमिरे भन्छिन्, 'महिला अधिकारसम्बन्धी सिडा महासन्धिको पालना गरेर सरलरूपमा उनीहरूलाई नागरिकता दिनु पर्छ ।' सिडा महासन्धिको 'आर्टिकल ६' ले बेचिएका चेलीलाई सरलरूपमा नागरिकता दिनु पर्ने व्यवस्थाको ग्यारेन्टी गरेको छ ।

■ **गोविन्द परियार/काठमाडौं**

# तारो परीक्षार्थी

**भविष्यका सुन्दर योजनाका साथ विद्यार्थीहरू परीक्षामा व्यस्त भइरहेका बेला चैत १८ गते परीक्षा केन्द्र सरस्वती माध्यमिक विद्यालय तारताङमा माओवादीको बम विस्फोट भएपछि परीक्षार्थीहरूका सपना एकाएक चकनाचुर भएका छन् ।**

■ **रुद्र खड्का/दैलेख** (तस्वीर पनि)

**शान्तिपूर्ण तरिकाले** सञ्चालित परीक्षामा विद्यार्थीहरू व्यस्त छन् । बिहान ७ बजेदेखि सञ्चालन भइरहेको सामाजिक विषयको परीक्षा सुरु भएको एक घन्टा बितेको घन्टी बज्छ । समय सकिँदै गइरहेकोमा विद्यार्थीहरू अझ बढी आत्तिन्छन्, कसरी राम्रो र चाँडो लेख्ने भन्ने चिन्ताले ।

यसै बेला परीक्षा सञ्चालन भइरहेको भवनछेउमै बम विस्फोट हुन्छ र लगत्तै परीक्षाको सुरक्षामा खटिएका सुरक्षाकर्मीहरू फायरिङ गर्न थाल्छन् । २ सय ४ जना विद्यार्थीले परीक्षा दिइरहेको सरस्वती प्रस्तावित माध्यमिक विद्यालयमा विस्फोट र फायरिङपछि विद्यार्थीहरू दोहोरो भिडन्त भएको ठानी भागाभाग गर्छन् ।

भागदौडको क्रममा लड्छन्, कोहीलाई छर्रा लाग्छ अनि कोही बेहोस हुन्छन् । शान्तिपूर्ण तवरले परीक्षा सञ्चालन भइरहेको विद्यालय एकाएक युद्धमैदानझैं हुन्छ र एक छिन अघिसम्म भविष्यका लागि सुनौला योजना बुन्दै परीक्षा दिइरहेका विद्यार्थीलाई ज्यान कसरी बचाउने भन्ने समस्या आइपर्छ ।

प्रवेशिका परीक्षा सञ्चालन भइरहेका बेला चैत १८ गते दैलेखको सरस्वती प्रस्तावित माध्यमिक विद्यालयमा बम विस्फोट भएपछि यतिखेर केही विद्यार्थीको १० वर्षको मेहनत खेर गएको छ भने अर्कोतर्फ कयौं विद्यार्थीलाई जिन्दगीभर डर र त्रासमा धकेलिदिएको छ । विस्फोटले कानको जाली फुटेका घाइते विद्यार्थी खगेन्द्र राना विस्फोटपछि सानोतिनो आवाज सुन्दा पनि डर लाग्ने गरेको बताउँछन् । परीक्षा दिइरहेका तीन छात्राहरू देवीकुमारी वली, गोमा बिसी र हीरा वली अस्पतालको शय्यामा छन् । उनीहरूको परीक्षा छुटेको छ । विनोद रोकायको हात भाँचिएको छ भने केही विद्यार्थी निधारमा कपडा बाँधेर, हातमा पट्टी लगाएर सकी नसकी परीक्षा दिन विवश छन् ।

प्रवेशिका उत्तीर्ण भएपछि सहरमा गएर उच्च शिक्षा अध्ययन गर्ने योजना थियो, हीरा वलीको । गाह्रो मानिने अंग्रेजी र गणितजस्ता विषयको परीक्षा राम्रो लेखेकाले पनि हीरा उच्च शिक्षा अध्ययन गर्न पाउनेमा बढी आशावादी थिइन् । सदरमुकामदेखि एक दिन टाढा जोरेबाँझ, पिलारीकी हीरा एसएलसी परीक्षाकै लागि सदरमुकाममा डेरा गरेर पढाइमा मेहनत गरेकी थिइन् ।

त्यस्तै, पिलारीकै गोमा बिसीलाई पढाइमा मेहनत गरेका कारण प्रवेशिका परीक्षा उत्तीर्ण हुने विश्वास थियो । उच्च शिक्षा अध्ययनको लागि फलामे ढोका मानिने एसएलसी उत्तीर्णको लागि जति मेहनत हीरा र गोमाले गरे त्योभन्दा कम यहाँका अन्य विद्यार्थीले गरेका थिएनन् । दस वर्षको मेहनत सफल गराउन सबै विद्यार्थी लागेका थिए ।

घरकी जेठी छोरी एसएलसी उत्तीर्ण भएपछि घरको इज्जत बढ्ने र छोरीको भविष्य राम्रो हुने ठानेर गोमा बिसीका आमाबाबु उनलाई सघाउन एक दिन टाढाको घर छोडेर सदरमुकाम बसेका थिए । उनी पनि विस्फोटका कारण घाइते भएपछि परिवार मरेतुल्य भएको छ । 'छोरी एसएलसी उत्तीर्ण हुनेमा ढुक्क थियौं', आमा भीमा भन्छिन्, 'छोरी पास हुनु त के उल्टै घाइते भएकी छ, कसरी उपचार गर्ने भन्न चिन्ता थपियो ?'

भविष्यका सुन्दर योजनाका साथ विद्यार्थीहरू परीक्षामा व्यस्त भइरहेका बेला चैत १८ गते परीक्षा केन्द्र नजिकै बम विस्फोट भएपछि परीक्षार्थीहरूका सपना एकाएक चकनाचुर भएका छन् भने दस वर्षदेखि गरेको मेहनत खेर गएको छ ।

पढाइपछि सुनौलो भविष्यको कल्पना गरिरहेका विद्यार्थीहरू कोही अस्पतालको बेडमा छटपटाइरहेका छन् भने कोही आफूले परीक्षा दिन नसकेर अरूको सहारा लिइरहेका छन् । एकतीसौं चोटि एसएलसी परीक्षा दिइरहेका ५० वर्षीय भद्रबहादुर बिसी पनि घाइते भएका छन् । अभिभावक मोतीप्रसाद शर्मा र परीक्षा निरीक्षक गोपालराज केसी पनि विस्फोटबाट घाइते भएका थिए ।

उक्त घटनापछि भएका परीक्षाहरू डर, त्रास

▼ माओवादी अमानवीयता र नृंशशताले यी किशोर मस्तिष्कहरूमा गहिरो आघात पुऱ्यायो





र पीडाका कारण राम्रो गर्न नसकिएको विद्यार्थीको गुनासो छ । 'फेरि विस्फोट हुन्छ कि भन्ने चिन्ताले परीक्षामा राम्रो लेख्न सकिएन', घाइते विद्यार्थी तेजबहादुर शाही भन्छन् । विस्फोटपछि आधा दर्जन विद्यार्थीका कानका जाली फुटेका, तीनजना अस्पतालको बेडमा रहेका र आधा दर्जन विद्यार्थीले कक्षा आठका विद्यार्थीको सहयोगमा प्रवेशिका परीक्षा दिएको जिल्ला शिक्षा कार्यालयले जनाएको छ । कक्षा आठका विद्यार्थीलाई सहयोग लिएर एसएलसी परीक्षा दिँदा थुप्रै त्रुटि हुने पीडित विद्यार्थीहरू गुनासो गर्छन् ।

सरस्वती माध्यमिक विद्यालयमा बम विस्फोटपछि बाँकी परीक्षा सनराइज परीक्षा केन्द्रमा सारिएको थियो । र, बम विस्फोट भएको दिनको सामाजिक विषयको परीक्षा सबै परीक्षा सकिएपछि लिइएको छ ।

विस्फोटबाट सामान्य घाइते विद्यार्थीलाई सहयोगी लिएर परीक्षा दिने अवसर दिइए पनि परीक्षा केन्द्रमै आउन नसकेका विद्यार्थीका लागि भने सहयोग गर्न नसकिने निमित्त जिल्ला शिक्षा अधिकारी डम्बरबहादुर थापा बताउँछन् । 'शिक्षा नियमावलीले पनि कुनै व्यवस्था गरेको छैन', थापाले भने, 'जति पीडा भए पनि परीक्षा दिन नसकेका घाइते विद्यार्थीको यो वर्ष खेर गयो ।'

जिल्ला प्रशासन कार्यालयका अनुसार सिल्भरको बाल्टिनमा राखिएको उक्त विस्फोटक पदार्थ टाइम बम हो । 'तार या अन्य कुनै पदार्थ जोडिएको पाइँदैन', प्रमुख जिल्ला अधिकारी खुमराज पुन्जालीले भने, 'सुरक्षाकर्मीहरूको निसानाको लागि बम राखिएको हुन सक्छ, तर स्थिति उल्टो भयो ।' धुले माटो भएका कारण पनि स्कुलछेउमा बम राखिएको थाहा हुन नसकेको अधिकारीहरू बताउँछन् ।

परीक्षा दिइरहेका बेला घाइते भएका विद्यार्थीले औषधोपचारमा समस्या परेको गुनासो पनि गरेका छन् । 'हात भाँचिएको छ, तर सिटामोल र ब्रुफिनभन्दा अरू औषधी दिँदैनन्', घाइते विद्यार्थी विनोद रोकायले भने, 'विद्यार्थीको जीवनमा खेलवाड भइरहेको छ ।' परीक्षा हलभित्रै कयौं घाइते विद्यार्थी बेहोस भएका र पटक पटक वाकवाकी गर्दासमेत उपचार भएन, उनले गुनासो गरे, परीक्षा सकिएपछि हेरविचार कसले गर्ने ?' परीक्षा भइरहेका बेला विस्फोट भएपछि केही विद्यार्थीलाई बस्दै आएको कोठासमेत परिवर्तन गर्नुपरेको थियो । र, केही विद्यार्थीले बम पड्केको स्कुल छेउमा रहेको कोठा त्रासका कारण अन्यत्र बदल्नु पर्दा समस्या परेको पीडित विद्यार्थीहरू बताउँछन् ।

४७ प्रतिशत साक्षरता रहेको दैलेखमा यो वर्ष २ हजार ७ सय ९ विद्यार्थीले प्रवेशिका परीक्षामा सामेल थिए । दुल्लुमा ४ र सदरमुकाममा ७ सहित ११ परीक्षा केन्द्र थिए ।

सशस्त्र द्वन्द्वमा विद्यार्थीको प्रयोग गरिने क्रम जारी रहँदै आए पनि विद्यालयमा बम विस्फोट गराएर विद्यार्थीलाई घाइते बनाएको र परीक्षा दिनबाट वञ्चित बनाएको घटना दैलेखमा पहिलो भएको जिशिअ थापा बताउँछन् ।

माओवादी निकट अखिल क्रान्तिकारीका अध्यक्ष लेखनाथ न्यौपानेले प्रवेशिका परीक्षा बिथोल्ने गरी कुनै हिंसात्मक गतिविधि नगर्ने घोषणा गरेको तीन दिन बित्न नपाउँदै दैलेखको विद्यालयमा बम विस्फोट कसले गराएको हो भन्ने प्रस्ट हुन नसके पनि सुरक्षाकर्मी, अभिभावक, शिक्षक तथा विद्यार्थीले उक्त विस्फोट माओवादीबाटै भएको बताएका छन् । 'बम विस्फोट माओवादीबाट भएको जस्तो लाग्छ', घाइते विद्यार्थी चरसिंह बिसी बताउँछन् ।

सदरमुकाममा रहेका सुरक्षाकर्मीभन्दा १५ मिनेट टाढा जंगलछेउ रहेको उक्त विद्यालयको गाउँमा पटक पटक माओवादीले विभिन्न गतिविधि गर्दै आएका थिए । विद्यालयमा बम विस्फोट गराएको उक्त घटनाबारे माओवादीको जिल्ला नेतृत्वले अहिलेसम्म केही नबोले पनि माओवादी भेरी-कर्णाली संयोजक प्रकाण्डले घटनाबारे अनुसन्धान गरी दोषीमाथि कारबाही गरिने जनाएका छन् । प्रकाण्डले उक्त घटनाबारे प्रस्ट जानकारी भने दिएका छैनन् । ■

## 'विद्यार्थीले परीक्षा दिन पाउनु पर्छ'

**परीक्षा सञ्चालन** भइरहेका बेला स्कुल हातामै भएको बम विस्फोटको घटनालाई स्थलगत अध्ययन गरेका मानव अधिकारकर्मीहरूको समूहले युद्धअपराध भन्दै परीक्षा दिनबाट वञ्चित विद्यार्थीलाई यसै वर्ष नै परीक्षा दिन पाउने व्यवस्था मिलाउन माग गरेको छ ।

विरामी भएर वा स्वयं विद्यार्थीका कारण कोही पनि विद्यार्थीले परीक्षा छोडेका होइनन् । स्थलगत अध्ययन अनुगमन गरेका सिविन, हिमराइट्स लाइफलाइन, इन्सेक, सिभिक्ट, एडभोकसी फोरम, बार एसोसिएसन परियोजनाका मानवअधिकारकर्मीले भनेका छन्, 'शान्तिपूर्ण तवरले परीक्षा सञ्चालन भइरहेको विद्यालयमा बम विस्फोट गराउनु ठूलो युद्धअपराध हो र यही अपराधका कारण विद्यार्थीहरूको दस वर्षदेखिको मेहनत खेर जाने सम्भावना छ ।

परीक्षा सञ्चालन भइरहेको स्थानमा जानी जानी विस्फोट गराइएको छ ।' यसैबीच सिविनले परीक्षा दिइरहेका बेला घाइते विद्यार्थी उपचारको लागि नेपालगन्ज आए निःशुल्क उपचार गर्ने उक्त संस्थाका क्षेत्रीय संयोजक माधव लोहनीले जनाएका छन् । एक दर्जन विद्यार्थीलाई प्रत्यक्ष उपचारको खाँचो र थुपै विद्यार्थीलाई मनोत्रास हटाउन आवश्यक छ । ■









◀ विस्फोटपछि आतंकित सर्वसाधारण घटनास्थलमा धुइरिएका थिए

# मारमा परीक्षार्थी नै

**झापाको सुरुंगामा** प्रश्नपत्र लिएर एसएलसी केन्द्रतर्फ गइरहेका सुरक्षाकर्मीमाथि आक्रमण गरेर माओवादीले आफ्नो अमानवीयता र नृशंसता फेरि एकपटक सार्वजनिक गरेका छन् । एसएलसीको अन्तिम दिनको परीक्षाका लागि प्रश्नपत्र बोकेर गइरहेका शाही सेना र प्रहरीको जिप महेन्द्र राजमार्गको सुरुंगा पुलमा विस्फोटमा पर्‍यो । परीक्षाको तयारी गरेर केन्द्रहरूसम्म पुगेका विद्यार्थीहरूले विनाकारण झन्डै चार घन्टा कुर्नु पर्‍यो, अन्योल, अनिश्चितता र भयबीच । बल्ल एघार बजे उनीहरू भोक, तिर्खा र त्रासबीच आफ्नो अन्तिम परीक्षामा बस्न पाए ।

चैत २३ गते बुधवार बिहान चार बजे सुरुंगा-२ का रोहित खतिवडा पूजाको सरसामान जुटाउन दौडधुप गर्दै थिए भने उनका छिमेकी उठ्ने तरखरमा । कोही विद्यार्थी एसएलसी परीक्षामा जाने तयारी गर्दै थिए । अचानक झिसमिसेमै 'तपाईंहरु ८ बजेपछि बाहिर ननिस्किनुहोस्' भन्ने आवाजले आतंक मचायो । झ्वाट्ट हेर्दा शाही सेनाजस्ता देखिने फौजीहरूको उर्दीले गाउँलेको हंसले ठाउँ छोड्यो । उनीहरू हलचलसम्म नगरी घरभित्रै बसिरहे ।

बिहान सात बजे सेना र प्रहरी चढेर आएको को १ च २६७४ नम्बरको जिम सुरुंगा पुलमा माओवादी विस्फोटनमा परी दस मिटरमाथि उफ्रेर भुइँमा बजारियो । जिप दुर्घटनाग्रस्त भएपछि माओवादी छापामार 'फायरिङ' भन्दै अत्याधुनिक हतियारद्वारा सुरक्षाकर्मीमाथि गोली वर्षाउन थाले । पुलमुनि लुकेर फायरिङ गरिरहेका माओवादीलाई शाही सेनाका केही जवानले जवाफी फायरिङ त गरे तर करिब अढाई सय विद्रोहीका अघि केही संख्यामा आएका सुरक्षाकर्मीको केही लागेन । केही समयमै माओवादीले उक्त क्षेत्र पूरै कब्जामा लिए । घटनामा शाही सेनाका पाँच जवान र एक प्रहरी मारिए भने एक बालिकासहित तीन सर्वसाधारण र दुई सैनिक घाइते भए । प्रत्यक्षदर्शीका अनुसार घाइते एक सुरक्षाकर्मीलाई माओवादीले चरम यातना दिँदै ग्रिनेट प्रहार गरी मारेका थिए । जिपचालक सूर्यबहादुर खवाससहित सेनाका कृष्ण महरा र भेषबहादुर राणा तथा सुरुंगाकी १२ वर्षीया आरती दाहाल र २२ वर्षीय दिनेश ठाकुर घाइते भएका छन् । निर्दोष बालिका आरतीको देब्रे हातमा र ठाकुरको दुवै खुट्टामा गोली लागेका छन् ।

आक्रमणमा माओवादीले ग्रिनेट, सकेट बमसहित एम-१६ जस्ता अत्याधुनिक हतियारसमेत प्रयोग गरेका थिए । लगभग ४० मिनेटसम्म चलेको भिडन्तका क्रममा माओवादीले चलाएका गोली लागी आधा दर्जन घरका भित्ता र छानामा प्वाल परेका छन् । घटनास्थलमा शाही सेनालाई सहयोग गर्न पुगेको हेलिकोप्टरमाथि पनि माओवादीले गोली प्रहार गरेका थिए । गोली प्रहार हुन थालेपछि हेलिकोप्टर घटनास्थलदेखि केही मिटर पर अवतरण गरेको थियो ।

सुरक्षाकर्मी चढेको जिप धरापमा पार्नुअघि माओवादीले मंगलबार रातिदेखि उक्त क्षेत्रको लगभग ५ सय मिटर एरियामा नियन्त्रण कायम राखेका थिए । आतंक फैलाउन उनीहरुले जतातते सकेट र ग्रिनेट बम छोडेका थिए । जिप विस्फोटनमा परेपछि सडकमा चलेका आधा दर्जन सवारीसाधन अनियन्त्रित भई पुल, कल्भर्टमा ठोकिएर दुर्घटनाग्रस्त भएका थिए । सवारीसाधनले सडक अवरोध भएपछि बुधबार दिनभर यातायात चलेन ।

घटनास्थलबाट एसएलसी परीक्षा केन्द्र रहेको हरिकुल उच्चमावि दुई सय मिटर दूरीमा छ । भिडन्तका क्रममा परीक्षा केन्द्रमै गोली बर्सिन थालेपछि परीक्षार्थीहरू डरले त्राहिमाम् भएका थिए । सुरुंगा क्षेत्रका हरिकुल, पशुपति मावि र कन्काई माविमा करिब ४ घन्टापछि मात्र परीक्षा सुचारु भएको थियो ।

माओवादीले सुरक्षाकर्मीमाथि आक्रमण गरेको भए पनि यसलाई मानवअधिकारवादी र सर्वसाधारणले निर्दोष विद्यार्थीसँग जोडिएको संवेदनशील विषयमाथिको प्रहारका रूपमा हेरेका छन् । हुन पनि दैलेख घटनाको एक साता बित्न नपाउँदै एसएलसी परीक्षार्थीहरूको भविष्य अन्धकार पार्ने गरी यो आक्रमण भएको छ । यसले माओवादी विद्रोही मानवीयता र संवेदनशीलता भुलेर ज्यादतीमा उत्रिएको प्रस्ट भएको छ ।

■ **मदन खरेल/झापा** (तस्वीर पनि)



# के नेपाली माओवादीप्रति नरम रहिरहला ?



एपी

▲भारतीय माओवादीको समर्थनमा निस्किएको ऱ्याली

**माओवादी** हिंसात्मक आन्दोलन नेपालमा मात्र हैन भारतमा पनि व्यापकरूपमा बढिरहेको छ । हालै संसद्मा केन्द्रीय गृह मन्त्रालयले पेस गरेको प्रतिवेदनअनुसार भारतका १४ राज्य माओवादी हिंसाबाट आक्रान्त छन् । भारतका कुल ६०२ जिल्ला भारतभरमा मध्ये ती १४ राज्यका १६५ वटा जिल्ला माओवादी प्रभावितरूपमा प्रस्तुत गरिएका छन् । माओवादी हिंसामा गत वर्ष (सन् २००५) मा झन्डै नौ सय व्यक्तिको ज्यान गएको थियो भने सन् २००६ को पहिलो ३ महिनामा २४७ जनाको ज्यान गइसकेको छ ।

नेपालका माओवादीलाई सात राजनीतिक दलसँग समझदारीमा ल्याउन भारतले महत्त्वपूर्ण भूमिका खेले पनि आफ्नै मुलुकमा द्रुतगतिमा बढिरहेको माओवादी समस्याको समाधानबारे ऊ स्पष्ट छ । 'माओवादीले हतियार नत्यागेसम्म उनीहरूसँग वार्ता हुन सक्तैन, सरकारको', हालै केन्द्रीय गृहमन्त्री शिवराज पाटिलले भने । र, वार्ता नहुँदाको अवस्थामा माओवादी सैन्य विस्तार र त्यही अनुपातमा हुन सक्ने हिंसाबारे सरकार अत्यन्त चिन्तित देखिन्छ ।

यसै सन्दर्भमा भारतका माओवादी प्रभावित १३ राज्यका मुख्यमन्त्रीहरूको स्थायी समिति र प्रधानमन्त्री मनमोहन सिंहबीच माओवादी हिंसालाई प्रभावकारी रूपमा कसरी नियन्त्रण गर्ने भन्ने एजेन्डामा चैत मसान्तका दिन दिल्लीमा बैठक हुँदै छ । उक्त बैठकको तयारीस्वरूप चैत १८ मा उक्त राज्यहरूका प्रहरी र निजामती प्रमुखहरूको बैठक भएको थियो जसमा 'आतंकवाद'विरुद्ध सूचना संकलनका साथै सामाजिक र आर्थिक प्रकृतिका कदमहरू उठाई माओवादी विस्तार रोक्नेबारे सहमति भयो ।

प्रभावित जिल्लाहरूमा विकास गतिविधिलाई तीव्रता दिने, भूमिसुधार कार्यक्रमलाई प्राथमिकताका साथ लागू गर्नु पर्ने र प्रहरी सुदृढीकरण गर्नु पर्ने सुझावका साथ उक्त बैठक टुंगिएको थियो । प्रभावित राज्यहरूबीच 'आतंकवादी' गतिविधिबारे सूचनाको आदान प्रदानका साथै हतियार नत्यागेसम्म कुनै नक्सलवादी या माओवादी समूहसँग वार्ता नगर्ने निर्णय पनि उक्त बैठकमा भएको थियो । यसको अनुमोदन चैत मसान्तको उच्चस्तरीय स्थायी समितिको बैठकले गर्नेछ ।

तर दिल्लीकै अगुवाइमा भएको सात दल-माओवादी समझदारीमा नेपाली माओवादीलाई हिंसा त्याग्न पर्याप्त दबाब नदिइएकोमा भारतको दोहोरो मापदण्डलाई नेपाली सञ्चारमाध्यम तथा सरकारले अनौपचारिक रूपमा मुद्दा बनाउन थालेका छन् । खासगरी नेपाली र भारतीय माओवादीबीच सैद्धान्तिक र कार्यगत एकताका साथ हतियार र तालिम आदान प्रदानले आगामी दिनहरूमा भारतले दोहोरो नीति अपनाउन सम्भव देखिँदैन ।

वास्तवमा जहानावाद र उडिसामा जेल तोडी त्यहाँका कैदीहरूलाई भगाउने काममा भारतीय माओवादीले नेपाली माओवादीकै शैली अपनाएका थिए । त्यसका साथै झारखण्डमा रेल अपहरण आदि घटनाले भारतीय माओवादी हिंसाको चरण नयाँ आयाममा पुगेको देखिन्छ । सरकारले गत वर्ष छापामारहरूको संख्या ९ हजार ३ सय भएको अनुमान गरे पनि उक्त संख्या बढेको हुन सक्ने विज्ञहरू बताउँछन् ।

भारत सरकारलाई सुरक्षा तथा क्षेत्रीय मामिलामा सुझाव दिँदै आएका प्रोफेसर एसडी मुनीजस्ता व्यक्तिहरूले भारत सरकारले नेपालमा माओवादीलाई समर्थन गर्नु पर्ने अवधारणा सारे पनि भारतमा ठूलो रूप लिँदै गएको माओवादी समस्यालाई नेपालको माओवादी समस्याभन्दा बेग्लै दृष्टिकोणले हेर्न कति सम्भव होला, सरकारी पक्ष स्पष्ट छैन ।

करिब एक महिनाअघि नेपालका माओवादी अध्यक्ष प्रचण्डले विभिन्न सञ्चारमाध्यमलाई दिएको अन्तर्वार्तामा नेपाली राजनीतिमा आफूहरूको शान्तिपूर्ण अवतरण भएमा त्यो भारतीय माओवादीका लागि पनि प्रेरणा हुन सक्ने आशय व्यक्त गरेका थिए, तर गत साउन १७ गते प्रचण्डले भारतको माओवादी पार्टीका महासचिव गणपतिसँग संयुक्त हस्ताक्षरका साथ जारी गरेको वक्तव्यमा नेपाल, भारत र सम्पूर्ण विश्वभरि समाजवाद र साम्यवाद स्थापना नभएसम्म तथा साम्राज्यवादी तथा प्रतिक्रियावादीहरू समाप्त नभएसम्म संयुक्त आन्दोलन जारी राख्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

उता अमेरिकाले राजा र दलहरू (संवैधानिक शक्तिहरू) मिल्नु पर्छ भनी राखेको प्रस्तावलाई भारतीय सञ्चारमाध्यमले भारतरचित दल-माओवादी समझदारीविरुद्धको षड्यन्त्रका रूपमा प्रस्तुत गर्दै त्यसको सफलताका लागि भारत अगाडि आउनु पर्ने सुझाव अगाडि सारेका छन् । तर, चैत २४ गतेदेखि सुरु भएको राष्ट्रव्यापी आमहडतालको पूर्वसन्ध्यामा सोमवारदेखि लागू हुने गरी माओवादीले एकतर्फी रूपमा घोषणा गरेको राजधानी उपत्यकामा 'युद्धविराम'प्रति भारतको प्रतिक्रिया त्यो चाहनाभन्दा केही अलग देखिएको छ । उक्त कदमको स्वागत गर्दै भारत सरकारका प्रवक्ता भन्छन्, 'युद्धविराम स्थायी प्रकृतिको हुनेछ भन्ने कुरामा हामी विश्वास राख्छौं र हामीले निरन्तररूपमा विश्वास राख्दै आएका छौं, संवैधानिक शक्तिहरू मिलेर उनीहरूले समस्याको समाधान खोज्नु पर्छ ।' चैत मसान्त समीक्षा बैठकपूर्वको भारतको यो टिप्पणी महत्त्वपूर्ण छ । भारतीय माओवादी समूहहरूले तत्काल हिंसा त्याग्ने कुनै संकेत नदेखिएमा भारत सरकारको उनीहरूविरुद्धको लडाइँमा सुरक्षाफौजको प्रयोग एक महत्त्वपूर्ण अंश रहिरहने निश्चित देखिन्छ । त्यसैले दीर्घकालका लागि नेपाली र भारतीय माओवादीहरूप्रतिको भारतीय मान्यता विपरीत प्रकृतिको हुन सक्ने देखिँदैन ।

■ **विशेष संवाददाता**

LAMINATION ADHESIVE
उच्च स्तरीय अन्तर्राष्ट्रिय गुणस्तरयुक्त
Lamination Adhesive
र
Sticker Adhesive
को लागि सम्पर्क गर्नुहोला ।
Ph: 4253546, 4253734




▲ सात दलको चार दिने आन्दोलनलाई मसाल जुलुसले तताएको थियो

तेजबहादुर बस्नेत

# आन्दोलनको ज्वार

■ सुवास देवकोटा/काठमाडौं

**सात दल आन्दोलनको आगोमा होमिएको बेला दिनदिनै आफूलाई असफल साबित गरेका राजा ज्ञानेन्द्र नैतिक र सैद्धान्तिक रूपमा एक्लिँदै गएका छन्। तर, माओवादीका पछिल्ला ज्यादतीपूर्ण घटनाहरू र दोहोरो चरित्रले भने उनीहरूसँग समझदारी गरेका आन्दोलनकारी दलहरूलाई पनि फाइदा नपुग्ने निश्चित छ।**



▲ किसान पनि आन्दोलनमा उत्रिएका छन्



▲ दमनको प्रतिकार गर्दै उत्रिएका आन्दोलनकारी

**सरकारको दमन** चिर्दै चैत २४-२७ को व्यापक प्रदर्शनसहितको चारदिने आम हडताल सफल पार्न लागेका सात संसदीय दल आमहडतालकै बीच आन्दोलनका थप कार्यक्रम घोषणा गर्ने योजनामा छन्। आन्दोलनलाई निरन्तर चर्काउँदै निर्णायक बनाउने सोचमा रहेका उनीहरू सरकारी दमनको स्वरूप र आन्दोलनमा हुने जनसहभागिता नियालिरहेको बताउँछन् र त्यसै आधारमा आन्दोलनका थप कार्यक्रम घोषणा गरिने उल्लेख गर्छन्। सशस्त्र माओवादीसँगको चैत ६ को दोस्रो समझदारीका लागि भारतको राजधानी नयाँदिल्लीमा माओवादीसँग प्रत्यक्ष वार्ता गरेर गत साता राजधानी आइपुगेका नेपाली कांग्रेस नेता कृष्ण सिटौला भन्छन्, 'आम हडतालपछि पनि आन्दोलन रोक्नु हुँदैन, रोकिँदैन।'

कस्तो होला त आम हडतालपछि सात दलको आन्दोलन ? त्यसको स्वरूप पहिले सार्वजनिक गर्दा चारदिने आमहडतालको महत्त्व कम हुने आशंकाले सात दलका नेता त्यसबारे बताउन अस्वीकार गर्छन्। यद्यपि स्रोतका अनुसार वैशाखको दोस्रो सातामै राजधानी केन्द्रित विशाल जनप्रदर्शन गर्ने सात दलको योजना छ र त्यसको प्रचारमा वैशाख सुरुदेखि नै निरन्तर आन्दोलन चलाइरहने उनीहरू बताउँछन्, तर सात दलमा एमालेबाट आन्दोलनको कार्यक्रमको गृहकार्य गर्ने जिम्मा पाएका राजेन्द्र पाण्डे भन्छन्, 'आन्दोलनका आगामी कार्यक्रमबारे अहिले कुनै टुंगो भएको छैन, छलफलमै छ।' पाण्डे पनि आम हडतालकै बीच आन्दोलनका आगामी कार्यक्रम घोषणा हुने बताउँछन्।

चारदिने आम हडतालको तेस्रो दिन चैत २६ गते काठमाडौं, वसन्तपुरमा उपत्यका केन्द्रित सभा गर्ने टुंगोमा पुगेका सात दललाई कार्यक्रमको 'स्वरूप नमिलेको' समस्याले भने आम हडतालकै बीच पनि पिरोलिरहेको छ। माओवादीसँगको दोस्रो समझदारीले बनाएको आन्दोलनको यो स्वरूपका कारण काठमाडौं केन्द्रित प्रदर्शन गर्न कठिन हुने उनीहरूको तर्क छ। उनीहरू भन्छन्, 'आम हडताल र ठूलो जनप्रदर्शन एकै पटक गर्न सम्भव हुँदैन।' माओवादीसँग समझदारी भइसकेको विषयमा बोल्न उचित नभएकाले नाम उल्लेख नगर्ने सर्तमा सात दलसम्बद्ध एक नेता भन्छन्, 'आफैंले आयोजना गरेका चारदिने आम हडतालका बीच विशाल प्रदर्शनका लागि मानिस जुटाउन गाह्रो हुनु स्वभाविक हो।'

सात दल-माओवादीबीचको दोस्रो समझदारीपछि आन्दोलन राजधानी केन्द्रित गर्ने कि नगर्ने विषयमा सात दलमा प्रशस्त छलफल र विवाद भएको थियो। सात दलको विवाद सात दल-माओवादी छलफलमा पनि पुगेको थियो र चैत २६ को प्रदर्शन उपत्यका केन्द्रित गर्ने सहमति भएको थियो। सहमति बन्नुअघि आन्दोलनलाई काठमाडौं केन्द्रित नगर्नु आन्दोलन कमजोर पार्ने षड्यन्त्र भएको माओवादी नेताहरूले सार्वजनिकरूपमै बताएका थिए, जसलाई जनमोर्चा अध्यक्ष अमिक शेरचन र सात दल माओवादी वार्ताका मध्यस्थकर्ता एकताकेन्द्र-मसालका सहमहामन्त्री प्रकाशले पनि समर्थन गरेका थिए।

सात दलमै तथा सात दल र माओवादीबीच लामो विवाद र छलफलपछि तय भएको २६ को उपत्यका केन्द्रित प्रदर्शनको तयारीमा अहिले भने सातै दल लागेको उनीहरूको दाबी छ। नेपाली कांग्रेसलगायतका दलहरूले जिल्लाका कार्यकर्तालाई औपचारिकरूपमै काठमाडौं बोलाएका छन् भने एमालेले जिल्लामा आन्दोलनका लागि आवश्यकबाहेक अन्य कार्यकर्ता मात्र काठमाडौं आएको बताएको छ।

आफूबीच दरिलो एकता भएको प्रमाण सात दलले आन्दोलन प्रचारका कार्यक्रम सशक्त बनाएर प्रस्तुत पनि गरिसकेका छन्। सरकारी निषेधाज्ञा तोड्दै उनीहरूले चैत २२ गते नै राजधानीका दर्जनौं ठाउँमा मोटरसाइकल र्‍याली र पुतला जलाउने कार्यक्रम गरे भने २३ गते बेलुका प्रहरी, सशस्त्र प्रहरी र शाही नेपाली सेनाको चुनौती छल्दै दर्जनौं ठाउँमा मसाल जुलुस प्रदर्शन गरे।

## दमन तीव्र

चारदिने आम हडताल र चैत २६ को जनप्रदर्शनमा हतियारसहित माओवादी घुसपैठ हुने सरकारी प्रचार माओवादी अध्यक्ष प्रचण्डको 'उपत्यकामा फौजी कारबाही स्थगित गरिएको' वक्तव्यले निरस्त बनाए पनि सरकारले चैत २२ देखि नै दमन तीव्र बनायो। काठमाडौं र ललितपुरमा चक्रपथभित्र सभा जुलुस गर्न नपाउने



तस्वीरहरू : भास्कर ओझा

▲ विद्यार्थी पनि आन्दोलनमा खुब तातेका छन्

आदेश जारी गर्दै सरकारले नयाँ बानेश्वरमा हडतालको समर्थनमा भेला भएका दर्जनौं मधेसी नेता तथा कार्यकर्तालाई पक्राउ गर्‍यो। सात दलसम्बद्ध ती नेताहरू पहिलो पटक यसरी भेला भएका थिए तथा आम हडताल र आन्दोलनमा मधेसी समुदायको समर्थन प्रकट गरेका थिए। दमनको यो शृंखला सरकारले चैत २३ मा एका बिहानै आन्दोलनरत दलका दर्जनभन्दा धैरै नेतालाई घरबाटै पक्राउ गरेर बढायो। त्यही दिन बिहान नयाँ बानेश्वरमा भेला भएका पेसाकर्मीहरूलाई पक्राउ गरेर सरकारले आफ्नो दमनकारी चारित्र नै सार्वजनिक गर्‍यो। त्यहाँबाट नेपाल बार एसोसिएनका सभापति शम्भु थापा, नेपाल पत्रकार महासंघका सभापति विष्णु निष्ठुरी, चिकित्सकहरू मधु घिमिरे, केदारनरसिंह केसी र प्राध्यापक महेश मास्केलगायत दर्जनौंलाई पक्राउ गरिएको थियो। यसैगरी त्यही दिन दिउँसो काठमाडौं, नयाँ सडकमा दर्जनौं पेसाकर्मीलाई पक्राउ गरियो। २३ गते राजधानीका क्याम्पसमा प्रहरी प्रवेश गरेर विद्यार्थीलाई कुटपिट गर्नु तथा पक्राउ गर्नु र त्यसै दिन राति ११ देखि ३ बजेसम्म काठमाडौं र ललितपुरका प्रमुख स्थानमा कर्फ्यु लगाउनुले पनि सरकारको दमनकारी नियत नै प्रस्ट भएको छ।

सरकारको गतिविधिले ऊ माघ १९ को दोस्रो संस्करण अघि बढाउन उद्यत भएको देखाएको छ। माओवादी र आफूबीचको टक्करमा 'बफर'का रूपमा बीचमा रहेका राजनीतिक दलहरूको अस्तित्व ध्वस्त पार्ने प्रयत्न त्यस बेला राजाले



एम १७ हलिकोप्टर

# सैनिक हेलिकोप्टर ध्वस्त

**सशस्त्र विद्रोही माओवादीले** सर्लाहीमा चैत २३ गते राती गरेको आक्रमणलाई विफल पार्न गएको नाइटभिजन हेलिकोप्टर ध्वस्त भएपछि शाही नेपाली सेनालाई गहिरो धक्का लागेको छ। विश्लेषकहरू यो घटनाबाट प्रधानमन्त्री तथा रक्षा मन्त्रीको समेत कार्यभार सम्हालेका राजा ज्ञानेन्द्रको नैतिक पराजय भएको बताउँछन्।

शाही नेपाली सेनाको श्रोतहरूका अनुसार चैत २३ गते राती सर्लाहीमा आक्रमण गरिरहेका माओवादीविरूद्ध परिचालित उक्त एमआई १७ हेलिकोप्टर दोस्रो चोटी राती १ बजे उडान भरेको भण्डै २५ मिनेटपछि सम्पर्कविहिन भएको थियो। मेजर सुवास राई र अशोक केसीसहित ३ जना चालक दलका सदस्य र ७ जना रेन्जरहरूसहितको उक्त हेलिकोप्टर जमिनमा खसेपछि सबैको मृत्यु भएको जनाइएको छ।

शाही नेपाली सेनाले दुर्घटनाको कारण पत्ता लगाउनका लागि आन्तरिक छानविनको आदेश दिइसकेको छ। यसबीच माओवादीले 'सेनाको सबैभन्दा प्रभावकारी मानिएको लान्सर नाइटभिजन हेलिकोप्टर गोली हानी खसालिदिएको' दावी गरेको छ। तर, सैनिक विषेशज्ञहरूका अनुसार उक्त हेलिकोप्टरमा विशेष किसिमको कवज (स्पेशल आर्मर प्लेटिङ) गरिएको हुनाले त्यस्तो संभावना अत्यन्त न्युन छ। उनीहरूका अनुसार, त्यो प्लेटिङका कारण जमिनबाट प्रहार गरिएका मिसाइलबाहेक गोलीले यसलाई खासै असर गर्न सक्दैन। र, माओवादीसँग 'एन्टी एयरक्राफ्ट' मिसाइल नभएकाले यो घटनामा उनीहरूको हात हुन नसक्ने विशेषज्ञहरूले बताएका छन्।

स्थलगत भ्रमणमा गएर फर्केका सैनिक सूत्रका अनुसार, हेलिकोप्टरको माथिल्लो भाग बढी क्षतिग्रस्त छ। दुर्घटनास्थलको ४/५ सय मिटर वरपरसम्म टुक्राहरू छरिएकाले पनि हेलिकोप्टरभित्रैको प्राविधिक त्रुटिका कारण विष्फोटबाट दुर्घटना भएको हुन सक्ने ति विशेषज्ञहरूले बताएका छन्।

यसअघि सशस्त्र विद्रोही माओवादीले शाही नेपाली सेनाको ब्यारिक रहेको सर्लाहीको नवलपुर र सदरमुकाम मलगंवामा चैत २३ गते राती ९ बजे एकैपटक आक्रमण गरेका थिए। नवलपुरको आक्रमणमा किराना पसले कृष्ण रौनियार र पसलमा चिया खाइरहेका भारतीय नागरिक राम शाहको मृत्यु भएको छ। बाटोमा अन्धाधुन्द बन्दुक पड्काउँदै आएका माओवादीको गोलीबाट ३ जना सर्वसाधरण पनि घाइते भएका छन्।

मलंगवामा माओवादीसँगको दोहोरो भिडन्तमा ६ जना प्रहरीको मृत्यु भएको छ भने माओवादीतर्फ ४ जनाको मृत्यु भएको जनाएको छ। उनीहरूले मालपोत र जिल्ला प्रशासन कार्यालयमा एकैसाथ आक्रमण गरेका थिए। माओवादीले प्रमुख जिल्ला अधिकारी बोधराज अधिकारीसहित १० जना सरकारी कर्मचारीको अपहरण गरेका छन् भने कारागारमा आक्रमण गरी २२ जना आफ्ना साथीसहित १ सय ८ कैदी भगाएका छन्। आक्रमणको क्रममा उनीहरूले कृषि विकास बैंकमासमेत आगजनी गरेका थिए।

यो समाचार तयार गर्दासम्म सर्लाही आक्रमणमा मृत्यु हुनेमध्येका १० जनाको शव काठमाडौं ल्याइसकिएको छ।

माओवादीका अधिकांश आक्रमणहरूलाई निस्तेज पार्नमा निकै प्रभावकारी मानिएको उक्त नाइटभिजन हेलिकोप्टर दुर्घटना भएको यो पहिलो हो। सेनासँग ४ वटा एमआई १७ हेलिकोप्टर छन् ति मध्ये एउटा दुर्घटनामा ध्वस्त भयो भने २ वटा मर्मतका लागि थन्किएका कारण एउटा मात्रै चालु अवस्थामा छ। हेलिकोप्टरको प्रभावलाई ध्यान दिदैं सेनाले रसियाबाट ४ वटा एमआई १७ र चीनबाट २ वटा एफए ६० हेलिकोप्टर मगाएको छ। तिमध्य २ वटा एमआई १७ हेलिकोप्टर १ महिनाभित्रै नेपाल आँउदैछन्। ■

गरेका थिए । अहिले दलका नेताहरूलाई घरबाटै पक्राउ गरेर, सहरमा निषेधाज्ञा जारी गरेर तथा कर्फ्यु लगाएर माघ १९ को दोस्रो संस्करण अघि बढाउन खोजेको छ, सरकारले । यद्यपि, त्यस बेला जसरी अहिले (बुधबार राति) यो समाचार तयार पार्दासम्म टेलिफोन, मोबाइललगायत सञ्चार साधनविहीन बनाइएको छैन ।

सरकारले दमन अभियान तीव्र बनाए पनि गत शुक्रवार सुरक्षानिकायका प्रमुखहरूलाई राजाले 'जनको क्षति' नपुऱ्याउन निर्देशन दिएको उच्च स्रोतले *समय*लाई बताएको छ । तर, दमनको यो प्रक्रिया जारी रहेमा राजाको त्यस्तो निर्देशन हुँदाहुँदै पनि जनधनको क्षति रोकिने सम्भावना छैन भने अहिले नै सरकारको अवज्ञा गर्ने मनस्थितिमा पुगेको नागरिक समाजको अरू धेरै विरोध र अवज्ञा राजा तथा सरकारले व्यहोर्नु पर्नेछ, त्यस बेला ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा एक्लिँदै गएको सरकारले सात दलको हडताल र प्रदर्शन असफल पार्ने नाममा राजधानी प्रवेश गर्ने नाका चैत २३ गते नै बन्द गऱ्यो र मानिसको हिँडडुल गर्न पाउने अधिकारमा बन्देज लगायो । त्यस दिन बिहानैदेखि अरनिको राजमार्गबाट आउने सार्वजनिक सवारीसाधनलाई राजधानी छिर्न रोकियो भने थानकोटबाट आउने यात्रुहरूलाई राजधानी आउने उचित कारण देखाउन नसकेको आरोपमा फर्काइयो । सरकारको यो गैरन्यायिक कामले आन्दोलनकारी दलका कार्यकर्ता मात्र होइन, अत्यावश्यक काममा राजधानी आइरहेका सर्वसाधारण पनि प्रभावित भएका छन् ।

सरकारको दमनकारी क्रियाकलापको संयुक्त राष्ट्रसंघीय नेपालस्थित मानवअधिकार अनुगमनकर्ता इआन मार्टिनले विरोध जनाएका छन् भने केही नेपाली मानवअधिकारवादी संस्थाहरूले सरकारले दमनकारी क्रियाकलाप जारी राखेमा सरकारी पदाधिकारीहरूलाई 'मानवअधिकार विरोधी र युद्धसम्बन्धी अपराधमा अन्तर्राष्ट्रिय अदालतमा मुद्दा चलाउनसमेत पछि नपर्ने' चेतावनी दिएका छन् । नेपाल मानवअधिकार संगठन, मानवअधिकार संरक्षण मञ्च र मानव विकास तथा शान्ति अभियानले चैत २३ गते सामूहिक विज्ञप्ति निकाल्दै 'कर्फ्यु लगाउने र गोली ठोक्ने जस्ता काम तत्काल नरोकिए संयुक्त राष्ट्रसंघका महासचिव तथा मानवअधिकार समितिसमक्ष उजुर गर्ने' पनि उल्लेख गरेका छन् । यसैगरी अमेरिकाले पनि सरकारको दमनकारी क्रियाकलापले राजा र दलहरूबीच संवादको सम्भावना झन् न्यून पारेको उल्लेख गर्दै आन्दोलनको समर्थन गरेको छ ।

### माओवादीप्रति अन्योल कायमै

सात दलद्वारा संचालित शान्तिपूर्ण आन्दोलनलाई सजिलो पार्न काठमाडौं उपत्यकामा माओवादीले फौजी गतिविधि स्थगित गरे पनि मोफसलमा भने उसले पछिल्लो समय हिंसात्मक घटना तीव्र पारेको छ । हिंसात्मक क्रियाकलाप बढाउने क्रममा माओवादीले आफ्नो प्रतिबद्धताविपरीत झापाको सुरुंगा र



**माओवादीप्रति विश्व महाशक्ति अमेरिकाभन्दा नरम धारणा राख्दैआएको भारतले पछिल्लो समय त्यहाँका माओवादीसँग वार्ता नगर्ने अडान राखेर नेपालका माओवादीप्रति पनि आफ्नो पुरानो धारणा फेरिन सक्ने संकेत दिएको छ ।**

सिन्धुपाल्चोकको खाडीचौरमा एसएलसीको प्रश्नपत्र लिएर गइरहेका तथा पुऱ्याएर फर्किरहेका सुरक्षाकर्मीमाथि आक्रमण गरेको छ र कयौंको ज्यान लिएको छ । एसएलसी परीक्षामा बाधा नपुऱ्याउने पूर्व प्रतिबद्धताविरोधी माओवादीको यो क्रियाकलापले उसको विश्वसनीयता थप संकटमा परेको छ । राजधानीमा युद्धविराम गरेको माओवादीले चैत २३ गते बेलुका सर्लाहीको मलंगवा र नवलपुरमा भीषण आक्रमण गरेर हिंसाप्रतिको मोह कायम नै रहेको प्रमाण जुटाई दिएको छ ।

राजधानीको माओवादी 'युद्धविराम'लाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायले सकारात्मक बताए पनि त्यो पर्याप्त नभएको र देशैभरी युद्धविराम गर्नु पर्ने धारणा सार्वजनिक भइरहेका बेला माओवादीबाट भएका पछिल्ला हिंसात्मक घटनाले ऊप्रतिको शंका बढाउने स्पष्टै छ र त्यसले हिंसात्मक घटना बन्द गर्न र एकपक्षीय युद्धविराम गर्ने आह्वान गरिरहेका सात दलको स्वरलाई पनि उपेक्षा गर्छ । दैलेखमा एसएलसी परीक्षामा भएको बम विस्फोट निन्दनीय बनिरहकै बेला माओवादीले बाँके, बेतनियामा सर्वसाधारणलाई आफ्नो सभामा उपस्थित हुन नमानेको आरोप लगाउँदै कुटपिट गरेको छ र जबरजस्तीको पराकाष्ठा देखाएको छ । यसैगरी माओवादी अध्यक्ष प्रचण्डको निहत्था र गैरसैनिकलाई हत्या नगर्ने प्रतिबद्धताविपरीत बर्दियामा माओवादी निकट अखिल नेपाल जनसांस्कृतिक संघका केन्द्रीय सदस्य गणेश भण्डारीले 'धार्मिक र सांस्कृतिकरूपमा भ्रम फैलाउने संस्था र तिनका सदस्यलाई नछाडिने र उनीहरूमाथि भौतिक आक्रमणसम्मको कारबाही गर्ने' बताएका छन् र नेतृत्वको नियन्त्रण माओवादी कार्यकर्तामा कमजोर रहेको संकेत गरेका छन् ।

माओवादीप्रति विश्व महाशक्ति अमेरिकाभन्दा नरम धारणा राख्दैआएको भारतले पछिल्लो समय त्यहाँका माओवादीसँग वार्ता नगर्ने अडान राखेर नेपालका माओवादीप्रति पनि आफ्नो पुरानो धारणा फेरिन सक्ने संकेत दिएको छ । हतियारलाई राजनीतिको माध्यम बनाएसम्म माओवादीप्रति सकारात्मक बन्न नसकिने बताएर उसले नेपालका सबै शक्ति मिल्नु पर्ने नीतिमै जोड दिएको छ । भारतको पछिल्ला भनाइले हतियार प्रयोगलाई निरन्तरता दिइरहेको माओवादी अन्तर्राष्ट्रिय जगतबाट एक्लिने संकेत मिल्छ ।

तर, निरन्तर निरंकुशता र हठको यात्रामा अघि बढिरहे सबैभन्दा नोक्सानी राजाले नै व्यहोनुपर्ने स्पष्ट छ । तीन विपक्षी दलको बहिष्कारपछि थाइल्यान्डको निर्वाचन आफूले जिते पनि त्यो असफल भएको महसुस गरी त्यहाँका प्रधानमन्त्री थाक्सिन सिनावात्राले पद त्याग गर्ने घोषणा गरेका छन् । सिनावात्राले राजा भूमिवललाई राष्ट्रिय एकताको प्रतीक बनाउन उनको शासनको ६० वर्षको उपहारस्वरूप प्रधानमन्त्री नहुने निर्णय गरेको बताएका छन् । इङ्ल्याण्डको प्रजातान्त्रिक पद्धति असफल भएकाले थाइल्याण्डलाई नमूना मान्नुपर्ने तर्क गर्दै आएका अनुदारवादी दरबारियाहरू समेत सिनावत्राको नैतिक उदाहरणबाट झस्किएका छन् । राजाले आफ्नै शुभचिन्तकको सल्लाह ग्रहण नगरेमा आफ्नै असफलताको रासमा उनी छोपिने र राष्ट्रिय तथा अन्तर्राष्ट्रियरूपले झन् एक्लिने खतराले त्रस्त छन्, उदारवादी दरबारियाहरू ।

राजाको प्रत्यक्ष शासनपछि उनका क्रियाकलापले शाही सरकारप्रति आशावादी रहेको एउटा समूह पनि अहिले निरास भइसकेको छ । दमन र षड्यन्त्रकारी क्रियाकलापबाट आफ्नो सत्ता लम्ब्याउने ताकमा रहेका राजा ज्ञानेन्द्रको मनसाय पूरा नहुने संकेत उनीविरोधी लहरहरूले दिइरहेको छ । उता माओवादीले पनि अमानवीय क्रियाकलाप गरेर माफी माग्दै वा गल्ती महसुस गरेको दाबी गर्दै ज्यादतीपूर्ण चरित्र दोहोऱ्याईरहेका छन् । राजा ज्ञानेन्द्र र माओवादी दुवैका चरित्रले निश्चय पनि पूर्ण लोकतन्त्र र न्यायको पक्षमा रहेका सर्वसाधारणलाई कुनै राहत दिन सकिरहेका छैनन्, कमसेकम पछिल्ला घटनाक्रम अवलोकन गर्ने हो भने । ■



निर्वाचन आयोगको कार्यालय

भास्वर ओझा

# निर्वाचन : बेमौसमको राग

■ किरण भण्डारी/काठमाडौं

**आर्थिक दृष्टिले निकै महँगो मात्र होइन, राजनीतिक र कूटनीतिक हिसाबले पूर्णतया असफल सावित नगरनिर्वाचनको पाठलाई लत्याएर राजा ज्ञानेन्द्रले आम निर्वाचनको रट नत्याग्ने हो भने शाही सत्ता आन्तरिक र बाह्य शक्तिहरूबाट अझ तिरस्कृत हुने स्पष्ट छ। दलहरू, पेसागत संघसंगठन, कूटनीतिक वृत्त र समुच्च मुलुकले निर्वाचन बेमौसमको राग भएको बताइरहेका बेला आयोग र सुरक्षानिकाय भने चुनावी प्रक्रियाको खेलमा करोडौं रकम कुम्ल्याउन पाउने लोभमा राजालाई उक्साइरहेका छन्।**

**माओवादी द्वन्द्वको** आयतन बढ्दै जाँदा मुलुकको विकास निर्माण आनुपातिक हिसाबले घट्दै गएको छ। विकासको सबैभन्दा तल्लो निकाय गाविसदेखि केन्द्रीय योजनाहरूमध्ये कैयन् थाती बसेका छन्।

निर्वाचन आयोग भने मुलुकभरको मतदाता नामावली अद्यावधि गर्ने योजना बर्सेनि यथावत् चलाइरहेको छ। हिमाल, पहाड र तराईका गाउँका वडा वडाका घरदैलोमा नाम संकलन गर्नु पर्ने योजना पूरा गरेको भन्दै आयोगले यो शीर्षकमा विनियोजन भएको ठूलो राशि खर्चिरहेको छ। काठमाडौं या भक्तपुर जतिकै चुस्त रूपले रुकुम, रोल्पा, जाजरकोट जस्ता जिल्लामा गाविस सचिवको सक्रियतामा नामावली अद्यावधि भएको प्रतिवेदन बनेका छन्, जुन कसैगरी विश्वसनीय छैन।

आयोगका कर्मचारीहरू आफैं नामावली अद्यावधि गरेको नाममा लाखौं रुपैयाँ अपचलन हुने गरेको दाबी गर्छन्। उनीहरूले केही वर्षदेखि कसरी त्यो काम सम्पन्न गरियो भनी छानबिन हुनु पर्ने मागसमेत गरेका छन्।

प्रत्येक वर्ष चैत मसान्तसम्म १८ वर्ष पुगेका नेपालीको नाम संकलन गरी मतदाता नामावली अद्यावधि गर्ने काम यसपाला पनि नयाँ वर्षदेखि सुरु हुने भएको छ। अद्यावधि गर्दा मृतक, बिहे गरेर गएकी छोरी, बसाइँसराइ गरेका व्यक्तिको नाम हटाउने र १८ वर्ष पुगेका युवायुवती, नयाँ बुहारी, बसाइँ सरेर आएका परिवारका बालिग सदस्यको नाम मतदाता सूचीमा थप्नुपर्छ। २०६३ भित्र प्रतिनिधिसभा निर्वाचन गराइसक्ने राजाको घोषणाको आडमा यस पालाको मतदाता नामावली अद्यावधि कार्यक्रममा बजेट साविकभन्दा बढी विनियोजन गरिएको छ।

नामावली अद्यावधि गर्नेबारे रक्षा, गृह र स्थानीय विकास मन्त्रालयलाई लेखेको पत्रमा समेत आयोगले राजाको 'निर्वाचन गराउने अठोट'लाई स्मरण गराएको छ। वैशाख २ गतेदेखि थालेर मसान्तसम्म मतदाता नामावली संकलनको प्रारम्भिक काम सक्ने तालिका पनि बनेको छ।

देशभरका गाविस र नगरपालिकाका वडासचिव परिचालन गरेर नामावली संकलन गर्ने बताइएको छ। अद्यावधि गर्न ६ करोड रुपैयाँ खर्च हुने पूर्वानुमान छ। 'वैशाखभरि नाम संकलन गरेर जेठमा मतदाताको प्रारम्भिक सूची प्रकाशित गरिसक्ने क्यालेन्डरअनुसार पूर्वतयारी भइरहेको छ', आयोगका प्रवक्ता तेजमुनि बज्राचार्य भन्छन्, 'नामावली अद्यावधि गर्ने कामको लागत ६ करोड

रुपैयाँ हाराहारी छ ।'

माओवादी सशस्त्र विद्रोहका कारण गाविस सचिवहरू गाउँमा बस्न नसक्केको खबर दिनहुँ थपिँदै गइरहेका बेला घरदैलोमा पुगेर नाम संकलन गर्ने योजना कति सफल होला भन्ने गम्भीर प्रश्न खडा भएको छ। गत वर्षहरूमा पनि नाम संकलन र अद्यावधि भइरहेको तर्क गर्दै बज्राचार्य भन्छन्, 'सचिवहरू गाउँ, टोल, घरदैलोमा पुगेर नामावली संकलन गरेर ल्याउने गरी हामीले कार्यक्रम तयार गरेका छौं।'

३ हजार ९ सय १२ गाविसमध्ये ५ सयभन्दा गर्ने मोडेलले यस पाला पनि निरन्तरता पाउन लागेको भन्दै विज्ञहरूले आलोचना गरेका छन्। 'हचुवाको भरमा मतदाता नामावली अद्यावधि गरेको प्रतिवेदन तयार गर्ने र रीत पुऱ्याएर बजेट सक्ने ध्येयले मात्र यस्ता योजना अघि बढिरहेका छन्', पूर्व गृहसचिव श्रीकान्त रेग्मी भन्छन्, 'संवैधानिक निकाय रीत पुऱ्याउने अभ्यासमा मात्र लालायित हुनु हुँदैन ।'

मतदाता नामावली मुलुकको नागरिक भएको पहिचान पनि हो। नागरिक हुनु भनेको मौलिक

**सेनालाई नै काम दिइए पनि मतपत्र ढुवानीमा ४ करोड रुपैयाँ खर्च हुने कुनै सम्भावना देखिँदैन। उपत्यका र काभ्रेपलाञ्चोकका नगरपालिका छाड्ने हो भने ५० वटामा मात्र हवाई मार्ग प्रयोग गर्न आवश्यक देखिन्छ। 'हेलिकोप्टरको एकपल्टको उडानले एउटा जिल्लामा मात्र लगेको मान्ने हो भने पनि ढुवानी खर्चले ५० लाखभन्दा नाघ्दैन,' आयोगका एक कर्मचारी भन्छन्।**



प्रमुख निर्वाचन आयुक्त केशवराज राजभण्डारी

भास्कर ओझा



बढीमा दरबन्दी नै रिक्त रहेको र अधिकांशमा सचिव गाउँमा जान सक्ने अवस्था नभई जिल्ला सदरमुकाममै रहेको अवस्थामा मतदाता नामावली अद्यावधि योजना दुहुनो गाई मात्र भएको ठोकुवा गर्न सकिन्छ। यसका लागि सरकारले गरेको खर्च बालुवामा पानी हालेसरह हुने निश्चित छ।

अधिकांश जिल्लाका सदरमुकाम मात्र सरकारको कब्जामा रहेका बेला सचिव गाउँघरमा गई नाम संकलन गर्न असमर्थ हुने तथ्यलाई बुझ पचाएर करोडौं खर्च गर्ने काम भइरहेकोमा आयोगभित्रै आक्रोश छ। 'वस्तुस्थितिबारे केही थाहा नभएको स्वाङ गरेर बर्सेनि करोडौं रकम स्वाहा गर्ने काम भइरहेको छ', आयोगका एक उच्च अधिकारी भन्छन्, 'पुरानै सूचीमा सदरमुकाममा बसेर केही व्यक्तिको नाम थपेको भरमा केन्द्रदेखि जिल्लास्तरसम्मका हाकिमले भाग शान्ति गर्न पाउने हुँदा यो कार्यक्रमलाई खुब प्राथमिकता दिएर अघि बढाइएको छ।' राजाबाट विगतका सम्बोधनमा भएको निर्वाचनको घोषणाको आडमा अद्यावधि योजना आयोग पदाधिकारीहरूका लागि सुनको अन्डा दिने कुखुरा बनेको छ।


घरदैलोमा पुगेर मात्र सम्भव हुने मतदाता नामावली संकलन र अद्यावधि कार्यक्रमलाई 'रीत पुऱ्याएर बजेट सक्ने प्रपञ्च'को रूपमा उपयोग हकको उपभोग गर्न पाउने अधिकारी हो। 'यस्तो संवेदनशील विषयमा सदरमुकाममा बसेर फारम भर्नु पर्ने अवस्था रहेका बेला मतदाता नामावली अद्यावधिको खासै औचित्य नभएको विश्लेषण गर्न सकिन्छ', रेग्मी भन्छन्, 'कतिपय गाविसमा सचिव पद रिक्त छ, पूर्ति भएकामध्ये पनि अधिकांशमा सचिव गाउँमा जान सक्ने अवस्था छैन।' स्थानीय विकासका उच्च अधिकारीहरूका अनुसार काठमाडौं र भक्तपुरबाहेकका ७३ जिल्लामा अधिकांश गाविस सचिव सुरक्षाका कारण सदरमुकाममै बसिरहेका छन्।

माओवादी अति प्रभावित पहाडी जिल्ला मात्र होइन, तराईका सुगम जिल्लामा समेत सचिवका कार्यालय गाउँमा छैनन्। मकवानपुर, मोरङ, बाँके वा जुम्लाको उदाहरणले सचिवहरूको गाविसमा उपस्थितिको तस्वीर कस्तो छ भन्ने छर्लंग हुन्छ। गृहमन्त्री कमल थापाको जिल्लाका दुई दर्जन गाविस सचिवले हेटौंडा नगरपालिकाको मनकामना चोकमा कार्यालय खोलेर बसेका छन्। मोरङका सबै गाविसका सचिवलाई जिविसले विराटनगर, उर्लाबारी, लेटाङ, इटहरीमा एकट्ठा गरेर राखेको छ। सुरक्षाका कारण सचिवहरू गाउँ जान नसकेकाले छिमेकी जिल्ला सुनसरीको इटहरीमा गाविस सचिवहरू मिलेर बसेका छन्। बाँकेमा कोहलपुर, शमसेरगन्ज र नेपालगन्जमा गाविस कार्यालय खुलेका छन्। हिमाली भेगको जुम्लाको सदरमुकाम महत र चन्दननाथ गाविसबाहेक अन्यत्र सचिव छैनन्।

अद्यावधिका लागि छुट्याइएको खर्चको आधाभन्दा बढी हिस्सा गोष्ठी, पोस्टर, पम्प्लेटिङ, प्रचार-प्रसारका नाममा खर्च हुने जानकारहरू बताउँछन्। सचिवले गाउँमा प्रवेश नै गर्ने अवस्था नरहेको अहिलेको यथार्थ लुकाएर कागजमा प्रचारात्मक कार्यक्रम गाउँगाउँ पुगेको बन्ने गरेका छन्।

कर्मचारी पुगेको गाउँमा समेत प्रमुख राजनीतिक दलको सक्रिय सहभागिताविना नामावली अद्यावधि प्रशासनिक प्रक्रिया पुऱ्याएर क्रियाभन्दा माथि उठ्न नसक्ने अनुभवीहरूको भनाइ छ। पूर्व प्रमुख निर्वाचन आयुक्त सूर्यप्रसाद श्रेष्ठ भन्छन्, 'प्रजातन्त्रमा मतदाताको नाम अद्यावधि गर्नु आधारभूत अभ्यास हो, तर दलहरूले चुनाव बहिष्कार गर्ने घोषणा गरेको अहिलेको अवस्थामा कर्मचारी पुग्न सकेको गाउँनगरमा समेत सही सूची तयार हुन सक्दैन।' नामावली अद्यावधि सुरु गरेर फेरि निर्वाचनको राजनीतिको चाल सुरु भएकोमा श्रेष्ठ दुःख व्यक्त गर्छन्। नगरनिर्वाचनमा हात लागेको चौतर्फी असफलताबाट पाठ सिकेर समस्यालाई सम्बोधन गर्नु पर्नेमा त्यसको सट्टा गम्भीर मुद्दाहरूबाट भाग्ने प्रवृत्ति हावी भएकाले झनै दलदलमा फसिरहेको

| वर्ष | सदर मत | चुनावी खर्च | जम्मा मतदान केन्द्र | प्रतिमत खर्च(रु.) | प्रतिकेन्द्र खर्च (रु.) |
|---|---|---|---|---|---|
| २०४८ | ७२,९१,०८४ | ९ करोड | १३,६७२ | १२.३४ | ६,५८२ |
| २०५१ | ७६,२५,३४८ | १९ करोड | १५,६०३ | २४.९४ | १२,१७७ |
| २०५६ | ८८,९४,५६६ | ३५ करोड | १३,६४२ | ३९.३४ | २५,६५६ |
| २०६२ | ३,१०,००० | २२ करोड | १,०४० | ७०९.६७ | २,११,५३८ |


नगर निर्वाचनको नाटक : यसले फाइदा पुर्‍यायो त आयोग र सेनालाई मात्र !

उनको धारणा छ। 'मतदाता नामावली अद्यावधि होइन, दलहरूसँग कुरा थालेर समाधान खोज्नु पर्छ', उनी भन्छन्, 'त्यसको लागि आगामी वर्ष गर्ने भनिएको निर्वाचन सबैभन्दा ठूलो बाधक हुन्छ।'

नगरनिर्वाचनलाई नजिर मान्ने हो भने त्यसबाट राजालाई असफलता मात्र हात लागेकाले आम निर्वाचनको हठ त्याग्नु हरेक दृष्टिले उपयुक्त देखिएको छ। आर्थिक हिसाबले विगतका भन्दा कयौं गुणा महँगो निर्वाचन जनसहभागिता हिसाबले लज्जास्पद बन्यो। 'प्रतिस्पर्धामा मात्र गुणस्तर अभिवृद्धि हुन्छ भन्ने सिद्धान्त'लाई निर्विरोध वा केही मतले छानिएका विजयी पदाधिकारीको राजनीतिक शैक्षिक स्तरले झनै जीवन्त बनाएको छ। मुलुकभित्रका प्रमुख राजनीतिक दलले बहिष्कार गरेको र अन्तर्राष्ट्रिय समुदायले मान्यता नदिएको नगरपालिका निर्वाचनका नाममा राष्ट्रिय ढुकुटीबाट करोडौं खर्च भयो।

राजनीतिक समाधानको मुद्दालाई चटक्कै पन्छाएर राजहठ पूरा गर्नकै लागि निर्वाचनको नाटक फेरि मञ्चन गर्ने हो भने नगरपालिका निर्वाचनभन्दा धेरै महँगो हुनेछ आमचुनाव। त्यसका साथै राजा झनै एक्लिने र संसद् नालायकहरूको बथान बन्ने चेतावनी अन्तर्राष्ट्रिय जमातले समेत दिइसकेको छ। नगरपालिका निर्वाचनलाई प्रमुख मित्रराष्ट्र र दातृ निकायले मान्यता दिएका छैनन्। कतिसम्म भने शाही सरकारका केही वरिष्ठ मन्त्रीहरूसमेत सम्भावित आम निर्वाचनले पनि सत्तालाई अन्तर्राष्ट्रिय मान्यता प्राप्त नहुने भएकाले चुनाव गराइछाड्ने राजाको अठोटमा पुनर्विचार हुनु पर्ने पक्षमा छन्। उता सुरक्षानिकाय र आयोग भने बजेट खेलाउने र मह चाट्न पाउने लालसामा निर्वाचन गराउन राजालाई उक्साइरहेका छन्।

राजनीतिक, सामाजिक, आर्थिक हिसाबले औचित्यहीन र द्वन्द्व समाधानको कोणबाट झनै प्रत्युत्पादक नगर निर्वाचनमा भएको यो खर्च कति निरर्थक थियो भन्ने निर्वाचित पदाधिकारीले धमाधम राजीनामा दिइरहेका घटनाले आफैं बोलिरहेका छन्।

अन्तर्राष्ट्रिय समुदायका सामु प्रजातान्त्रिक छवि देखाउन रचिएको स्थानीय निर्वाचनको नाटक असफल भए पनि सरकार फेरि आम निर्वाचनमा हाम फाल्ने अन्तिम तयारी गरिरहेको छ। कूटनीतिक रूपमा असफल सरकार अरू त अरू भारतका अतिवादीहरू समेत आम निर्वाचनको विपक्षमा उभिँदा समेत सचेत हुन सकेको छैन। चीन सरकार समेत सकारात्मक नभएपछि हिन्दुहरूको परम्परागत शक्ति आरएसएसको आडमा कूटनीतिक छट्टुपना देखाउन खोजेको सरकार उनीहरूसमेत राजनीतिक दलहरूको एजेन्डामा उभिएपछि नराम्ररी रन्थनिएको छ।

## अहिले के को निर्वाचन ?


■ पूर्व निर्वाचन आयुक्त
प्रा. वीरेन्द्रप्रसाद मिश्र

निर्वाचनमा वातावरण मुख्य कुरा हो। मतदाता समक्ष उम्मेदवार पुग्न सक्ने र रोजेको प्रतिनिधिलाई मतदान गर्न पाउनु निर्वाचनको आधारभूत सर्त हो। सम्पन्न नगरनिर्वाचन र राजाबाट वैशाखमा घोषणा हुने हल्ला चर्किंदै गएको प्रतिनिधिसभा निर्वाचनका लागि वातावरण नै छैन। विदेशीलाई देखाउन र प्रजातन्त्रको फोस्रो नारा रट्ने उद्देश्यले निर्वाचनको औपचारिकता मात्र पूरा गर्नुको केही अर्थ छैन। नगरनिर्वाचनमा त्यस्तै भएको छ।

एक छिनलाई सम्पन्न निर्वाचनको राजनीतिक र कूटनीतिक मान्यतालाई थाती राख्ने हो भने पनि जनताको समस्यासँग काँध मिलाउन, योजना निर्माण र कार्यान्वयन गर्ने कुनै सीप र योग्यता नभएको झुन्ड निर्वाचित भएको छ। गुणात्मक मात्र होइन संरचनागत हिसाबले समेत नगरपालिकाहरू पंगु भएका छन्। काठमाडौंमा समेत पूर्ण आकारको संरचना बन्न सकेको छैन। मनोनयन पत्र दाखिल गरेकै भरमा सिंगो नगरपालिकामा एक मात्र पदाधिकारी निर्वाचित भएको रेकर्ड पनि कायम भएको छ।

पन्ध्र प्रतिशतभन्दा कम सिटमा मात्र निर्वाचन प्रक्रियाद्वारा पदाधिकारी छानिएका छन्। जनताको अत्यन्त न्यून सहभागिता भएको करिब २१ प्रतिशत मतदान भएबाट पुष्टि हुन्छ। राजनीतिक दलले भाग नलिएको र मतदातामा माओवादीको त्रास व्याप्त भएका बेला आफूलाई प्रजातन्त्रवादी देखाउन गरिएको निर्वाचनको हविगत यस्तै हुन्छ भन्ने पूर्वजानकारी जो कोहीलाई थियो। निर्वाचनको कर्मकाण्ड पुर्‍याएर नाम मात्रको प्रतिनिधिसभा गठन गरेर संवैधानिक र प्रजातान्त्रिक देखाउन फेरि संसदीय निर्वाचनको प्रपञ्च रच्न लागिएको छ। देशव्यापी रूपमा सम्पन्न गर्नु पर्ने आम निर्वाचन नगरभन्दा धेरै गुणा औचित्यहीन हुनेछ।

मतदाता नामावली अद्यावधि गाविस सचिव समेत गाउँमा टेक्न नसक्ने अवस्था रहेका बेला केको निर्वाचन ? त्यसैले आम चुनावमार्फत 'हात्तीको देखाउने दाँत'को राजनीति गर्न खोजिएको छ। साथै निर्वाचनका नाममा आर्थिक अनुशासन हिनताको क्रियाकलापसमेत व्यापक भएको छ। निर्वाचन आयोगले समेत आर्थिक रूपमा आफूलाई चोखो राख्न नसकेको नगरनिर्वाचनमा २२ करोड खर्च भयो भन्ने बहालावाल प्रमुख आयुक्तको भनाइबाट पुष्टि भएको छ। दस वर्षअघि भएको मध्यावधि निर्वाचनको हाराहारी खर्च भएको देखिएको छ, जुन पत्याउन मुस्किल पर्छ। ■

भारतीय हिन्दु संगठन (आरएसएस)को मुख पत्र 'अर्गनाइजर'ले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यता प्राप्त नहुने निर्वाचनका लागि राजाले हठ गर्न नहुने सुझाव दिएको छ। उसले सर्वोच्च अदालतको राय लिएर प्रतिनिधिसभा पुनःस्थापना हुन सके समाधानका लागि बाटो सहज हुनेसमेत बताएको छ।

नगरपालिका निर्वाचनले सिकाएको पाठलाई लत्याएर सत्ता महत्त्वाकांक्षा प्राप्तिकै लागि निर्वाचनको औपचरिकतामा जाने हो भने पुरानै नियति दोहोरिने निश्चित छ। निर्वाचनलगायतका विषयमा अमेरिकासँग कूटनीतिक समर्थन बटुल्ने सरकारको पछिल्लो प्रयास पनि असफल भएको छ। 'राजा प्रजातन्त्र पक्षधर हुन्' भन्दै उनको पक्षमा लवी गर्न सरकारले दैनिक प्रतिव्यक्ति ६ सय डलर खर्चेर गेज नामक संस्थाका दुई उपाध्यक्ष माइक रसन र एन्ड्रुआर कोचरनलाई भाडामा लिइएको छ। तर, उनीहरूले राजाको पक्षमा गरेको सशुल्क लवीङले अमेरिकी नीतिमा रौंबराबर पनि प्रभाव पर्न सकेको छैन।

सरकारी सुरक्षा नियन्त्रणमा रहेको दाबी गरिएका नगरपालिकाको निर्वाचनमा मनोनयन पत्र समेत दर्ता नभएकाले ५५ प्रतिशत स्थान रिक्त छ। निर्विरोध भएको संख्यालाई अलग्याउने हो भने १५ प्रतिशतभन्दा कम सिटमा मात्र मतदानको प्रक्रियाबाट पदाधिकारीको चयन भएको छ। यसमा पनि २१ प्रतिशतभन्दा कम मतदान भएकाले नगरनिर्वाचनमा जनताको सहभागिता लज्जास्पद छ।

'प्रजातान्त्रीक छवि' प्रदर्शन गर्ने दाउमा यस्ता तथ्यलाई नजरअन्दाज गरी आम निर्वाचनको रट दोहोर्‍याइरहने हो भने अवस्था अझ बिग्रेर जाने ठोकुवा विश्लेषकहरू गर्छन्। 'सुरक्षादेखि हरेक हिसाबले सरकारको पहुँचभन्दा बाहिर द्वन्द्व थापेको भरमा कस्तो चुनाव होला, कस्तो जनसहभागिता देखिएला ?', पूर्वआयुक्त वीरेन्द्रप्रसाद मिश्र प्रश्न गर्छन्।

प्रशासनको खटन र निगाहामा सम्पन्न निर्वाचनले नगरपालिकालाई सुरक्षा फौजको लाचार छायाँ बनाएको विश्लेषण गर्नेहरू पनि धेरै छन्। अधिकांश नगरपालिकाका प्रमुख-उपप्रमुखले केही संख्यामा सुरक्षाकर्मी राख्दा गरेको भुक्तानीले पनि त्यसलाई पुष्टि गर्छ। नगरपरिषद् सम्पन्न भएका नगरपालिकाले सुरक्षाका नाममा सुरक्षानिकायलाई मासिक २५ हजार रुपैयाँसम्म दिने निर्णय गरेका छन्।

नगरपालिका संघका महासचिव विदुर मैनाली प्रश्न गर्छन्, 'निवासमा बस्न नसक्ने, घर भाडामा लिनु पर्ने, सुरक्षाको नाममा तलबभन्दा ठूलो खर्च गर्ने र सुरक्षाकर्मी र प्रशासनलाई हाकिम मान्ने नगरप्रतिनिधिले जनताको के काम गर्लान् ?'

## महँगो निर्वाचन

प्रजातन्त्र पुनःस्थापनापछिका पाँच निर्वाचनको आर्थिक विवरणले दुर्गममा भन्दा सुगममा धेरै गुणा कम खर्च भएको देखिन्छ। पूर्व प्रमुख निर्वाचन आयुक्त सूर्यप्रसाद श्रेष्ठको अनुभवमा २०४८ को आम निर्वाचन र २०४९ को स्थानीय निर्वाचनमा हिमाली भेग र विकट पहाडमा प्रतिबुथ खर्च तराई र सुगम ठाउँको भन्दा पाँच गुणासम्म बढी लागेको थियो।

तर, यसपालिकाको नगरनिर्वाचन खर्चले पुरानो



पूर्व प्रमुख निर्वाचन आयुक्त सूर्यप्रसाद श्रेष्ठ

तेजबहादुर बस्नेत

**'दलहरूले चुनाव बहिष्कार गर्ने घोषणा गरेको र कर्मचारी गाउँनगरमा पुग्न नसकेको अहिलेको अवस्थामा मतदाता नामावली अद्यावधि हुनै सक्दैन।'**

परम्परालाई ठ्याक्कै उल्ट्याइदिएको छ। पुराना प्रवृत्ति तोड्दै आर्थिक हिसाबले कीर्तिमानधारी बनेको यसपल्टको निर्वाचनमा सुगम क्षेत्रमा भएको खर्चको हिसाबले आकाश छोएको छ।

यसपालिको नगरनिर्वाचनलाई २०५६ सालको आम निर्वाचनसँग तुलना गर्ने हो भने प्रतिमत खर्च बीस गुणा बढी लागेको छ। हिमाल, पहाडका दुर्गम तथा विकट गाउँमा भएको त्यति बेलाको चुनावमा प्रतिमत ३९ रुपैयाँ खर्च भएकोमा अहिले राजाको सरकारले त्यसलाई ७ सय ९ रुपैयाँ पुर्‍याएको छ। २०४८ र २०५१ को चुनावमा क्रमशः प्रतिमत खर्च १२ र २४ रुपैयाँ थियो। ६ वर्षमा बजारभाउ र कर्मचारीको तलबभत्ता दोब्बरभन्दा बढी वृद्धि नभएका बेला निर्वाचन खर्चमा भने कसरी यत्रो विधि अन्तर आयो त ?

आयोगका अधिकारीहरू कम मतदान भएकाले प्रतिमत खर्च धेरै बढी देखिएको तर्क दिँदै पन्छन्छन्। विगतका आम निर्वाचनका तुलनामा प्रतिबुथ खर्च आठ गुणा बढी हुनुले आयोगको औपचारिक तर्कलाई खण्डन गर्छ। जति मतदान भए पनि बुथको खर्च उस्तै रहन्छ। अझ कम मतदान हुँदा गणनामा समयको बचतले केही प्रतिशत खर्च घट्छ।

आयोग र महालेखापरीक्षकको विभागबाट उपलब्ध तथ्यांकले २०५६ मा प्रतिबुथ साढे २५ हजार खर्च लागेको देखिन्छ। अहिले एउटा बुथका लागि २ लाख खर्च नाघेको देखिन्छ। २०४८, २०५१ र २०५६ को चुनावमा बर्सेनि प्रतिबुथ खर्च दोब्बर हुँदै गएकोमा विज्ञहरूको शब्दमा भौगोलिक हिसाबले अहिलेको मितव्ययी चुनावमा नाटकीय वृद्धि भएको छ।

निर्वाचनमा अधिकांश रकम कर्मचारीको दैनिक भ्रमण भत्तामा जान्छ। त्यसपछिको ठूलो हिस्सा दुर्गम र पहाडी जिल्लामा मतपेटिका र मतपत्र ढुवानीमा लाग्छ। जिल्ला सदरमुकाममा पर्याप्त कर्मचारी भएकाले अन्यत्रबाट लानु नपरेको, आम निर्वाचनलाई समेत पुग्ने गरी मतपेटिका जिल्ला प्रशासन कार्यालयमा मौज्दात रहेका बेला कसरी चुनाव यति महँगो भयो ? राजनीतिक, सामाजिक, आर्थिक रूपले औचित्यहीन भनी आरोपित चुनावमा बगाइएको पैसाबारे जानकारहरूले यस्तै प्रश्न गरेका छन्।

'नगरपालिकाको चुनाव भएकाले अर्को जिल्लाबाट कर्मचारी काजमा लानसमेत परेको छैन', मिश्र भन्छन्, 'जिल्ला प्रशासनमा मतपेटिका मौज्दात रहेकाले ढुवानीसमेत गर्नु परेको छैन। तैपनि कसरी यत्रो खर्च भयो बुझ्न सकिएको छैन।'

२०५६ को खर्चलाई विश्लेषण गर्ने हो भने ३४ करोड ९८ लाख कुल खर्चमध्ये कर्मचारीलाई भत्ता (प्रहरीसमेत) स्वरूप २४ करोड ५४ लाख रुपैयाँ खर्च भएको थियो। कुल खर्चको दुई तिहाइभन्दा बढी भत्तामा खर्च हुने गरेको त्यसअघिका निर्वाचनले पनि पुष्टि गर्छन्।

नगरक्षेत्रमा मात्र भएको यस पालाको चुनावमा सदरमुकामकै कर्मचारी उपयोग गरिएकाले भ्रमण भत्ता खर्च स्वाट्टै घट्नु पर्नेमा कुल लागत किन अपत्यारिलो तरिकाले बढेको छ ? आयोगका प्रवक्ता तेजमुनि बज्राचार्यका अनुसार कर्मचारीको दैनिक भत्ता र ढुवानीको खर्चमा भएको बढोत्तरीले यस्तो भएको हो। मतपत्र ढुवानी गर्न ४ करोड रुपैयाँभन्दा बढी खर्च भएको आयोगले जनाएको छ। 'राजमार्ग असुरक्षित भएकाले अधिकांश नगरपालिकामा हवाई मार्गबाट मतपत्र पुर्‍याउँदा धेरै बढी खर्च लागेको छ', उनी भन्छन्। ढुवानीबापतको सबै रकम सेनाले भुक्तानी लिएको छ। अघिल्लो चुनावसँग दाँज्दा अहिले ढुवानी खर्च कहालीलाग्दो नै छ।

२०५६ मा मतपत्र ढुवानीबापत शाही नेपाली सेनालाई २ करोड रुपैयाँ एकमुष्ट दिइएको थियो। त्यति बेला माओवादी प्रभावित मध्यपश्चिम र देशभरका दुर्गम तथा हिमाली भेगमा ओसार्दा त्यो रकम पर्याप्त भएको थियो।

यो नगरनिर्वाचनमा प्रशासनिक खर्चका नाममा अकुत रकम हिनामिना भएको आरोप आयोगभित्रकै अधिकारीको छ। ती अधिकारी ढुवानी खर्च भ्रष्टाचारको एउटा गतिलो उदाहरण भएको दाबी गर्छन्। 'हवाई मार्गबाट मतपत्र पठाउनै पर्ने भए पनि अधिकांश नगरपालिकामा हवाईजहाजको नियमित उडानबाट सम्भव थियो', आयोगका एक कर्मचारी भन्छन्, 'त्यो गर्दा केही लाख रुपैयाँमै काम सकिन्थ्यो।'

सेनालाई नै काम दिइए पनि ढुवानीमा ४ करोड रुपैयाँ खर्च हुने कुनै सम्भावना देखिँदैन। उपत्यका र काभ्रेपलाञ्चोकका नगरपालिका छाड्ने हो भने ५० वटामा मात्र हवाई मार्ग प्रयोग गर्न आवश्यक देखिन्छ। 'हेलिकोप्टरको एकपल्टको उडानले एउटा जिल्लामा मात्र लगेको मान्ने हो भने पनि ढुवानी खर्चले ५० लाखभन्दा नाघ्दैन,' ढुवानीजस्तै सबै शीर्षकमा यस्तै घोटाला भएकाले नै निर्वाचन खर्चले 'आकाश छोएको' ठोकुवा गर्ने ती कर्मचारी उल्लेख गर्छन्। हेलिकोप्टर एकपटक उड्दा धेरै जिल्ला भ्याउने गरेको र सेनाले नियमित उडानबाट मतपत्र र निर्वाचन सामग्री पठाएको जानकारहरू बताउँछन्। ■

**हो, सरकारका प्रवक्ता समेत रहेका संचार राज्यमन्त्रीले देशकै शिर निहुरिने गरी अन्तर्राष्ट्रिय मिडिया मिसनसामु स्वतन्त्रताविरोधी अभिव्यक्ति दिन पुगे। उनी विद्यमान कानुन प्रेसमाथि आक्रमण गर्न, प्रतिबन्धित गर्न अपुग र असमर्थ भएकै कारण अब यस क्षेत्रलाई अनुशासनमा ल्याउन नयाँ सञ्चार अध्यादेश ल्याउन लागिएको जिकिर गर्दै थिए।**

# अजेय हुन्छ स्वतन्त्रता



पुरुषोत्तम दाहाल

'**ग्रामीण सत्तामा** हामी स्वतन्त्र छौं र स्वतन्त्र पत्रकारिता गर्न हामी पूर्ण खुला छौं। सहरी सत्ताले हामीलाई कैद गऱ्यो, तर जनसत्ताले मुक्त गरेको छ', पाल्पाको त्यस अनकन्टार गाउँमा जनादेशका सम्पादक ओम शर्मा र मनऋषि धिताल दुवैको समवेत भनाइ थियो अन्तर्राष्ट्रिय मिडिया मिसनसमक्ष। तर, त्यस सत्ताविरुद्ध त्यहीं बसेर उनीहरूले कतिको विरोध र आलोचना गरे, त्यो थाहा भएन।

भरखरै मात्र नेपाल पत्रकार महासंघको संयोजकत्वमा अन्तर्राष्ट्रिय मिडिया मिसन नेपाली प्रेसको स्थिति र राज्यको मनस्थितिको अनुगमन गर्ने काम गरी फर्किएको छ। त्यस मिसनका सदस्यहरूसँग सहरी सत्ताका संचार राज्यमन्त्री जसरी प्रस्तुत भए, त्यसलाई लिएर मिसनमा सहभागी एक विदेशी पत्रकारले त टिप्पणी गरे : निरंकुश शासनका पुर्जाहरूमा मर्यादा र लचकता पटक्कै हुँदैन भन्ने सुनेका थियौं तर आफैंले देख्न पायौं।'

हो, सरकारका प्रवक्ता समेत रहेका संचार राज्यमन्त्रीले देशकै शिर निहुरिने गरी अन्तर्राष्ट्रिय मिडिया मिसनसामु स्वतन्त्रताविरोधी अभिव्यक्ति दिन पुगे। उनी विद्यमान कानुन प्रेसमाथि आक्रमण गर्न, प्रतिबन्धित गर्न अपुग र असमर्थ भएकै कारण अब यस क्षेत्रलाई अनुशासनमा ल्याउन नयाँ सञ्चार अध्यादेश ल्याउन लागिएको जिकिर गर्दै थिए। नेपाल अधिराज्यको संविधानको मौलिक हकमा व्यवस्थित अखण्डित मौलिक हक संकुचन गराउने कसरत यसरी पुनः प्रारम्भ भएको छ।

माघ १९, २०६१ यता शाही सत्ताका लागि सबैभन्दा ठूलो अवरोध स्वतन्त्र सञ्चार नै हुन पुगेको छ। त्यसैकारण प्रथम आक्रमण सञ्चार क्षेत्रमा नै केन्द्रित भयो। गत चौध महिनालाई फर्केर हेर्दा, पहिलो चरण फोन, इन्टरनेट, इमेल बन्द भए, एफएममा समाचार रोकियो, सञ्चारगृहमा सेनामार्फत सेन्सरको काम भयो, केही टिभी च्यानल बन्द गरिए। तर, यी सबै प्रयोग असफल भए। राष्ट्रलाई जंगली सभ्यतामा पुऱ्याउने यस्ता कृत्यविरुद्ध सिंगो सञ्चार जगत्, मानवअधिकारकर्मी, सचेत नागरिक जुरुक्क उठे र अन्तर्राष्ट्रिय समुदायले पनि साथ दियो। स्वतन्त्र सञ्चारविरुद्ध सक्रिय शाही सत्ता बाँकी विश्वबाट एक्लिँदै गयो र न्यायपालिकाले पनि सत्ताको नियन्त्रणकारी आकांक्षालाई रोक्ने काम गऱ्यो।

प्रथम प्रयासमा असफल भए पनि त्यसको पाठ सरकारले पटक्कै अनुभव गर्न सकेन। त्यही समयमा दर्जनौं पत्रकार पक्राउ परे, तारेख खेपे, विस्थापित र बेरोजगार भए। रेडियो सगरमाथा र कान्तिपुर एफएमका उपकरण लुट्ने, सम्पर्क छुटाइदिने जस्ता अराजक काम सरकारले गऱ्यो।

यी दुइटा असफलतापछि सरकारले दुईतीनोटा क्षेत्रबाट स्वतन्त्र सञ्चारविरुद्ध मोर्चाबन्दी सुरु गऱ्यो। राष्ट्रवादी पत्रकारिता र गैरराष्ट्रवादी पत्रकारिता भनी विभाजन गर्दै सत्ताका समर्थक र विरोधीको कित्ता छुट्याउने धन्धा थाल्यो। नयाँ विज्ञापन नीतिको एकद्वार प्रणालीअन्तर्गत सत्ताको दलाली गर्नेहरूलाई राष्ट्रवादी संज्ञाका साथ सरकारी विज्ञापन र राज्यकोष वितरण गर्न थालियो। अर्थात् विनाभेदभाव विज्ञापन पाउने नीति परिवर्तन गरी स्वतन्त्रताका पक्षमा उभिने सञ्चारमाध्यमका आर्थिक स्रोत नियन्त्रण गर्ने काम थालियो। र, भनिरहनु पर्दैन विज्ञापन सञ्चारमाध्यमका लागि प्रथम स्रोत हो। यही समय देशभरका पत्रकारलाई सरकारी पक्षमा लाग्न आर्थिक र रोजगारीको प्रलोभन मात्र दिइएन, सरकारी सञ्चारमाध्यममा ज्यालादारी, आवधिक, अस्थायी र स्थायी समेतमा कार्यरत सञ्चारकर्मीलाई सरकारी समर्थनमा नलागे रोजगारी नदिइने नीति बन्यो। राष्ट्रिय पत्रकार संघको जन्म यसै प्रयोजनका निम्ति हो भन्ने बुझ्न कठिनाइ पर्दैन। तर, यतिले पनि सत्ताको निरंकुश आकांक्षा पूरा हुन सकेन। आरम्भदेखि नै सरकारी सञ्चारमाध्यमलाई स्वतन्त्रताका विपक्षमा उभ्याउने र निजी क्षेत्रका केही हस्तीलाई त्यही लाममा उभ्याउने काम पनि भए। तर, ती सबै निष्फल सावित भए।

चौथो चरणमा सरकार शाही सेनालाई एफएम चलाउन लगाउने, सञ्चार प्राधिकरण गठन गर्ने र सञ्चार अध्यादेश जारी गरी सञ्चार संस्था, सञ्चारमाध्यम खारेज गर्ने अथवा प्रेस वा उपकरण जफत गर्नेसम्मको कारबाही गर्न सक्ने कानुनी व्यवस्था गर्न उद्यत छ। विगतमा मन्त्री मण्डलका उपाध्यक्ष डा. तुलसी गिरीदेखि सञ्चार मन्त्रालय सम्हालेका टंक ढकालसम्मले कानुनका अभावमा विरोधी प्रेसमाथि कारबाही गर्न नसकिएको भन्ने निकृष्ट पीडा सार्वजनिक गरेका थिए। स्वतन्त्र सञ्चार हिंसा र आतंकको पक्षधर भयो भन्ने आरोप छ उनीहरूको। हिंसा र आतंक भड्काउन प्रजातन्त्र र स्वतन्त्रताविरोधी, प्रतिगमनकारी परम्परावादी शक्तिले नै गत दस वर्षसम्म निरन्तर मलजल गरेको तथ्य उनीहरूले यसो भनेर ढाकछोप गर्ने असफल प्रयास गरेका हुन्। पञ्चायतका कट्टर समर्थक पूर्व प्रधानमन्त्री मरीचमान सिंहका विगतका सार्वजनिक अभिव्यक्ति र पूर्व प्रधानसेनापति सच्चित शम्शेरदेखि मानार्थ पार्श्ववर्ती भरतकेशरी सिंहसम्मका भाषण अनि शरदचन्द्र शाहदेखि धर्मबहादुर थापासम्मका विगतका व्यवहारको सूक्ष्म अध्ययनले यो प्रस्ट हुन्छ। स्वतन्त्रतामा विश्वास गर्ने कोही पनि हिंसाको पक्षपाती र समर्थक हुँदैन।

यसरी वर्तमान सत्ता सरकारी सञ्चारमाध्यममा समेत आश्वस्त हुन नसकी सेनालाई एफएमको स्वीकृति दिने तयारीमा जुटेको छ, जुन कहीं नभएको जात्रा हाँडी गाउँमा भन्ने उक्ति चरितार्थ गर्नु हो। यसको अर्थ वर्तमान राज्य सत्ता क्रमशः सैनिक शक्तिलाई बाँकी सरकारी अवयव र जनताबाट पृथक् बनाउन लागी परेको छ भन्ने बुझिन्छ। साँच्चै यो सोच पलाएको हो भने राज्यको अवयव नभएको, एउटा व्यक्ति वा एक परिवारको मात्र अंगरक्षक जस्तो भएको, अनि सम्पूर्ण समाजभित्रको नठानिएको त्यस्तो संस्था विघटन गरी नयाँ सुरक्षा संस्था निर्माण गर्न जनताले र बाँकी स्वतन्त्र विश्वले आवाज उठायो भने के हुन्छ ?

स्वतन्त्र सञ्चार र जनअधिकारविरुद्ध उभिनेहरूले एक पटक बेलायतको सत्रौं शताब्दीको राजनीतिक आरोह-अवरोह अनि धर्मका अवतार ठान्ने जेम्स र चार्ल्स त्यस्तै फ्रान्सका लुई सोह्रौंको दुर्गति पढिरहनु पर्दैन, इरानका राजा पहल्वीको दर्दनाक अवसान सम्झिए मात्र पुग्छ। नागरिकको स्वतन्त्र चेतनाभन्दा माथि कोही पनि हुँदैन। त्यसलाई खुम्च्याउने, होच्याउने, कैद गर्ने र अपमानित गर्ने वा गर्न खोज्ने भनेको इतिहासका तिनै अभिषप्त पात्रहरूको लहरमा वर्णित हुनु हो। इतिहास सदा विनम्र हुँदैन निर्दयी र क्रूर भएर एकदिन बलेंसीमा उभिन आइपुग्नेछ अनि त्यस बेला कता भाग्ने ? सरोकारवालाहरूले अहिल्यैदेखि सोच्न थाले हुन्छ। सम्भवतः ओम शर्माहरूको जंगल यात्राको एक निहितार्थ पक्ष यो पनि हो। तर, स्वतन्त्रताको रक्षा प्रतिशोध र हिंसाबाट हुन सक्दैन। ओम भाइहरूसँग हाम्रो भनाइ यति नै हो। निरंकुश पुर्जा ध्वस्त पार्ने क्षमता सहरमै बसेर पनि विकास गर्न सकिन्छ। किनकि निरंकुशता कुनै संस्कृति र चरित्र दुवै होइन। ■



# प्रश्न ? होइन उत्तर !

■ विजय कुमार

एउटा प्रधानमन्त्री हुनु वा राजै हुनुभन्दा एउटा असल मानिस हुनु बढ्ता गाह्रो हुन्छ । फेरि कुनै पनि राजा वा प्रधानमन्त्री यदि त्यो असल मानिस छैन भने ऊ एउटा सफल राजा वा सफल प्रधानमन्त्री हुनै सक्दैन ।

## सफल होइन, असल

**धेरै वर्षहरूसम्म** म के भ्रममा बसेँ भने 'सफल' हुनु नै जीवनको एकमात्र सार्थकता हो । उपभोक्तावादी समाजमा सुरुदेखि हामीलाई यो कुरा घोकाइन्छ : संसार एउटा भऱ्याङ हो तिमी माथि चढ, माथि, जसरी भए पनि चढ, जुनसुकै मूल्य तिरेर पनि माथि चढ । संसारलाई, जीवनलाई एउटा 'भर्टिकल पर्सपेक्टिव'बाट परिभाषित गर्ने अनि को कति माथि चढेको छ वा छैन भन्ने आधारबाट व्यक्तिको मूल्यांकन गर्ने चकाचौधबाट म पनि अप्रभावित रहन सकिनँ ।

कुनै पनि पेसामा 'सफल' हुनु आफैंमा एउटा ज्यादै 'सेक्सी' विषय हो । शक्तिशाली, रूपवान् र प्रसिद्धिप्राप्त मानिसहरू (वा स्वास्नीमानिसहरू) को एउटा आफ्नै प्रकारको अपिल हुन्छ । र, त्यसमाथि जीवनको सार्थकता वा व्यर्थता, को कति माथि (वा तल)? भन्ने गलत मान्यताले एक आम मानिसका निम्ति त्यो सेक्सी विषयलाई थप सेक्सी बनाइदिन्छ । कम्तीमा बाहिरबाट हेर्दा त्यस्तै देखिन्छ, तर वास्तविकता भने त्यतिमा मात्र सीमित नहुँदो रहेछ ।

बिस्तारै मलाई यो कुराको आत्मबोध हुन थाल्यो संसारमा सफल हुनु असल हुनभन्दा धेरै बढ्ता गाह्रो छ । संसार, भऱ्याङरूपी 'भर्टिकल पर्सपेक्टिव' मात्र होइन । संसार त एउटा गोलो वृत्त हो जहाँ कोहीभन्दा कोही अगाडि हुनै सक्दैन । गोलाकार बाटोमा कोभन्दा को पो कति अगाडि वा पछाडि पुग्न सक्छ र ? हरेक चम्कने वस्तु हीरा हुन सक्दैन र यसो बाहिरबाट हेर्दा साधारण देखिने वस्तु वास्तवमा त्यति साधारण नहुन पनि सक्छ । जीवनको मजा त त्यस बखतमा आउँछ जब कसैका संसारिक सफलताहरू असाधारण भए पनि मानिसको रूपमा ऊ नितान्त साधारण रहन सकोस् ।

स्वर्गीय मनमोहन अधिकारीसँग सन्दर्भित एउटा प्रसंग सम्झेँ । त्यस बेला मैले कान्तिपुर एफएमका निम्ति एउटा राजनीतिक विषयको कार्यक्रम बनाउँथेँ, शनिवार विजयकुमारसँग । वास्तवमा नेपाली एफएमको इतिहासमा राजनीतिक विषयवस्तुको प्रवेश नै त्यस कार्यक्रमले गराएको थियो । त्यसअघि एफएम भनेको गीत, गानाबजाना र मनोरञ्जन मात्र हो भन्ने मान्यता एफएम संचालकहरू राख्थे । खैर, अपरान्ह ३ बजेको समय हुँदो हो । मनमोहनजीको फोन आयो, 'विजय बाबु के गर्दै हुनु हुन्छ ? चिया खान आउनुस् न ।' मनमोहनजी गल्फुटारपारि बस्थे म मण्डिखाटारमा वारिपट्टी । नजिकै थियो, वकिङ डिस्टान्स । टेप बोकेर गएँ । इमान, भद्रता र सालीनताका जीवन्त प्रतिमूर्ति थिए मनमोहनजी । उनको चारकोठे ( नेपालको कुनै अर्को भूपू प्रधानमन्त्रीको घर त्यति साधारण थिएन, छैन पनि) घरमा मैले अनुरोध गरेँ, कुराकानी रेकर्ड गर्ने हो कि ? कसैसँग पूर्वनिर्धारित कार्यक्रमविना अन्तर्वार्ता मागेको मेरो क्यारियरमा यो दुर्लभ अवसर थियो ।

मनमोहनजी सहर्ष तयार भएर थपे, 'कुन्नि किन हो आज मलाई पनि केही भनूँजस्तो लागेको छ ।' त्यस अन्तर्वार्तामा विभिन्न कुरा भए, अधिकांश राजनीतिक । त्यसपछि चियानास्ता भयो । बडो प्रेम थियो मनमोहनजीको मप्रति, मलाई पनि श्रद्धा लाग्ने व्यक्तित्व । त्यसताका उनी क्षेत्र नं. ३ बाट निर्वाचन लड्दै थिए । म पनि त्यहींको मतदाता थिएँ । वामपन्थी पृष्ठभूमिको कसैलाई पनि त्यसअघि भोट हालेको नभए पनि, मनमोहनजीको पालामा चाहिँ एक भोट एमालेलाई आफ्नो हातबाट खस्ने भयो भन्ने अलिकति संकोच पनि थियो, तर मनमोहनजी स्वयं उठेको स्थानमा अरूलाई भोट दिन मेरो विवेकले स्वीकार गर्दैनथ्यो । खैर, त्यस दिन घर फर्कियो ।

भोलिपल्टै दिउँसोको कुरा हो बाटैमा ध्रुवजीबाट समाचार पाएँ, 'मनमोहनजी त अस्पतालमा बेहोस हुनुहुन्छ ।' मन स्तब्ध भयो । सरासर टिचिङ अस्पताल पुगेँ । धेरै बेर बस्न सकिनँ । अघिल्लो दिन साँझका कुरा सम्झेँ । घरमा अघिल्लो साँझ रेकर्डिङ गरेको टेप सुनेँ, मनै रोएर आयो । त्यसको पर्सिपल्ट मेरो रेडियो कार्यक्रम थियो । बेहोस हुनुभन्दा अघिल्लो साँझ उनले अन्तिम अन्तर्वार्ता मलाई दिएको कुरा आगोसरी फैलिसकेको थियो । एमाले नेतागणको ठूलो चासो थियो त्यसको कन्टेन्टमा, तर मैले टेप रिलिज गरिनँ । मेरो निम्ति बेहोस, मृत्युसँगै लडिरहेका मनमोहनजी, देख्न, बोल्न, सुन्न नसक्ने बेहोस अवस्थामा पुगेका मनमोहनजीलाई त्यसै छाडेर अन्तर्वार्ता बजाउन मनै मानेन । मनमोहनजी धेरै दिन त्यस अवस्थामा रहे । म उनलाई सन्चो भएपछि अर्को अन्तर्वार्ता गरेर त्योचाहिँ आवाज बजाउन चाहन्थेँ, तर नियतिलाई त्यो मन्जुर भएन ।

अहिले त्यो अन्तर्वार्ताको राजनीतिक विषय वस्तु आदि अरू केही सम्झन्नँ । खालि एउटा प्रश्न सम्झन्छु, 'तपाईंलाई मानिसले कसरी सम्झना गरून् जस्तो लाग्छ मनमोहनजी ?' उत्तर थियो, 'मनमोहन एउटा असल मानिस थियो, जसले आफ्नो कर्तव्य पालना गर्ने सकभर कोसिस गऱ्यो भनेर सम्झिदिए पुग्छ ।' मैले सोधेँ, 'किन एउटा भूतपूर्व प्रधानमन्त्री वा ठूलो नेता भनेर होइन ?' मनमोहनजीले स्नेहपूर्वक भने, 'विजय ! एउटा प्रधानमन्त्री हुनु वा राजै हुनुभन्दा एउटा असल मानिस हुनु बढ्ता गाह्रो हुन्छ । फेरि कुनै पनि राजा वा प्रधानमन्त्री यदि त्यो असल मानिस छैन भने ऊ एउटा सफल राजा वा सफल प्रधानमन्त्री हुनै सक्दैन ।' आज देशको बेहाल हालतमा त्यो वाक्य सम्झन्छु । के नेपालका राजा वा यसका नेतालाई एक आम नेपालीको भत्किएको जीवनसँग कुनै सरोकार छ ? के आम मानिसको पीडाबोध छ ? कोही राजा भएका छन्, कोही मन्त्री र नेता भएका छन् । यी सबै ठूला मानिस हुन्, सफल हुन्, तर यिनीहरू सबैको ठूलोपन त्यस बेला मात्र सार्थक हुनेछ जब यिनीहरूले आम मानिसको पीडाबोध गर्दै असल हुनेतर्फ पाइला चाल्नेछन् । ■




# टुहुरा राजापुरवासीहरू

■ **विश्वमणि पोखरेल र रुद्र खड्का/राजापुर, बर्दिया**

**चामल व्यापारीबाट चन्दा पाउने लोभमा सशस्त्र विद्रोही माओवादीले बम पड्काएर राजापुरको खाद्यसंस्थान बन्द गराएपछि अहिले सबैभन्दा ठूलो समस्या गरिब र निमुखालाई परेको छ ।**



**२०५७ सालमा** माओवादीले राजापुरको खाद्य संस्थानको गोदाममा बम पड्काएर ठूलो परिमाणमा खाद्यान्न बाँड्दा स्थानीय बासिन्दा दंग परेका थिए, तर आज उनीहरू नै पुर्पुरोमा हात लगाएर बसेका छन् ।

त्यति बेला यहाँका जनताले खाद्य संस्थानमा बम पड्काउनु पछाडिको भित्री रहस्य बुझेका थिएनन् । माओवादीको भित्री स्वार्थ खाद्य संस्थानको मिल संचालन नहोस् भन्ने नै थियो । यहाँका धानचामलको कारोवार गर्ने व्यापारीहरूको भनाइमा सरकारी संस्थान बन्द भएपछि धानचामलको कारोवार गर्नेबाट चन्दा असुल्न माओवादीलाई सजिलो भएको छ । माओवादीको डरले नाम बताउन नचाहने एक व्यापारी भन्छन्, 'सबैभन्दा बढी मुनाफा माओवादीलाई भएको छ ।'

चामल व्यापारमा कार्टेलिङ गरेर जनताको शोषण गरिरहेका पनि व्यापारीहरू हाकाहाकी नै भन्छन्, 'हाम्रो पहिलो प्राथमिकता माओवादीको चित्त बुझाउनु हो ।'

माओवादी आक्रमणपछि २०५८ मा बन्द खाद्य संस्थान खोल्ने र मिल संचालन गर्ने पहल नभएका होइनन् । संस्थान हटेपछि राजापुरवासीको स्थिति टुहुराको सरह भएको बताउने राजापुर व्यापार संघका अध्यक्ष रामकुमार वैश्य मिल संचालन गर्ने माग र पहल व्यापार संघबाट पनि भएको बताउँछन् । माओवादीले लुटपाट गरेको खाद्यान्नबाहेक मिलमा खासै ठूलो क्षति नपुऱ्याएकाले पनि संचालन गर्न प्राविधिक समस्या छैनन्, तर मिल संचालन गर्ने बैंक पुनःस्थापित हुन आवश्यक छ । पैसाको ठूलो कारोवार हुने भएकाले खाद्य संस्थानले राजापुरबाट हटेको राष्ट्रिय वाणिज्य बैंक पुनःस्थापना हुनु पर्ने सर्त राख्दै आएको छ । २ वर्षदेखि राजापुर बजारनजिकै स्थापित संयुक्त सुरक्षा क्याम्पले सुरक्षाको त्यस्तो भरपर्दो प्रत्याभूति दिन सकेको छैन । बजारनजिकै सुरक्षा क्याम्प भए पनि राजापुरको भन्सार कार्यालय र प्रहरी कार्यालयका भग्नावशेषले चाँडै पुनर्जीवन प्राप्त गर्ने सम्भावना देखिँदैन ।

बम विस्फोट अगाडिसम्म खाद्य संस्थानले त्यहाँ गहुँ पिध्ने र तोरी पेल्ने आधुनिक मिल स्थापना गर्ने काम पनि थालेको थियो । आवश्यक जग्गा किनेर पूर्वाधार निर्माणको काम थाल्ने बेलामा माओवादी आक्रमणमा परेपछि सबै योजना थन्किएका छन् ।

माओवादी आक्रमण र खाद्य संस्थानको गोदाममा भएको ठूलो परिमाणको खाद्यान्न लुटपाटपछि अन्नभण्डार भनेर चिनिने कर्णाली भंगालो बीचको राजापुर क्षेत्र अन्नको अभाव भोग्दै छ । आफ्ना लागि चाहिनेभन्दा निकै धेरै अन्न उत्पादन गर्ने क्षमता राखेको राजापुरमा वर्षामा चामलको अभाव हुनुमा व्यापारीहरूसँग धानचामल मौज्दात राख्ने गोदाम नहुनु एउटा कारण हो भने किसानसँग अन्न मौज्दात राख्न सक्ने हैसियत नहुन अर्को कारण । जापानले बनाइदिएका संस्थानका गोदाम रित्ता छन्, आधुनिक मिलका यन्त्रहरूमा खिया लागेको छ र हजारौं क्विन्टल चामल थन्काउन सक्ने क्षमताका संस्थानका गोदाम रित्ता छन् ।

अन्नको अभाव भएपछि स्थानीय बासिन्दा माओवादीसँग रुष्ट छन् र लुकिछिपी उनीहरूको आलोचना गर्न थालेका छन् । जनआक्रोश बढेको थाहा पाएपछि का लागि आपत्ति नहुने कुरा सार्वजनिक सभाबाटै बताए । माओवादीले जनताको सहानुभूति प्राप्त गर्न मिल संचालन गरे आपत्ति नहुने प्रतिक्रिया दिए पनि मिल संचालन हुने सम्भावना कम छ किनकि त्यसमा माओवादीको आम्दानी र व्यापारीको नाफा जोडिएको छ ।

राजापुरका मोहन चौधरी, माओवादीले खाद्य संस्थानमा बम पड्काएपछि पीडित भएकाहरूमध्येका एक हुन् । उनी चार वर्षअघि संस्थानको आधुनिक धान मिलका मजदुर थिए । उनी मिलमा बोरा उठाउने काम गर्दथे, सातजनाको परिवार पाल्न कुनै समस्या थिएन । माओवादी आक्रमणमा परेर आधुनिक धान कुट्ने मिल बन्द भएपछि मोहनजस्ता राजापुरका थारू समुदायका एक सयभन्दा बढीको रोजीरोटी गुमेको छ । उनीहरू फागुनमै कहाँ काम पाइएला भनेर भौतारिने अवस्था छ, नेपाल मात्र होइन, भारतका कश्मीर र सिमलामा स्याउ टिप्ने काममा जान थालेका छन्, राजापुरका थारूहरू । मोहन भन्छन्, 'मिल हुँदा फागुनचैतमा त ओभर टाइमका रूपमा प्रशस्त पैसा पाइन्थ्यो, वर्षैभरि काम हुन्थ्यो, अहिले कहाँ काम खोज्ने चिन्ता छ ।'

मोहनजस्ता सय भन्दाबढी पुरुष कामदार बोरा उठाउने गह्रौं काम गर्थे भने दुईसय जति महिलाले धान सुकाउने, निफल्ने जस्ता सिजनल काम पाउँथे । राजापुरका पूर्व गाविस अध्यक्ष जीवराज रेग्मी भन्छन्, 'खाद्यमा काम गर्ने अधिकांश थारू जातिका मानिस हुन्थे ।'

बन्द भएको खाद्य संस्थानको मूलगेटअगाडिकै चियापसलमा मोहनले चार वर्ष खाद्य संस्थान हुँदा र बन्द भएपछिको वर्तमान अवस्थाको चित्रण गरे, 'खाद्यले एक बोरा कनिका २ सय रुपैयाँमा बेच्थ्यो भने एक बोरा चामल ९ सयमा । अहिले व्यापारीले एक बोरा कनिका ९ सय घटीमा बेच्दैनन्, एक बोरा चामलको १७ सय लिन्छन् ।'

मोहन भन्छन्, 'कनिका हामी गरिबका लागि वरदान थियो, वर्षामा हामी त्यही कनिका खाने गर्थ्यौं, तर अहिले कनिका पनि किनिसक्नु छैन ।'

मोहनले दिएको यो सानो जानकारीबाट सरकारी

माओवादी आक्रमणपछि बन्द खाद्य संस्थानको मिल



खाद्य संस्थानबाट एक बोरा चामल किन्ने पैसाले चार बोरा कनिका किन्न सकिन्थ्यो भने अहिले व्यापारीहरूले एक बोरा चामल किन्ने पैसाबाट २ बोरा कनिका पनि नआउने अवस्थाको चित्रण गर्दछ। चामलको भाउजत्तिकै कनिकाको भाउ चुलिनुको कारण के हो त ? यो प्रश्नको उत्तर मोहन जस्ता सोझा थारूले जान्न सक्ने कुरो भएन। खाद्य संस्थान नेपालगन्जका एक अधिकारीका अनुसार व्यापारीहरूले कनिका पनि चामलमै मिसाउने भएकोले सबै उपभोक्ता ठगिएका छन्।

खाद्य संस्थानले तराईका आफ्ना डिपोमा धान किन्ने, चामल बनाउने तर मिल भएको तराईका क्षेत्रमा नबेच्ने नीति थियो, तर राजापुरका हकमा त्यो नीति लागू थिएन। राजापुरका उब्जाउ जमिन जमिनदारको भएको र काम गर्ने थारूहरू गरिबीको मारमा परेको देखेर खाद्य संस्थानका तत्कालीन अधिकारीहरूले दिनभरि ज्याला मजदुरी गरेर गुजारा गर्नेहरूका लागि चामल र कनिका बेच्ने नीति लिएका थिए। खाद्यले वर्षको २ हजार देखि ४ हजार क्विन्टल चामल र १ हजार क्विन्टल कनिका राजापुरवासीका लागि छुट्याउने गर्थ्यो।

जापानको सहयोगमा १७ वर्षअघि १ करोड रुपैयाँको लागतमा धान कुट्ने आधुनिक मिल र ठूल्ठूला गोदाम निर्माण गरिएको हो।

मूलतः ठकुरी 'राजा' र काठमाडौंको राज्यसत्तामा पहुँच भएका राणा, शाह र अन्य सरकारी ओहदामा मानिसहरू नै कर्णालीका ठूल्ठूला भँगालाबीचको ११ गाविस रहेको उब्जाउ टापु राजापुरको जमिनका अधिपति हुन् भने मलिलो माटोमा पसिना चुहाउने थारू समुदाय। १ लाखभन्दा बढी जनसंख्या भएको राजापुरमा ७० प्रतिशन थारू छन्। सदरमुकाम गुलरियासँग हिउँदमा मात्र जोडिन्छ, कर्णालीको अस्थायी पन्टुन ब्रिजमार्फत। राजापुर लामो समयदेखि त्यस क्षेत्रको मण्डी पनि हो र माओवादी आक्रमणअघि त्यहाँ सरकारी भन्सार, प्रहरी कार्यालय, इलाका प्रशासन कार्यालय थिए, अहिले तिनका भग्नावशेषले राजापुर निरीह बनेको प्रतीत हुन्छ।

असारदेखि अर्को समस्या आइपर्‍यो राजापुरका व्यापारीका सामु। वर्षामा भारतबाट ल्याएको चामल राजापुर सुरक्षा बेस क्याम्पले रोक्यो। राजापुर व्यापार संघको पहलमा व्यापारीहरू त्यस बेला चामल छुटाउन सफल त भए, तर त्यो घटनापछि भारतबाट चामलको कारोवार जोखिमपूर्ण हुने अनुभव गर्न थालेका छन् उनीहरू।

राजापुर व्यापार संघका अध्यक्ष रामकुमार वैश्य भन्छन्, 'खाद्य संस्थान हटेपछि राजापुर टुहुरो भएको छ। यहाँका जनताले मुलुकका धेरै जिल्लालाई पुग्ने धान उब्जाउँछन्, तर वर्षामा चामलको समस्या यहीँकाले भोग्नु पर्छ।' राजापुरका व्यापारीले धान किन्ने र १-२ महिनाभित्रै मुलुकका अन्य भागमा पठाउने भएकोले वर्षामा चामलको अभाव राजापुरवासीको नियति बन्न पुगेको छ। वर्षामा चामलको मूल्य उकालो लाग्ने समस्या त छँदै छ।

धान र गहुँ गरेर वर्षको सात लाख क्विन्टल बढी उत्पादन हुने राजापुर क्षेत्रको धानका चामल मध्यपश्चिमका दुर्गम जिल्लामा लगिन्थ्यो।

खाद्य संस्थानको राजापुर कार्यालयमा लामो



# बडघर पीडा

**बडघर नियुक्तिको** काम निकै महत्त्वपूर्ण हो, तर माघेसंक्रान्तिका दिन गर्नु पर्ने बैठक बर्दिया मुरैया गाउँका थारूहरूले बल्लबल्ल चैतमा गर्न सके, तैपनि कोही तयार भएन बडघर बन्न।

कारण एउटै छ, बडघर बने माओवादी र शाही सेना दुवैको आँखाको तारो बन्नु पर्छ।

थारूहरू आफ्नो समुदायका विकास निर्माण र विवाद हेर्न आफैंले नेता चुन्छन्, त्यसैलाई उनीहरू बडघर भन्छन्। कुलो खन्ने, मर्मत गर्ने र बाटोघाटो निर्माण, मरम्मत सम्भार तथा गाउँमा उठ्ने विवादहरू समाधान गर्ने जिम्मेवारी हुन्छ बडघरको। थारू समुदायमा यसरी आफ्नो समुदायको नेता चुन्ने काम परम्परादेखिको हो, स्थानीय निकायका पदाधिकारीको निर्वाचनमा भाग लिने र सहभागी हुने गरे पनि थारूहरूले यो परम्परालाई निरन्तरता दिँदै आएका थिए, तर सेना र माओवादीको दबाब र ज्यादतीका कारण बडघर प्रथा अहिले संकटमा परेको छ।

थारूहरूमा प्रत्येक वर्ष माघ १ गते बडघर, गुराउ र चौकिदार नियुक्ति गर्ने चलन छ। गुराउ, सांस्कतिक गुरु वा धामीको काम गर्छन् भने चौकिदारले बडघरले भनेबमोजिम बैठक बोलाउने, गाउँमा सूचना दिने काम गर्छन्। बडघर नियुक्ति गर्दा प्रत्येक घरबाट कम्तीमा एकजना भेला हुने वर्षभरिको आयव्ययको हिसाब पेस गर्ने र आउँदो वर्षभरिका लागि कार्यक्रम प्रस्तुत गर्ने थारूहरूको परम्परादेखिको प्रजातान्त्रिक संस्कार बन्दुकको बोलवाला भएको वर्तमान राजनीतिमा नराम्ररी पिल्सिएको छ।

मंसिर १५ गते मुरैया थारू बस्तीका गोवर्द्धन चौधरीले सेना र माओवादी दुवैको धम्की खप्न नसकेर बडघरबाट राजीनामा दिएका थिए। मुरैया बडघरको कागजात भएको एउटा झोला उनीहरूको कुलदेवता थानमा झुन्ड्याएर राखिएको छ।

थारू समुदाय सामूहिक निर्णय पालन गर्ने सोझो र इमानदार जाति भएकाले उनीहरूका नेता बडघरलाई प्रभावमा पारेर समर्थन लिने काम माओवादीले लामो समयदेखि गर्दै आएका हुन्। राज्यको सुरक्षा निकायभन्दा टाढा टाढाका थारू बस्तीमा माओवादीले 'हाम्रो सत्ता आयो' भन्दै आफ्नो संगठन विस्तार गरेको जानकारहरू बताउँछन्। तर दुई वर्षअघि राजापुरमा संयुक्त बेस क्याम्प स्थापना भएपछि बडघर प्रथा दोहोरो मारमा पर्‍यो। बेस क्याम्पले औपचारिक रूपमा पत्र काटेर बडघरलाई बोलाउने र सोधपुछ गर्ने मात्र गरेन। बडघरका नाममा पठाएको 'सुरक्षा स्थिति मजबुत पार्दै लैजाने' उद्देश्यको व्यहोरामा विभिन्न जिम्मेवारी सुम्पिएको थियो।

जिम्मेवारीहरूमा, बडघरले वडाभित्रको गाउँटोलमा पर्ने सार्वजनिक बाटोमा सुरक्षागस्ती टोलीलाई लक्षित गरी बिछ्याइएको विस्फोटक पदार्थसम्बन्धी जानकारी समयमै सुरक्षा फौजलाई गराउने, आफ्नो वडाभित्र अपरिचित व्यक्तिहरू देखिएमा सुरक्षाफौजलाई समयमै जानकारी गराउने, माओवादी गतिविधि र भेला गर्न लागेको भए त्यसको जानकारी गराउने, आफ्नो टोलमा व्यक्तिहरू भूमिगत भएको पाइएमा त्यसको जानकारी दिने जस्ता बुँदा त छँदै थिए। पत्रमा उल्लिखित काम जिम्मेवारी निर्वाह नगरेको अवस्थामा त्यसको जिम्मेवार बडघर र चौकिदार हुने भनिएको थियो।

बेस क्याम्पको सुरक्षा चौघेराबाट पठाइएको यस्तो पत्रपछि थारू बस्तीहरूमा माओवादीले पनि त्यस्तै कडा सर्त सार्वजनिक गरेका थिए। माओवादीले बडघरहरूले सुरक्षा बेस क्याम्पसँग सम्पर्क राखेको पाइएमा भौतिक कारबाही गर्ने धम्की दिएपछि बडघर प्रथा गम्भीर संकटमा फस्न पुग्यो। मुरैयाका गुराउ तीलकबहादुर चौधरी दुईथरि बन्दुकको मारमा थारूहरूको परम्परादेखिको प्रथा परेको अनुभव सुनाए। तीलक भन्छन्, 'पहिले पहिले बडघर हुने प्रतिस्पर्धा हुन्थ्यो, समाजको जिम्मेवारी लिने चाहना राख्थे, तर अहिले स्थिति उल्टो देखियो, कोही तयार हुँदैनन्।'

दौलतपुर-९ का ठगुवा थारूलाई यस वर्ष पनि थारू समाजले बडघर जिम्मेवारी दिन चाहेको थियो, समाजको आग्रहविपरीत उनी जिम्मेवारी लिनबाट पन्छिए। ठगुले आफ्नै व्यवहारीका कारणले बडघरको जिम्मेवारी नलिएको बताए, तर सेना र माओवादीको दोहोरो मारमा पर्ने भयले उनी पन्छिएको गाउँले बताउँछन्। एक थारू युवा भन्छन्, 'सेनाले पनि बडघरमार्फत सबै थारू समुदायमा कमान्ड गर्न खोज्छ, माओवादी पनि त्यही नीति लिन्छन्।'

यो क्षेत्रमा नेपाली कांग्रेसका नेता दिग्विजय थारू भन्छन्, 'सेना र माओवादी दबाबमा परेर थारूहरूको परम्परा खलबलिएको छ। सेनाले बडघरको नामका पत्र काटेर उपस्थित हुन भन्छ, माओवादीले सेनाले भनेअनुसार गरेमा कारबाही गर्ने धम्की दिन्छन्।'

मधेसको दुर्गम भन्न सुहाउने कर्णालीका दुई ठूला भँगालाबीचको राजापुर क्षेत्र थारूको बाहुल्य भएको क्षेत्र हो भने त्यहाँको जमिनमा काठमाडौं र सुदूरपश्चिमका ठकुरीहरूको वर्चस्व छ। तर, सशस्त्र द्वन्द्वको मारमा थारूहरू कसरी परेका छन् भन्ने कुरा राजापुर क्षेत्रका सुरक्षा क्याम्पनजिकका थारूबस्तीको सामान्य अध्ययनबाट पनि स्पष्ट हुन्छ। राजापुरमा संयुक्त बेस क्याम्प स्थापना भएपछि सुरु सुरुमा माओवादीको आरोपमा सेनाको यातना भोग्नेहरूको संख्या ठूलो छ।

दिग्विजय आफैं पनि राजनीतिको भुंग्रोमा परेका नमुना हुन्। नेपाली कांग्रेसको महासमिति सदस्यको प्रमाण देखाउँदै उनले भने, 'मेरी जेठी छोरी माओवादी कमान्डर भएकी छ, मेरा बाबु उत्तमराम थारू २००७ सालमा स्वतन्त्रता सेनानी हुन्, म अहिले सेनाको नजरमा माओवादी भएको छु, हत्केलामा ज्यान राखेर हिँडेको छु।'

दिग्विजयले सेनाले आफ्नो घरमा छापा मारेर मरिसकेका बाबुको फोटो लगेको बताए। उनी भन्छन्, 'मरिसकेका मेरा बाबुको फोटो लग्नुको उद्देश्य मैले बुझ्न सकेको छैन।' ■

समय काम गरेका र हाल नेपालगन्जमा कार्यरत हरिहरप्रकाश श्रेष्ठ भन्छन्, 'राजापुरको चामल हुम्ला, जुम्ला, कालिकोट, मुगु, बाजुरा, अछाम लगायतका जिल्लामा पुग्थ्यो।'

श्रेष्ठ राजापुरको मिल बन्द भएपछि व्यापारीबाट चामल किनेर दुर्गम जिल्लामा पठाउनुपर्ने बाध्यता लामो समयसम्म धान्न सक्ने स्थिति नभएकाले दुर्गम जिल्लाका बासिन्दाले किन्दै आएको मूल्य बढाउनु पर्ने स्थिति देखाउँछन्। दुर्गम जिल्लामा खाद्यले करिब ३० रुपैयाँ किलोमा चामल बेच्दै आएको छ भने चामल ढुवानीमा सरकारले अनुदानमा दिने गरेको छ। श्रेष्ठका अनुसार अनुदानको चामलको भाउ बढाउनु पर्ने प्रमुख कारण नै राजापुरको मिल बन्द हुनु हो। राजापुरको मिलबाट उत्पादित ७० हजार क्विन्टल चामल बर्सेनि कर्णाली क्षेत्रमा पुर्‍याउने गरेको श्रेष्ठको अनुभव छ। माओवादी आक्रमणअघिको अवस्था र अहिले किसानले बेच्ने धानको मूल्यमा थोरै मात्र मूल्य वृद्धि भएको छ भने चामलमा दोब्बर बढेको छ।

मिल बन्द भएपछि राजापुरको धान, गहुँ किन्न अन्य व्यापारी नआएका होइनन्, खाद्य संस्थानले कारोबार गर्दा पनि उनीहरूको उपस्थिति थियो, तर त्यसबेला संस्थाले तोकेको धानचामलको मूल्यको तुलनामा व्यापारीले किसानलाई आकर्षक मूल्य दिन्थे।

दौलतपुरका नन्दु थारू भन्छन्, 'व्यापारीले धानको राम्रो पैसा दिँदैनन्, चामलको चर्को मूल्य लिन्छन्।' नन्दुले व्यापारीले नगद कारोवार नगर्ने अर्को समस्या औंल्याए। उनी भन्छन्, 'धान लगेर बुझायो, धानको मूल्य तोक्छन्, पैसा दिनुको सट्टा पुर्जी दिन्छन्, पटक पटक धाएपछि मात्र पैसा पाइन्छ।'

लामो समयदेखि राजापुरको गाविस अध्यक्ष भएका जीवराज रेग्मी पनि खाद्य संस्थानमा माओवादी आक्रमणपछि सबैभन्दा बढी साना किसान मारमा परेको बताउँछन्। रेग्मी भन्छन्, 'सस्तोमा धान लिन्छन् र महँगोमा चामल बेच्छन्।' खाद्यले धानचामलको भाउ तोक्थ्यो र त्यसकै प्रतिस्पर्धामा व्यापारी आउन बाध्य थिए, अहिले उनीहरूको मिलोमतोमा भाउ बस्छ, किसान मारमा परेका छन्', रेग्मी भन्छन्। राजापुरमा पक्की पुल नभएका कारण किसान आफ्नो उत्पादनको मूल्य पाउनबाट वञ्चित हुनु परेको उनको अनुभव छ। ■



▲ संरक्षण क्षेत्रमा माओवादी खनेको बंकर

बिरुवा, २५२ प्रजातिका चरा, २२ प्रजातिका स्तनधारी, ८२ खालका कीरा, ५ जातका माछा र ६ जातका उभयचर रहेको आयोजनाले जनाएको छ । वास्तवमा यो क्षेत्रलाई संरक्षण गरेको खण्डमा जैविक विविधताको नमुना बन्न सक्ने विज्ञहरूको धारणा छ, तर द्वन्द्वका कारण स्थानीय बासिन्दाहरू भित्रैदेखि जागृत भएर संरक्षण अभियानमा आउन सकेका छैनन् । लेलेपमा रहेको कञ्चनजंघा संरक्षण क्षेत्रको कार्यालय माओवादीले बन्द गराएपछि संरक्षण कार्यक्रम पहिलेकै ढंगमा चल्न नसकेको स्थानीय बासिन्दाले बताएका छन् ।

संरक्षण क्षेत्रको वनलाई असर पुग्ने गरी लेलेप, तापेथोक लगायत गाविसमा माओवादीले युद्धअभ्यासका लागि विभिन्न आकारका बंकर खनेका छन् । तापेथोकका एक बासिन्दा भन्छन्, 'माओवादी मुखले संरक्षणका राम्रा कुरा गर्छन्, तर जंगल र बाटाघाटामा बंकर खनेर वन संरक्षण अभियान सफल नहोस् भन्ने चाहना राख्छन् ।'

माओवादी ताप्लेजुङ ३ नं एरिया सेक्रेटरी मनोज युद्धको समयमा बंकर खन्नु स्वभाविक भएको बताउँछन् । उनी भन्छन्, 'यसैलाई आधार बनाएर माओवादीलाई संरक्षणविरोधी भनी बुझ्नु सही दृष्टिकोण होइन ।' ■

# कहिले खुल्ला केक्याप ?

**कञ्चनजंघा संरक्षण क्षेत्र** (केक्याप)को कार्यालय लेलेपबाट यति चाँडै उठ्ला भनेर गाउँलेहरूले कल्पना नै गरेका थिएनन् । जनताको उत्थानको निम्ति काम गर्ने संस्थालाई माओवादीले पनि अवरोध पुऱ्याउला भन्ने सोचेकै थिएनन् कसैले । तर, २०६१ साल पुस १४ गते माओवादीले केक्यापको लेलेपस्थित कार्यालय कब्जा गरी करिब २२ लाख रुपैयाँबराबरको सरसामान लानेमात्र काम गरेनन्, केक्याप बन्द गरेको घोषणा गरे गाउँलेहरूबीच । केक्याप चल्न दिनु पर्छ, बरु केही कमी कमजोरी भए सुधार्नु पर्छ भन्ने गाउँलेको अनुनय विनय माओवादीले एक कानले सुनेर अर्को कानले उडाइदिए । लेलेपस्थित आमा समूहकी अध्यक्ष पासाङ भुटी शेर्पा भन्छिन्, 'हामीले खुट्टा समाएर केक्याप बन्द नगर्नुहोस्, यसले गरिबकै लागि काम गरेको छ भनेर बिन्ती गऱ्यौं, तर उनीहरूले सुन्दै सुनेनन् । केक्याप गएपछि १५-१६ दिन त खानै रुचेन ।'


ताप्लेजुङका चारवटा गाविस समेटेर २ हजार ३५ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको कञ्चनजंघा संरक्षण क्षेत्र आयोजना विश्व वन्यजन्तु कोषको आर्थिक सहयोगमा सन् १९९८ देखि सुरु भएको हो । स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याएर दीर्घकालीनरूपमा यो क्षेत्रका जैविक विविधता संरक्षण गर्ने उद्देश्यले सुरु गरिएको योजनाबाट लेलेप, तापेथोक, ओलाङचुङगोला र याम्फुदिनका शेर्पा, लिम्बू, राई र गुरुङजस्ता जनजातिहरू लाभान्वित भएका छन् । कञ्चनजंघा संरक्षण आयोजना (केक्याप)को लेलेपमा अवस्थित कार्यालय डेढ वर्षअघि बन्द भएपछि पहिलेको तुलनामा संरक्षणका काममा सुस्तता आएको छ । केक्यापका निमित्त संरक्षण अधिकृत युगलकिशोर ठाकुर भन्छन्, 'लेलेपको कार्यालय बन्द भएपछि फिल्डमा गएर अनुगमन गर्न कठिनाइ परेको छ, त्यसैले जुन रूपमा काम हुनु पर्थ्यो, त्यो हुन सकेको छैन ।'

माओवादीले संरक्षण क्षेत्रमा इखाबु, खेजेनिम, पापुङलगायत सीमावर्ती गाविसलाई पनि समेट्नु पर्ने माग राखेका थिए त्यस बेला । यसका साथै विश्व वन्यजन्तु कोष (डब्लुडब्लुएफ)लाई अमेरिकी अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको कोटीमा राखेर केक्यापले डब्लुडब्लुएफबाट आर्थिक सहयोग लिएकाले काम गर्न नहुने उर्दी जारी गरेका थिए । केक्याप सञ्चालनको लागि जनताले पत्रकार, मानवअधिकारवादी संघसंस्थालाई नगुहारेका पनि होइनन् । अहिलेसम्म पनि लेलेपस्थित केक्याप कार्यालय बन्द छ । त्यहाँको भुँइ तल्लामा लेलेप उपस्वास्थ्य चौकी राखिएको छ ।

शिक्षा, स्वास्थ्य, सीपमूलक तालिम, खानेपानीलगायत विभिन्न क्षेत्रमा जनतालाई सहयोग पुऱ्याइरहेको केक्याप लेलेपबाट उठेपछि कतिपय आयोजनाले मूर्तरूप पाएका छैनन् । त्यहाँका जनता केक्याप फेरि सञ्चालन हुने दिनको पर्खाइमा रहेको बताउँछन् । माओवादी अध्यक्ष प्रचण्डले एक वक्तव्यमार्फत स्थानीयस्तरमा आइएनजिओले स्थानीय सरकारको परामर्शमा काम गर्नु पर्ने विचार राखेपछि केक्याप सञ्चालनको लागि माओवादीको स्थानीय तहको निर्णयले महत्त्व राख्ने देखिन्छ । माओवादीका ३ नं इलाका सेक्रेटरी मनोज केक्यापलाई छिटै नै लेलेपस्थित कार्यालयमा काम गर्न दिने वातावरण सिर्जना गर्ने बताउँछन् । उनी भन्छन्, 'केक्यापको संरक्षणसम्बन्धी गतिविधिलाई अवरोध पुऱ्याउने हाम्रो उद्देश्य होइन, हामीले त खालि पारदर्शितामा मात्र जोड दिएका हौं ।'

केक्यापको कार्यालय पुनः सञ्चालन हुनु पर्छ भन्ने आम जनताको चाहना रहेको कञ्चनजंघा संरक्षण परिषद्का अध्यक्ष दावा छिरिङ शेर्पा बताउँछन् । उनी भन्छन्, 'केक्याप सञ्चालन गराउन हामीले पनि भरमग्दुर प्रयास गरेका छौं, संरक्षण र गरिब जनताको जीवनस्तर उकास्नको लागि काम गर्ने यस्तो संस्थालाई काम गर्न दिनु पर्छ ।' ■





ओलाङचुङगोला गाउँ

# जडिबुटीमा वक्रदृष्टि

■ छत्र कार्की/ओलाङचुङगोला, ताप्लेजुङ (तस्वीर पनि)

**सरकारको अनुपस्थितिमा माओवादीले मुलुकका दुर्गम गाउँमा जडिबुटीमाथि कर उठाउन थालेपछि पहिले भारततिर वैधानिक रूपमा निकासी हुने जडिबुटी अहिले तिब्बततिर तस्करी हुन थालेको छ।**

**पाँच वर्षअघिसम्म** सरकारी सीमा भन्सार कार्यालय भएको ताप्लेजुङको ओलाङचुङगोलामा अहिले कमरेड 'पासाङ' बस्छन्। उनको काम हो, नेपालबाट तिब्बततर्फ निकासी हुने जडिबुटीमा कर उठाउने। सदरमुकामबाट यो विकट गाउँ ओलाङचुङगोला पुग्न ३ दिन हिँड्नु पर्छ। मुलुकभर हिंसाको आगो सल्के पनि यो गाउँ सौम्य छ, शान्त छ। यहाँ कुनै राजनीतिक चहलपहल छैन। आफ्नो व्यवसाय र घरायसी धन्दाबाहेक त्यहाँका बासिन्दालाई अरू कुनै कुराको चासो नै छैन।

तीन वर्षअघि स्थानीय निकायका पदाधिकारीको अवधि सकिएपछि अलिअलि सक्रिय रहने पार्टीका कार्यकर्ता पनि फुर्सद पाएर आ-आफ्नो धन्दामा लागेका छन्। तर, माओवादीले भने सांगठनिक हैसियत नबनेको अवस्थामा पनि आफ्नो शक्ति देखाउन उनै पासाङलाई ओलाङचुङगोला गाजस इन्चार्जको रूपमा खटाएको छ। त्यहाँ माओवादीले इन्चार्ज राख्नुको पछाडि एकमात्र कारण जडिबुटीलगायत अरू गैरकाष्ठ वनस्पतिबाट कर उठाउने 'व्यापार' नै हो। हुन पनि पशुपति क्याम्पस चावहिलबाट आइएसम्म अध्ययन गरेका शेर्पा थरका भर्खरै २० वर्ष नाघेका लक्का जवान पासाङको त्यहाँ अहिलेको मुख्य काम स्थानीयस्तरमा कर असुल्नु रहेको छ। यो तथ्य घुमाउरो पाराले स्वीकार गर्दै पासाङ भन्छन्, 'अहिले हामी यहाँ पार्टी संगठन विस्तारको क्रममा छौं, त्यसैले पार्टीको अन्य गतिविधिभन्दा पनि कर संकलन नै प्रमुख काम भएको छ।'

पासाङको भनाइबाट प्रस्ट हुन्छ, दलहरूसँग गरेको १२ बुँदे समझदारीविपरीत माओवादीले गाउँका शिक्षक, कर्मचारी, सर्वसाधारणबाट जबरजस्ती चन्दा असुल्ने कार्य जारी राखेकै अवस्थामा प्राकृतिक स्रोतबाट पनि कर उठाउने रणनीति अख्तियार गरेको देखिन्छ।

माओवादीका क्रियाकलाप प्राकृतिक स्रोतको संरक्षणलाई टेवा दिने खालको भन्दा पनि कसरी कर उठाएर बढी रकम जम्मा गर्ने ध्याउन्नमा केन्द्रित भएकाले यसबाट प्राकृतिक सम्पदाको जगेर्नामा सहयोग नमिल्ने देखिन्छ। करबापत उठाएको रकमको मोटो अंशचाहिँ गाउँकै बाटोघाटोलगायत

2722

It is just like ABCD.



▲ ठूलो परिमाणमा चिराइतो तिब्बत निकासी हुन्छ



▲ नेपाली कागज बनाउन प्रयोग गरिने लोक्ता



| वनस्पति | बिक्री मूल्य (प्रतिकेजी) | माओवादी कर |
|---|---|---|
| कुट्की | रु.२०० देखि रु.२५० सम्म | प्रतिघर रु.५०-रु१०० |
| मइकोपिला | रु. ५० देखि रु. १०० सम्म | प्रतिघर रु.५०-रु१०० |
| लोक्ता/अर्गेली | रु. १५ देखि रु. ३० सम्म | रु.३/ रु.२(प्रतिकेजी) |
| चिराइतो | रु. ९० देखि रु.११० सम्म | रु. २ (प्रतिकेजी) |

स्थानीय विकास निर्माणका काममा खर्च गरिने माओवादीको स्थानीय नेतृत्वले दाबी गरे पनि उक्त क्षेत्रका जनता यो पत्याउन तयार छैनन्। ओलाङचुङ्गोलाका एक स्थानीय बासिन्दा भन्छन्, 'माओवादीले कर उठाउने बहानाको लागि मात्र बाटोघाटोको कुरा उठाएका हुन्, अहिलेसम्म उठाएको रकमबाट त्यस्तो काम गरेका छैनन्।'

माओवादीले ओलाङचुङ्गोलामात्र होइन, कञ्चनजंघा संरक्षण क्षेत्रमा पर्ने तापेथोक, लेलेप र याम्फुदिन गाविसमा पनि जडिबुटी र अरू गैरकाष्ठ वनस्पतिमा कर लगाएको छ। यी चारवटै गाविसबाट वार्षिक कति कर उठ्छ भन्ने यकिन हिसाबसमेत माओवादीका स्थानीय नेताहरू बताउन सक्दैनन्। गाजस इन्चार्ज पासाङका अनुसार माओवादीले उक्त क्षेत्रमा जडिबुटी तथा वनस्पतिमा तिनीहरूको प्रकृति हेरेर प्रतिकेजी २ रुपैयाँदेखि ५ रुपैयाँसम्म कर निर्धारण गरेको छ, तर औषधीजन्य वनस्पति कुट्की संकलन गर्न जाँदा सुरुमै प्रत्येक घरधुरीले ५० देखि १ सय रुपैयाँसम्म बुझाउनु पर्ने नियम बनाएको छ। ओलाङचुङ्गोलाबाट मात्र गत वर्ष करिब ५ सय मन चिराइतो र १ हजार ५ सय मन कुट्की तिब्बततर्फ अवैधरूपमा निकासी भएको स्थानीय बासिन्दाले जनाएका छन्। त्यस्तै लेलेपको घुन्साबाट १ हजार २ सय मन कुट्की निकासी भएको थियो। गत वर्ष जडिबुटी र गैरकाष्ठ पैदावरको निकासीबापत माओवादीले ओलाङचुङ्गोलाबाट मात्रै १२ हजार रुपैयाँ कर उठाएका थिए। संरक्षण क्षेत्रका अरू गाविसबाट पनि न्यूनतम ५ हजारदेखि १० हजार रुपैयाँसम्म कर उठाएका थिए।

एक दशकदेखि सुरु भएको द्वन्द्वका कारण गाउँमा सरकारी निकाय शून्य भएपछि कर असुल्न माओवादीलाई सजिलो भएको देखिन्छ। गैरकाष्ठ वनस्पति बेच्दा अर्गेलीमा प्रतिकेजी ५ रुपैयाँ, चिराइतो र लोक्तामा ३/३ रुपैयाँ कर उठाउन सकिने सरकारी नियममा उल्लेख छ। तर, माओवादीले गाउँगाउँबाटै कर लिन थालेपछि सरकारी करको हिस्सा अत्यन्त न्यून रहेको छ।

## जडिबुटी तिब्बततिर

ओलाङचुङ्गोला, घुन्सा, याङ्मा, याम्फुदिन गाउँका मानिसको आयस्रोतको मुख्य स्रोतमध्ये जडिबुटी बेचबिखन पनि एक हो। सदरमुकाममा बजारको राम्रो व्यवस्थापन नभएकाले त्यस क्षेत्रका बासिन्दाहरू जडिबुटी तिब्बततर्फ लानु पर्ने बाध्यता रहेको बताउँछन्। त्यसो त ओलाङचुङ्गोला र घुन्साका बासिन्दालाई हिउँद सिद्धिएपछि ताप्लेजुङ सदरमुकाम झर्नुभन्दा तिब्बत जान छिटो हुन्छ। बेला बखतमा जडिबुटी किन्न तिब्बतकै व्यापारी पनि गाउँसम्म आउने गर्छन्। कञ्चनजंघा संरक्षण क्षेत्रमा मूल्यवान् जडिबुटी र गैरकाष्ठ पैदावर भएकाले त्यसको चोरी निकासीको लागि तिब्बतबाट समेत मानिस आउने गरेको उक्त क्षेत्रका स्थानीयवासी बताउँछन्। कञ्चनजंघा संरक्षण क्षेत्र परिषद्का अध्यक्ष दावा छिरिङ शेर्पा भन्छन्, 'जडिबुटी तथा वन्यजन्तुको चोरी सिकार रोक्न स्थानीय बासिन्दाको ठूलो हात हुन्छ।' गत वर्ष मात्र संरक्षण क्षेत्रका सात सामुदायिक वनका सदस्य सम्मिलत अनुगमन समितिले चोरेर लान लागेको अवस्थामा करिब ९२ किलो कुट्की जफत गरेका थिए। संरक्षण क्षेत्रबाट काठ र जंगली जनावरको चोरी निकासी हुने क्रम उस्तैरूपमा रहेको छ।

पछिल्लो समयमा द्वन्द्व चर्किंदै गएपछि संरक्षण क्षेत्रबाट तिब्बत निकासी हुने जडिबुटीको परिमाण बढ्दै गएको छ। करको लोभले गर्दा अवैध तिब्बततिर हुने जडिबुटी निकासी नरोकेको आरोप छ नि ? इन्चार्ज पासाङ भन्छन्, 'सकेसम्म हाम्रो पार्टीको पनि जडिबुटी तिब्बततर्फ लैजान नदिने सोचाइ हो, तर त्यहाँ बढी मूल्य पाइने भएकोले जनतालाई तिब्बत लैजाँदा फाइदा हुन्छ।'

प्राकृतिक सम्पदाको संरक्षणप्रति आफ्नो प्रतिबद्धता रहेको बताउने माओवादी चन्दा पाउनेबित्तिकै निष्फिक्री जडिबुटी निकासी गर्न छुट दिँदैछन्। माओवादीको यस्तो द्वैध नीतिले संरक्षण क्षेत्रको जडिबुटी तथा गैरकाष्ठ वनस्पतिको खपत तीव्र रूपमा बढिरहेको छ। एक अनुसन्धानअनुसार पाँच वर्षअघि कञ्चनजंघा क्षेत्रबाट वार्षिक १ हजार २ सय क्विन्टल अर्गेली उत्पादन हुँदै आएकोमा अहिले त्यसको परिमाण घटेर ८ सय क्विन्टलमा झरेको छ। त्यस्तै ५ वर्षअघि लोक्ताको वार्षिक उत्पादन क्षमता ५ सय क्विन्टल रहेकोमा अहिले त्यो २ सय ५० क्विन्टलमा झरेको छ। समग्रमा हेर्दा १० वर्षअघिको भन्दा अहिले गैरकाष्ठ वनस्पतिको परिमाणमा ५० प्रतिशतले कमी आएको छ। वनस्पतिविज्ञ एवं अनुसन्धाता डा. सुरेश घिमिरे भन्छन्, 'जडिबुटी तथा अरू गैरकाष्ठ वनस्पतिको बिक्रीदर उच्च रहेकाले ती वनस्पतिको परिमाणमा कमी आएको हो।'

कञ्चनजंघा संरक्षण क्षेत्रमा १५० जातिका गैरकाष्ठ वनस्पति रहेकामा ७५ प्रतिशत वनस्पति औषधीको लागि प्रयोग गरिन्छ। कुट्की, चिराइतो, खोकिम, मोइकोपिला, पाँचऔंले, सुनपाथी, जटामसी, बिख्मालगायत २५ प्रजातिका मूल्य र औषधोपचारका दृष्टिले महत्त्वपूर्ण वनस्पति त्यस क्षेत्रमा पाइएको वनस्पतिविज्ञ एवं अनुसन्धाता डा. घिमिरे बताउँछन्। कागज बनाउन प्रयोग गरिने लोक्ता र अर्गेली धेरै परिमाणमा खपत हुने वनस्पतिमा पर्छन्। पछिल्लो समयमा ठूलो परिमाणमा तिब्बततर्फ तस्करी भइरहेको कुट्कीमाथि सरकारले प्रतिबन्ध लगाए पनि यसको बेचबिखनमा कुनै फरक परेको छैन।

## संरक्षण क्षेत्रमा बंकर

'पृथ्वीलाई वरदान'को उपमा दिइएको कञ्चनजंघा संरक्षण क्षेत्रमा ८ सय ४४ प्रजातिका

**जहाँ विधिको शासन हुन्छ त्यहाँ सबै कुरा सुव्यवस्थित वन्दछ। तर, जहाँ व्यक्तिको शासन हुन्छ, त्यहाँका काम कारबाही जवाफदेहीपूर्ण तथा पारदर्शी बन्न सक्दैन। व्यक्तिगत सम्पर्क, सम्बन्ध र लेनदेनले मात्र काम गर्छ। यस्तो संगठन रुग्ण तथा जर्जर अवस्थामा संचालन भइरहेको हुन्छ।**



सुकदेव भट्टराई खत्री

# भ्रष्टाचार र नैतिकता

**वर्तमान परिवेशमा** विकसित मुलुकहरूमा संस्थागत आचार (कर्पोरेट इथिक्स)का बारेमा धेरै चर्चा परिचर्चा तथा अध्ययन अध्यापन भइरहेको छ। यसबारे प्रतिवर्ष थुप्रै शोधपत्र तयार भइरहेका छन्। दार्शनिक अरस्तुका पालादेखि नै अर्थराजनीति र नैतिकतालाई अविभाज्य सामाजिक क्रियाकलापका रूपमा स्विकारिएको छ। आज पनि विकसित मुलुकहरूमा समाजशास्त्रीहरू अर्थ, राजनीति र नैतिकताबीच अन्योन्याश्रित सम्बन्ध रहेको कुरामा जोड दिइरहेका छन्। अर्थतन्त्रको प्राथमिक सरोकारका कुरा बजारको माध्यमबाट व्यक्तिको आर्थिक समृद्धि हासिल गर्नु हो। जसका मुख्य विषयमा प्रतिस्पर्धा, दक्षता र उत्पादन वृद्धि रहेका छन्। यसैगरी राजनीतिको मुख्य लक्ष्य सरकारको माध्यमबाट सामाजिक न्याय प्रदान गर्नु हो। अर्को किसिमबाट अर्थ्याउनु पर्दा नैतिकता नै अर्थ तथा राजनीतिको आधार हुनु पर्दछ। कुनै पनि व्यक्तिको समाज र राज्यसँगको सम्बन्धको आधार नैतिकता भएजस्तै सामाजिक तथा व्यवसायमूलक प्रतिष्ठानहरूको राष्ट्रसँगको सम्बन्धको आधार पनि नैतिक हुनु पर्दछ। नैतिकताको धरातलमा नरहेको अर्थतन्त्र, सामाजिक सेवा कर्मचारीतन्त्र र राजनीति उद्देश्य तथा अर्थहीन बन्न पुग्दछ। तसर्थ नैतिकता संस्थागत आधारका लागि अपरिहार्य भएको छ।

व्यक्ति, परिवार, समाज राष्ट्र र राष्ट्रभित्रका सम्पूर्ण औपचारिक एवं अनौपचारिक संस्थाहरू निश्चित मापदण्ड र मान्यतामा आधारित हुन्छन्। यिनै मापदण्ड र मान्यतालाई नैतिकताको संज्ञा दिन सकिन्छ। समाजभित्रका चाहे ठूला हुन् वा साना सबै निकाय वा संस्थाले निश्चित मापदण्ड र मान्यतानुरूप काम कारबाही गर्नु जरुरी छ। यसलाई नै विधिको शासन मान्न सकिन्छ। जहाँ विधिको शासन हुन्छ त्यहाँ सबै कुरा सुव्यवस्थित वन्दछ। तर, जहाँ व्यक्तिको शासन हुन्छ, त्यहाँका काम कारबाही जवाफदेहीपूर्ण तथा पारदर्शी बन्न सक्दैन। व्यक्तिगत सम्पर्क, सम्बन्ध र लेनदेनले मात्र काम गर्छ। यस्तो संगठन रुग्ण तथा जर्जर अवस्थामा संचालन भइरहेको हुन्छ। व्यक्तिको जस्तै निश्चित उद्देश्य तथा कार्यका लागि स्थापित संस्थाको पनि समाज र जनसाधारणप्रति पालना गर्नु पर्ने नैतिकता रहन्छ। जुन संगठन वा संस्था वा पदाधिकारीले आपनो नितान्त व्यक्तिगत स्वार्थ तथा लोभ लालचले गर्दा संगठनको कुनै पनि कार्यप्रति प्रभावित पार्छ, त्यस्तो कार्यले सिंगो राष्ट्रप्रति नै अहित गर्छ जसलाई अनैतिक काम भनिन्छ। नेपालमा पनि संस्थागत नैतिकताको अभावले गर्दा भ्रष्टाचार बढ्न गएको तथ्य सर्वविदितै छ। अधिकारप्राप्त अधिकारीको स्वेच्छाचारिताले गर्दा संगठनमा गलत काम कारबाही हावी भएको छ।

हाम्रो मुलुकी प्रशासनिक परिवेशमा आर्थिक अुशासनहीनता र भ्रष्टाचार बढ्दै जानुको एउटा प्रमुख कारण उच्च प्रशासक तथा राजनीतिज्ञहरूमा नैतिकता तथा आचरण पक्ष फितलो हुँदा नै हो। कुनै पनि सभा समारोह तथा गोष्ठीहरूमा भ्रष्टाचार निवारणको पक्षमा वकालत गर्नेहरू नै नैतिकताको पक्षमा चुकेको पाइन्छ। कुनै पनि निकायहरूमा कार्यरत अधिकांश पदाधिकारीहरू लोभ लालचबाट विमुख हुन सकिरहेका छैनन्। उनीहरू नै बढीभन्दा बढी व्यक्तिगत सम्पर्क रुचाउने, आफ्नो फाइदाको लागि नियम कानुनको बेवास्ता गर्ने, प्रशासनलाई स्वच्छ र सुशासनयुक्त बनाउने भने पनि त्यसको बर्खिलापमा जाने, सार्वजनिक सुनुवाइ नरुचाउने, पदीय आचरणअनुरूप व्यवहार नगर्ने, भनाइ र गराइमा नितान्त फरक काम कारबाही गर्ने, चरित्रवान् व्यक्तिहरूलाई विभिन्न किसिमले निरुत्साहित तुल्याउने, चाकडी संस्कारका कर्मचारीहरूलाई प्रोत्साहित गर्ने, आधुनिकताभन्दा पुरातन र परम्परागत प्रवृत्ति अवलम्बन गर्ने गराउने जस्ता काम कारबाहीले गर्दा नै संस्थागत भ्रष्टाचार बढ्न गएको हो। संस्थागत भ्रष्टाचार हटाउन तत्कालै जो कोहीले चाहेर पनि सक्दैन। यसका लागि सबैमा इमानदारीको जरुरत पर्छ। अर्कोतर्फ यस्ता विसंगतिपूर्ण कार्यमा संलग्न पदाधिकारीहरूलाई कुनै न कुनै किसिमले उजागर गर्दै जानु पनि आवश्यक छ।

भ्रष्टाचार नियन्त्रण गर्ने सर्वोत्तम उपाय नैतिकता प्रवर्द्धन नै हो। नैतिकता भन्ने कुरा उच्च ओहदा तथा राजनीतिक पदाधिकारीमा अझ बढी दरकार पर्छ। किनकि सामान्य कर्मचारी अनैतिक भएमा प्रभाव थोरै मात्र पर्छ भने उच्च पदाधिकारी अनैतिक हुँदा सिंगो संगठन नै विचलन हुन पुग्दछ। साथै महत्त्वपूर्ण सार्वजनिक पदमा स्वच्छ छवि भएको व्यक्ति मात्र पुग्ने परिपाटी बसाउनु जरुरी हुन्छ। त्यसमा पनि भ्रष्टाचार नियन्त्रण गर्न स्थापित निकाय र आर्थिक अनुशासन स्थापित गर्ने गराउने निकाय र बढी सार्वजनिक जनसरोकार राख्ने निकायका पदाधिकारी स्वच्छ वा आर्थिक प्रलोभनमा नपर्ने व्यक्ति चयन हुनु आवश्यक छ।

भ्रष्टाचार नियन्त्रणका लागि उपाचारात्मक पद्धतिभन्दा प्रतिरोधात्मक उपाय बढी फलदायी हुन आउँछ। अर्थात् भ्रष्टाचार हुन्जेल पर्खेर भ्रष्टाचारीलाई दण्ड दिनुको साटो भ्रष्टाचार हुने सम्भावनालाई यथासमयमा नियन्त्रण गर्ने निरोधात्मक क्रियाकलापहरूको जरुरत भएको छ। सार्वजनिक निकाय तथा संस्थाहरूमा कार्यसम्पादन गर्नको लागि स्पष्ट सरल र यथासम्भव पारदर्शी र उत्तरदायी कार्यपद्धतिको विकास र कार्यान्वयन गराएर, गैरसरकारी संघसंस्था एवं नागरिक समाजसँग सहकार्य गरेर, जनचेतना जागृत गराएर र खोज एवं अनुसन्धानको माध्यमबाट नैकिता बोध गराएरसमेत भ्रष्टाचार नियन्त्रण गर्न सहयोग पुग्दछ।

नैतिकता, स्वच्छता, पारदर्शिता र भ्रष्टाचार नियन्त्रणका कुरा सरकार एक्लैको प्रयासबाट मात्र सम्भव हुँदैन। यसका लागि निजी क्षेत्र, नागरिक समाज, प्रबुद्ध नागरिक वर्ग र राज्यको चौथो अंग संचारको समेत ठूलो भूमिका रहन्छ। यी सबै अंगले समाज र राष्ट्रको हितका लागि भ्रष्टाचारलाई परास्त गर्ने अभियान थालनी गरिनु पर्छ, साथै सरकारका तर्फबाट पनि सुस्पष्ट कानुनी व्यवस्था, स्वविवेकी र तजबिजी अधिकार प्रयोगको आधार, सार्वजनिक शासन प्रणालीमा पारदर्शिता र कठोर दण्डको विधान समेतको दरकार पर्दछ।

**(खत्री नायव महालेखापरीक्षक हुन्)**

## छुट्टाछुट्टै विमा

**नेसनल लाइफ** एन्ड जनरल इन्स्योरेन्स कम्पनी (एनएलआइसी)ले छुट्टाछुट्टै कम्पनीमार्फत जीवन र निर्जीवन विमा सुरु गरेको छ। यसै साता राजधानीमा आयोजित पत्रकार सम्मेलनमा दिइएको जानकारीअनुसार जीवन विमा एनएलआइसी र निर्जीवन विमा एनएलजीमार्फत संचालन गरिएको छ।

जीवन र निर्जीवन विमा एउटै विमा कम्पनीबाट गर्न नपाइने नियम कार्यान्वयनका क्रममा यस्तो व्यवस्था मिलाइएको हो। अध्यक्ष ओम सिंहले जीवन र निर्जीवन विमा छुट्टाछुट्टै कम्पनीबाट संचालन गर्दा ग्राहकले थप गुणस्तरीय सेवा पाउने विश्वास व्यक्त गरेका छन्।



कम्पनीले १ अर्ब ७६ करोड जीवन विमा र १ अर्ब ५२ करोड रुपैयाँ निर्जीवन विमा प्रिमियम आर्जन गरेको बताएको छ। हालसम्म ७५ करोड रुपैयाँभन्दा बढीको दाबी भुक्तानी गरिसकेको पनि कम्पनीले जनाएको छ।

## आयो इथियोपियन एयर

**गुराँस ट्राभल्स** एन्ड टुर्स प्रालि इथियोपियन एयरलाइन्सको नेपालका लागि जनरल सेल्स एजेन्ट्स (जिएसए) नियुक्त भएको छ। उक्त एयरलाइन्स इथियोपियाको राष्ट्रिय ध्वजावाहक विमान सेवा हो।

नेपालबाट अफ्रिकासम्मको हवाई यातायातका लागि एक मात्र एयरलाइन्सका रूपमा उक्त एयरलाइन्सले सेवा पुऱ्याउनेछ। नेपाली यात्रुलाई अफ्रिकी मुलुकसम्मको सहज पहुँचको व्यवस्था मिलाउनका लागि उक्त एयरलाइन्सको जिएसए आफूले लिएको गुराँस ट्राभल्सले बताएको छ। उक्त एयरलाइन्सले दिल्ली, मुम्बई, बेइजिङ, बैंकक, दुबई लगायतका यस क्षेत्रका मुलुकमा उडान भर्दै आएको छ। उक्त एयरलाइन्सको सेवाबाट नेपालीलाई युरोप र अमेरिकासम्मको यात्रा पनि सहज हुने विश्वास लिइएको छ। ■

## दाँतमा हीरा

**६ वर्षदेखि** दाँतको उपचारमा नाम कमाउँदै आएको ओरल डेन्टल होमले दाँतमा हीरा जडान गर्ने नयाँ प्रविधि पस्किएको छ। ओरल डेन्टलद्वारा जारी प्रेस विज्ञप्तिमा 'दाँतमा हीरा जड्नाले हरेक पटक बोल्दा, मुस्कुराउँदा दातमा जडित हीरा चम्कन्छ र आत्मविश्वास बढाइरहेको हुन्छ।'

ओरल डेन्टलले दातका कुनै पनि समस्यालाई विरामीको सोचाइभन्दा पनि दुरुस्त र प्राकृतिक बनाउन सकिने दाबी गरेको छ। हीरा जडान गर्ने प्रविधि नवीनतम, सुरक्षित र फेसनयोग्य हुने बताइएको छ। दाँतमा राखिने हीरा अमेरिका, अस्ट्रिया, थाइल्यान्ड र सिंगापुरबाट आयात हुने गरेको छ।

## बोटलर्सको फन आइल्यान्ड योजना

**हल्का चिसो पेय** कोकाकोला, फ्यान्टा र स्प्राइटका उपभोक्ता यसपल्टको गर्मीमा आफ्नो जोडीसहित थाइल्यान्डको 'फन आइल्यान्ड'मा रमाउन पाउने भएका छन्।

बोटलर्स नेपाल लिमिटेडले बजार प्रवर्धनका लागि यसै साता सार्वजनिक गरेको उक्त योजनानुसार ती पेय पदार्थको हरियो बिर्कोमा राखिएको हवाईजहाज अंकित तीन लाइनर एउटा खाममा जम्मा गरी पोस्ट बक्स नं. १७३१ मा खसाल्नु पर्नेछ। यस क्रममा उपभोक्ताले नाम, ठेगाना र फोन नम्बर उल्लेख गर्न बिर्सन हुँदैन। ग्राहकको सुविधाका लागि नेपाल अधिराज्यका २ सय ५० स्थानमा ड्रप बक्स राखिएको कम्पनीले बताएको छ। यसरी संकलित नामहरूबाट ५० जोडी वा १ सयजनालाई भाग्यशाली चिट्ठामार्फत 'फन आइल्यान्ड' घुम्ने अवसर प्राप्त हुनेछ।



चिट्ठाको नतिजा नेपाल टेलिभिजन, नेपाल वान र इमेज टेलिभिजनबाट प्रसारण गरिने बोटलर्स नेपालका 'कन्ट्री म्यानेजर' माइक स्मिथले बताएका छन्। अन्य उपभोक्ताका लागि पनि करोडौंबराबरका नगद राखिएको बताइएको छ। जसअनुसार १ सयदेखि १० हजार रुपैयाँसम्मका नगद कोक, फ्यान्टा र स्प्राइटमा उपभोक्ताले हात पार्नेछन्। ■

## नेपालीकै हातमा आयो भोटेकोशी

**सिन्धुपाल्चोकको** भोटेकोशीमा सञ्चालित ३६ मेगावाट क्षमताको भोटेकोशी जलविद्युत् योजनाको अधिकांश स्वामित्व नेपाली लगानीकर्ताको हातमा आएको छ। उक्त योजनाको मुख्य लगानीकर्ता अमेरिकी पान्डा अफ नेपाल डलास कम्पनीले आफ्नो स्वामित्वमा रहेको ७५ प्रतिशत सेयर नेपाली हिमाल इन्टरनेसनल इनर्जी प्रालिलाई बिक्री गरेपछि भोटेकोशी पावर कम्पनी प्रालिको ८५ प्रतिशत स्वामित्व नेपालीमा सरेको छ। यसअघि उक्त कम्पनीमा नेपाली लगानीकर्ताको सेयर अंश १० प्रतिशत मात्रै रहेको थियो।

कम्पनीका अध्यक्ष सिद्धार्थ राणाले सेयर खरिद बिक्रीका लागि दुई वर्षदेखि चलिरहेको छलफलको टुंगो अहिले लागेको जानकारी गराएका छन्। नेपाली स्वामित्वका अतिरिक्त अब भोटेकोशी पावर कम्पनीमा अमेरिकी हार्जा कम्पनीको १० प्रतिशत र इन्टरनेसनल फाइनान्स कर्पोरेसन (आइएफसी)को ५ प्रतिशत सेयर रहेको छ। भोटेकोशीबाट फिर्ता भएको पान्डाले जलविद्युत् लगानीमा विश्व बजारबाट हट्ने र स्थानीय ऊर्जा व्यापारमा संलग्न रहने नीतिअनुसार सेयर बिक्री गरेको हो।



Mrs. Bharati Shrestha

SARADA EMPORIUM

A showroom of Modern Ladies Suits & Ladies Dresses

SHOP NO. 274 SUPER MARKET, 2ND FLOOR
(Left Side of the escalator)
KATHMANDU, NEPAL, Mobile : 9851070807

समस्त नेपालीमा नववर्ष २०६३ को हार्दिक मंगलमय शुभकामना

नेपाल विकास बैंक लि. (वित्तीय संस्था)

हेरिटेज प्लाजा, कमलादी, काठमाडौं
फो.नं.: ४२५४६३९, ४२४५७४०, ४२४५७५९
फ्याक्स : ९७७-१-४२४५७५३
E-mail : ndb@ccsl.com.np, website : www.ndevbank.com

# केशव नेपाल च्याम्पियन

**मुलुकमा दुई बन्दुकबीच** द्वन्द्व चर्किएकै बेला झापाको धुलाबारीस्थित पासाङ ल्हामु स्मृति जेसिज प्रतिष्ठानमा भने बौद्धिक भिडन्त भइरहेको थियो। करिब वर्ष दिन लामो पर्खाइपछि चौधौं राष्ट्रव्यापी बुद्धिचाल प्रतियोगिता यसै साता सम्पन्न भयो। प्रतियोगिताको अन्तिम दिन खेल हेर्न आउनेको ठूलो भीड जम्मा भएको थियो। प्रतियोगिता हेर्न आउँदा स्थानीय दर्शकले जे सोचेका थिए त्यो यसपल्ट पूरा हुन सकेन।

सबैले सोचेका थिए, यस वर्षको राष्ट्रव्यापी बुद्धिचाल प्रतियोगितामा पूर्व नेपाल च्याम्पियन विमललाल श्रेष्ठले जित्नेछन्, तर काठमाडौंका केशव श्रेष्ठले निर्णायक भिडन्तमा विमललाललाई बराबरीमा रोकेपछि प्रोगेसिभ अंकका आधारमा केशव नेपाल च्याम्पियन घोषित भए। विमलले दोस्रोमै चित्त बुझाउनु पर्‍यो। 'प्रोगेसिभ अंकका आधारमा मैले हार स्विकार्नु पर्‍यो', केशवसँगै बराबरी ७ अंक जुटाएका विमलले प्रोगेसिभ अंकको आधारमा नेपाल च्याम्पियनको उपाधि सुम्पनु परेपछि दुःख मनाउ गर्दै *समय*लाई भने।

यसपालिको राष्ट्रिय बुद्धिचाल प्रतियोगितामा ७ अंक जुटाए पनि डिफेन्डिङ च्याम्पियन दिगेशशंकर मल्ल तेस्रा स्थानमा रहे। पूर्व नेपाल च्याम्पियन ओलम्पिक खेलाडी राजेन्द्रप्रसाद श्रेष्ठ पनि ७ अंकमा चित्त बुझाउँदै चौथो भए। त्यसैगरी दुई पटक नेपाल च्याम्पियन बनेका बद्रिलाल नेपालीले ६.५ अंक बटुल्दै पाँचौं स्थानमा चित्त बुझाउनु पर्‍यो। काठमाडौंका राजन क्षेत्री छैटौं, भक्तपुरका राजेश कक्षपति सातौं, जनार्दन श्रेष्ठ आठौं, सुरवीर लामा नवौं र पुरुषोम दुलाल दसौं स्थानमा रहे। प्रतियोगितामा झापाका उमेश राई र सप्तरीका नवीनकुमार चौधरी म्यान अफ दी म्याच घोषित भए।



▲ पुरस्कार ग्रहण गर्दै बुद्धिचाल नेपाल च्याम्पियन केशब श्रेष्ठ

■ **मदन खरेल/झापा** (तस्वीर पनि)

# पिताको पाइला पछ्याउँदै




**कवीर प्रधानांगले** मिस्टर धरान घोषित भएपछि भने, 'म यो उपाधि आफ्ना बाबुलाई समर्पण गर्न चाहन्छु।' मिस्टर धरानको बाह्रौं संस्करण जितेपछि कवीरले भने, 'म बाबुबाट प्रभावित छु र बाबुकै पाइला पछ्याउन चाहन्छु।'

२४ वर्षीय कवीरका पिता राजभगत प्रधानांग शारीरिक सुगठनका नामी खेलाडी हुन्। शारीरिक सुगठनका अन्तर्राष्ट्रिय निर्णायक राजभगतले तीसको दशकमा नेपालकै 'बलियो मानिस'को उपाधि जितेका थिए। उनी दोस्रो मिस्टर धरान पनि हुन्। धरान फिजिकल फिटनेस सेन्टरका सञ्चालक राजभगतकै नामबाट कवीर चिनिँदै आएका थिए।

तर, मिस्टर धरानको उपाधिसँगै कवीरले आफ्नो पहिचान हासिल गरेका छन्। मोडलिङबाट शारीरिक सुगठनमा लागेका कवीरले यसअघि २०६१ सालको एघारौं मिस्टर धरानमा ७० केजी तौल समूहको दोस्रो स्थानमै चित्त बुझाउनु परेको थियो। एक वर्षअघि आफ्नो तौल समूहमा पनि प्रथम हुन नसकेका कवीर कसरी एकैचोटि मिस्टर धरान भए त ?

तीन महिनाअघि निकै मोटा देखिने कवीरले मिस्टर धरानको उपाधि हत्याउन कडा अभ्यास र भोजन सन्तुलनको माध्यमबाट १० किलो तौल घटाएका थिए। 'मैले बोसो लाग्छ भनेर भात खाइनँ, रोटीले नै भोक मेटेँ', कवीर भन्छन्, 'कसैको जिद्दीले चिल्लो हालेको तरकारी खाए पनि घरमा आएर मुखमा औंला हाली ओकल्थेँ।'

तर, यति कडा अभ्यासपछि पनि कवीरलाई मिस्टर धरान हुने पूर्ण आत्मविश्वास थिएन। 'खासगरी मलाई बब दाइ (टीका लिम्बू) र पूर्ण तामाङसँग अलि डर लागेको थियो', कवीर भन्छन्, 'तर, मैले मेहनतको फल पाएँ।' अब उनी अञ्चल र क्षेत्रीयस्तरको प्रतियोगिता जित्ने सुरमा छन्। अनि, मिस्टर नेपाल नहुने ? उनी भन्छन्, 'विस्तारै हुने नि।'

■ **ओमआस्था राई/धरान** (तस्वीर पनि)

# स्वदेशलाई गुन

■ केशवशरण लामिछाने/पोखरा



कवीर प्रधानांग

सुदर्शन रञ्जित

**उनलाई भालेको डाँकले उठाउँछ।** र, प्रातः भ्रमण त सामान्य र नित्य कर्म नै हो। तर, डम्बरसिंह गुरुङ (५३) को वास्तविक दैनिकी भने घरभन्दा टाढाको पोखरा रंगशालाबाट सुरु हुन्छ। यहाँ उनीभन्दा ४ दशक साना फुच्चेहरू उनको बाटो ढुकेर बसेका हुन्छन्।

बेलायती सेनाका अवकाश प्राप्त डम्बरसिंहको आसक्ति र लगाव अनि समर्पण हेर्दा भन्न करै लाग्छ, उनी त फुटबलका कर्मशील कुमाले हुन्। बिहान ७ बजे पोखरा रंगशाला आइपुगेर अनाथ र असहाय बालकहरूलाई फुटबल सिकाउनु उनको बिहानी कर्म हो भने दिउँसो पनि फुटबलकै विकास गतिविधिमा संलग्न रहन्छन् उनी । त्यसो त पोखरेली फुलबलको उज्यालो भविष्यको सपना देख्दै बित्ने रातपछि आउने प्रत्येक बिहान उनको फेरि फुटबल प्रशिक्षणबाट सुरु हुन्छ।

पोखराको चर्चित सहारा क्लबले संचालन गरेको फुटबल एकेडेमीका प्रशिक्षक हुन्, डम्बरसिंह। प्रशिक्षक त उनी हुन् नै, तर अरूभन्दा उनको फरकपन हो महान् हृदय। उनी सित्तैमा सहाराका बालकहरूलाई ५ वर्षदेखि फुटबल सिकाइरहेका छन्। गत वर्ष सुरु भएको नयाँ एकेडेमीअघि २०५८ सालको एकेडेमीका लागि पनि उनको पसिना पोखिएको छ पोखरा रंगशालामा। काँचो माटो जस्ता बालकलाई निखारेर कुशल फुटबल खेलाडीको रूप दिने कुशल कुमाले हुन् उनी।

**पोखराको चर्चित सहारा क्लबले संचालन गरेको फुटबल एकेडेमीका प्रशिक्षक हुन्, डम्बरसिंह। प्रशिक्षक त उनी हुन् नै, तर अरूभन्दा उनको फरकपन हो महान् हृदय। उनी सित्तैमा सहाराका बालकहरूलाई ५ वर्षदेखि फुटबल सिकाइरहेका छन्।**

दाताको चन्दाबाटै एकेडेमी चलाइरहेको छ सहारा। यसको वार्षिक खर्च करिब १६ लाख रुपैयाँ छ। डम्बर सिंहले पनि होस्टेमा हैंसे गर्नकै लागि पसिना बगाएका छन्। उनको कला र कौशल कलिला बालकहरूका गोडालाई फुटबलसँग अभ्यस्त पार्न खर्च भइरहेको छ। पाँच वर्षअघि सामाजिक क्षेत्रमा कहलिएको सहाराले फुटबल एकेडेमी चलाएको खवर डम्बरसिंहको कानमा पर्‍यो। 'त्यसो भए त म सित्तैमा सिकाइहाल्छु नि' भन्दै उनी पुगे सहारालाई साहरा दिन। सहारालाई पनि के खोज्छस् कानो आँखो नै भयो। त्यसकै भोलिपल्टदेखि निःशुल्क फुटबल प्रशिक्षक बनेका हुन् डम्बरसिंह। अघिल्लो एकेडेमीमा उनको प्रशिक्षण पाएका अनिल गुरुङले नेपाली फुटबलको ख्याति चम्काउने लक्षण देखाएका छन्। उसो त डम्बर बालकहरूसँगै सहाराका सिनियर समूहलाई पनि प्रशिक्षण दिन्छन्।

अवकाशपछिको जिन्दगीमा उनी जस्तै थुप्रै पूर्व गोर्खा सैनिकहरू कि फेरि विदेश नै पलायन भएका छन् कि रमाइलोको जीवन बिताइरहेका छन्।। विदेश भासिएर अझै सम्पत्तिको थुप्रो लगाउने ल्याकत उनमा पनि छ। उल्टै मोटरसाइकलको पेट्रोलसँगै समय पनि खर्चंदै उनी दैनिक पोखरा रंगशाला धाउनुको पछाडि एउटै कारण छ, फुटबल प्रेम। उनी भन्छन्, 'पोखरेली फुटबलमा एउटा इँटा थप्न सके पनि धन्य भइन्छ भन्ने लाग्छ।'

डम्बरसिंह फुटबलको यो मोह त्यसै पलाएको होइन। ब्रिटिस सेनामै रहँदा नै उनले नेपाली फुटबललाई ठूलो गुन लगाइसकेका छन्। हो, १४ वर्षे कलिलो उमेरमै भर्ती हुँदासम्म पनि फुटबल खेलेको अनुभव थिएन उनमा। भर्ती भइसकेपछि

सन् १९८२ को एसियाली खेलमामा डम्बरको एउटा रोचक प्रसंग पनि छ। उनले एक्लै गोल गर्ने अवसर पाएका थिए। किपर र उनी मात्रै भएका बेला केही छक्याएझैं गरेर खेलाउँदा खेलाउँदै बल त विपक्षी डिफेन्सले पो सुटुक्क आएर खोसिदियो। उनी आफ्नो खेल जीवनको रोचक घटना मान्छन् यसलाई। कहिलेकाहीं सम्झँदा मनमनै हाँसो पनि उठ्छ। उनी भन्छन्, 'मैले त्यो गोल गरेको भए खेल के हुन्थ्यो हुन्थ्यो।'

मलेसियामा २ वर्ष बस्दा नै फुटबल सिके। तैपनि समूहमा नपर्ने र परे पनि एक्स्ट्रा हुनुपर्दा उनको कलेजा कटक्कै काटिन्थ्यो। त्यही इख सायद मनमा गड्यो अनि विस्तारै कुशल र दक्ष खेलाडी बने उनी।

फुटबल एसोसिएसन बेलायतबाट कोचको तालिम लिएका छन् डम्बरसिंहले। यो तालिम लिनेको संख्या नेपालमा निकै थोरै मात्रै छ। त्यही ज्ञान र सीप स्वदेशी भूमिमा उतारिरहेका छन् डम्बरसिंह। सन् १९७४ मा नेपालले बेलायती सैनिकको गोर्खा पल्टनसँग ६ जना खेलाडी माग्यो। एसियन खेल खेल्न डाकिएका खेलाडीमध्ये छानिन सफल भए डम्बरसिंह पनि। 'बेलायत सरकारको नुन खाएर नेपालका तर्फबाट खेल्यौं', उनी सम्झन्छन्। त्यति बेला उनी भएको टिमबाट अहिलेका डिआइजी निरज पुन पनि खेलेका थिए। दक्षिण कोरियाको टोलीसँग नेपालले हार्नुको कारण सम्झदै उनी भन्छन्, 'नेपाली खेलाडीको तालिम नै गतिलो थिएन।'

फेरि सन् १९८१ एन्फा कप खेल्न आएको गोर्खा ब्रिगेड टिमका डम्बरसिंहको खेलको जादुले धेरैलाई मोहित पार्‍यो। त्यही खेल देखेर १९८२ को एसियाली खेलका लागि विशेष गरी उनलाई नेपालमै राख्न बेलायती सेनासँग अनुरोध गरियो। नेपाली राष्ट्रिय टोलीको जर्सी लगाएर भिडे उनी। तर, कुवेतसँग नेपाली टिम हार्‍यो। कुवेतले त पछि फाइनल नै जित्यो। त्यति बेला रूपक शर्माको नेतृत्वमा गणेश थापाहरूसहित आफू खेलेको स्मरण गर्दै डम्बरसिंह उस बेलाका जर्मन प्रशिक्षकको तालिम प्रशंसनीय रहेको सुनाउँछन्।

१९८९मा सैनिक सेवाबाट अवकाश प्राप्त गरेपछि उनी प्रशिक्षण लगायत आफ्ना प्रमाणपत्रको ठेली बोकेर पोखरा रंगशालाको खेलकुद कार्यालय पुगे। आफ्नो सीप स्वदेशीलाई सित्तैमा सिकाइदिने प्रस्ताव लिएर जाँदा एसएलसीको प्रमाण पत्र नभएको निहुँमा फर्कनुपर्‍यो। त्यही रन्कोमा उनी भासिए विदेश।

दस वर्षपछि स्वदेश फर्केका डम्बरसिंहले फुटबलसँगै साइनो जोडे। सहारा क्लब र फुटबलसँगको उनको साइनो अहिले निकै गठिलो भएको छ। अहिले पनि लोभलाग्दा कयौं अवसर छोडेर केवल कलिला बालकलाई सित्तैमा फुटबल सिकाएर दक्ष खेलाडी बनाउने कर्ममा घोटिएको घोटियै छन् डम्बरसिंह। ■



# एन्फा फराकिलो सोच लिएर अगाडि बढ्नु पर्छ

■ **श्याम श्रेष्ठ**
**वरिष्ठ फुटबल प्रशिक्षक, नेपालगन्ज**

**अखिल नेपाल फुटबल संघ** राष्ट्रिय फुटबलको सर्वोच्च संस्था हो। एन्फा कम्पलेक्सको निर्माण, युथ फुटबल परियोजना, अधिराज्यभरि एज ग्रुप कार्यक्रम, क्लबहरूलाई व्यवसायीकरण गर्नेतर्फ अग्रसरता, लिग प्रतियोगिताको निरन्तरतालगायत संघले आधादर्जन जति कार्यक्रम ल्याएर फुटबल विकासमा आफ्नो प्रतिबद्धता देखाएको छ।

संघले राष्ट्रको फुटबल विकासमा उल्लिखित महत्त्वपूर्ण भूमिका निर्वाह गरे पनि भविष्यलाई हेरी अझ फराकिलो सोचका साथ कार्य नीति अवलम्बन गरी अगाडि बढ्नु जरुरी छ। फुटबल खेलको विकासमा संघ र क्लबहरूको भूमिका अति नै महत्त्वपूर्ण मानिन्छ। यसको लागि तल्लो तह (जिल्ला संघ) र क्लबहरूबीच राम्रो समन्वय तथा सहयोगको भावना हुनु जरुरी छ। संघले प्रतिभाशाली खेलाडी तयार गर्ने वा खेल क्षेत्रलाई चिनाउने कार्य गर्दैन, यस्ता कार्य क्लबद्वारा गरिन्छ र गर्नु पर्छ। जिल्लाका खेलाडीहरूलाई निपुण, सक्षम र प्रतिभाशाली बनाउन जिल्ला संघहरूले केन्द्रको कार्यक्रममा मात्र निर्भर नरही जिल्लाभित्र पनि सानातिना प्रायोजकको खोजी गरी बढीभन्दा बढी प्रतियोगिता सञ्चालनमा निरन्तरता दिनु पर्दछ। प्रतिभाशाली खेलाडी जन्माउने काम क्लबहरूद्वारा नै हुने भएकोले तल्लो तहलाई बढी सक्रिय पार्न एन्फाले उपत्यकाका ए डिभिजन क्लबहरूलाई मात्र ध्यान नदिई व्यवहारिक रूपमा जिल्लाका उत्कृष्ट क्लबहरूमा पनि नैतिक, भौतिक र आर्थिक कार्यक्रम तर्जुमा गरी स्पष्ट नीति अपनाउनु जरुरी छ।

संघले जिल्ला र क्षेत्रमा पनि लिग प्रतियोगितालाई प्रोत्साहन गर्नु आवश्यक छ। जिल्लामा लिगलाई प्रोत्साहन गरी त्यसबाट छानिएका क्लबका बीचमा सुपर लिग गराई, क्षेत्रका प्रत्येक जिल्ला संघहरूबाट उत्कृष्ट सुपर लिग विजेता क्लबबाट क्षेत्रीय लिग प्रतियोगिता गराई क्षेत्रीय लिग च्याम्पियन क्लबहरूलाई राष्ट्रको महत्त्वपूर्ण प्रतियोगितामा समावेश गराउनुपर्छ।

मेचीदेखि महाकालीसम्मका क्लब र खेलाडीहरूले राष्ट्रिय फुटबलको प्रतिष्ठित लिग दशरथ रंगशालामा खेल्न पाउनु पर्छ। त्यसका लागि संघले प्रशिक्षणको रूपमा भए पनि यो नीति र कार्यक्रम पाँच वर्षका लागि लागू गर्न जरुरी छ। यस्ता कार्यनीतिले जिल्लादेखि नै खेलाडी तथा क्लबहरूमा रौनकता थपिनुका साथै संघहरूमा जागरुक र बढी उत्तरदायित्व बोध हुनेछ। फुटबल विकासका लागि व्यवसायिक हुन जरुरी छ र दक्षिण एसियाका केही राष्ट्र यसतर्फ विस्तारै सफलता हासिल गर्दै गइरहेका छन्। फुटबल खेल व्यवसायी नभएसम्म यो खेल सोचेजति विकास हुन सक्दैन।

संघले युवा खेलाडी तयार पार्न राष्ट्रिय खेलकुद परिषद्का प्रशिक्षकसमेतलाई सामेल गराउनु जरुरी छ। जुन जिल्लामा परिषद्का प्रशिक्षकहरू छैनन् त्यस्ता क्षेत्र र जिल्लामा एन्फाले पारिश्रमिक दिएर राखेका प्रशिक्षकहरूलाई खटाएमा एन्फा आफनो उद्देश्यमा सफल हुनेछ। एन्फाले राष्ट्रिय खेलकुद परिषद्का प्रशिक्षकहरूसँग सौताको व्यवहार गरी हिँडेमा त्यसको नकारात्मक असर फुटबलको भविष्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा पर्नेछ। देशको सर्वोच्च खेल संस्था राष्ट्रिय खेलकुद परिषद् हो भने त्यसका मातहतमा राष्ट्रिय संघहरू अटाउने गर्दछन्, जसको उद्देश्य र भूमिका भनेको आ-आफ्नो खेलको विकास गर्ने हो। त्यसैले परिषद् र संघहरूबीच आपसी समन्वय र सम्बन्ध हुन जरुरी छ।

अहिले फुटबल संघको नीति र क्रियाकलाप हेर्दा व्यक्ति विशेषलाई मन पर्ने दुईचारलाई छोडी अन्य संघलाई सौताको व्यवहार गरिरहेको प्रस्ट देखिन्छ। किनभने जिल्लामा परिषद्का प्रशिक्षक हुँदाहुँदै संघले किटानीसाथ आफू मातहतका प्रशिक्षकलाई पठाउने गरेको छ। यो कस्तो खेल नीति हो संघको ? संघले आफ्नो प्रशिक्षण कार्यक्रममा खेलकुद परिषद्का प्रशिक्षकहरू समावेश गर्न उनीहरूलाई के समस्या परिरहेको छ ? परिषद्ले प्रशिक्षक केका लागि राखेको हो ? यस्ता अनेकौं प्रश्न छन्, जसको जवाफ संघले नै दिनु उचित हुनेछ। खेलकुद परिषद्ले पनि यसको जवाफ माग्नु पर्छ। नत्र राष्ट्रले लगानी गरेको सबै व्यर्थ जानेछ। ■

पश्चिम नेपालको वनपाखा र गाउँबेंसीमा पुस्तौंदेखि प्रचलित लोकभाका र दोहोरीगीतहरूले आफ्नै गाउँबस्तीमात्र हैन राजधानी काठमाडौं समेत रन्काएको छ । दोहोरीगीतको रापले कुनै बेला काठमाडौंका गल्ली गल्लीमा घन्कने 'कान्छी रे कान्छी रे ... रुकजान दिल तोडके' जस्ता हिन्दी गीतको अस्तित्व राम्ररी मेटिएको छ ।



डा. गणेशमान गुरुङ

# रन्कियो राजधानी

**साधारण जनताले** एउटै अर्थमा बुझ्ने गरेका शब्दहरू प्रजातन्त्र र लोकतन्त्रको अर्थ बेग्ला बेग्लै ढंगले बुझ्नु पर्ने अवस्था सृजना भएको छ । लोकतन्त्रको सट्टा प्रजातन्त्र शब्द प्रयोग गर्दा वर्तमान राजनीतिक दलहरूलाई अपच हुने मात्र होइन बरु कतै आन्दोलनविरोधी खेमाको त होइन भनी शंकाको दृष्टिले हेर्न सक्दछन् । यसरी परिवर्तित सन्दर्भमा शब्द चयन हुँदै जाँदो रहेछ ।

लोकतन्त्र स्थापनाको आन्दोलनमा समर्पित सात दलका नेता र निर्वाचन गराएर प्रजातन्त्रलाई पुनर्ताजगी गर्ने सक्रिय मन्त्रीहरूका दोहोरी भाषणले राजधानीमा गर्मीसँगै राजनीतिक सरगर्मी चढ्दो छ । सँगसँगै आफ्नै मौलिक संस्कृतिभित्रको दोहोरीगीतका भिडन्तले हरेक साँझ राजधानीका मूल सडकछेउछाउ र गल्लीहरू घन्किरहेको पाइन्छ । दिनभरको थकानलाई नाचेर, गाएर र हाँसेर नेपालीहरूले दोहोरीगीतबाट किन मनोरञ्जन लिन्छन् त ?

पश्चिम नेपालको वनपाखा र गाउँबेंसीमा पुस्तौंदेखि प्रचलित लोकभाका र दोहोरीगीतहरूले आफ्नै गाउँबस्तीमात्र हैन राजधानी काठमाडौं समेत रन्काएको छ । दोहोरीगीतको रापले कुनै बेला काठमाडौंका गल्ली गल्लीमा घन्कने 'कान्छी रे कान्छी रे ... रुकजान दिल तोडके' जस्ता हिन्दी गीतको अस्तित्व राम्ररी मेटिएको छ । त्यति मात्र होइन अन्य नेपाली लोकगायकहरूलाई पनि दोहोरीगीतले आकर्षण र चुनौती दुवै कुरा दिएको पाइएको छ । उदाहरणका लागि नायक शिव श्रेष्ठ, भुवन केसी जस्ता हस्तीहरू दोहोरीगीतको श्रव्यदृश्यमा मस्त नाचिरहेको देख्न पाइन्छ ।

आफ्नै लोकबेंसी र वनपाखाबाट उब्जिएका लोकभाका दोहोरीगीतहरू विभिन्न नामले सञ्चालित दोहोरी साँझहरू आफ्नै लोकबाजा मादल डम्फु र मुरलीको तालमा के युवायुवती, के अधबैंसे सबैजना गाएर, नाचेर जुस, वियर र ह्विस्कीको चुस्कीमा झुमिरहेको पाइन्छ । यस्ता दोहोरी साँझको संख्या काठमाडौं उपत्यकाभित्र मात्रा १०० जति भएको अनुमान छ । तैपनि, नेपाल लोकदोहोरी सांस्कृतिक व्यवसायिक संघमा केवल ५० वटाले आफूलाई दर्ता गरी आफ्नो संगठन खोल्ने काम गरेका छन् । सर्वेक्षणले देखाएअनुसार एउटा दोहोरी रेस्टुराँमा कम्तीमा चारजना गायक र चारजना गायिकाका साथै मादल, मुरली, डम्फु र हर्मोनियम बजाउनेहरूको संख्या रहेको पाइएको छ । यस्ता दोहोरी रेस्टुराँमा गाउने गायक गायिकाहरूमध्ये अनुमानित ९५ प्रतिशतले गण्डकी र धौलागिरी अञ्चलका गाउँबेंसीको प्रतिनिधित्व गरेको पाइएको छ । यसमा पनि धौलागिरीको बागलुङ र म्याग्दी, गण्डकी अञ्चलका स्याङजा, गोर्खा, तनहुँ, लमजुङ र कास्कीको नाम विशेष रूपमा आउने गरेको छ, जब कि प्यूठान, पाल्पा, चितवन, धादिङ र नवलपरासीबाट पनि यस्ता गायक-गायिकाको उपस्थिति रहेको छ ।

लोकदोहोरी बूढाबूढी, युवायुवती सबैबीच चाखिलो रूपमा लैजानुमा पनि थुप्रै गायक गायिकाको आ-आफ्नो भूमिका छ । तैपनि भगवान भण्डारीको 'खैरेनीमा गेट', बद्री पँगेनीको 'ससुरालीमा' र राजु परियारको 'फूलमा भमरा' र पुरुषोत्तम न्यौपानेको 'पेन्सन पट्टामा ...' भन्ने गीतले भने दोहोरी गीतका पारखीहरूमा एउटा ठूलै छाल ल्याइदिएको पाइएको छ । विमाकुमारी दुरा, सिन्धु मल्ल, लक्ष्मी न्यौपानेको सुरिलो भाकाले ठूलो प्रशंसा पाएको छ भने स्वरकी धनी र दोहोरी गायनमा पछि नहट्ने शर्मिलाको नाम अझ माथि भएको महसुस भएको छ । यस्तै निशा र दीपा राईको जोसिलो गीत, राजु गुरुङको नृत्य र जवाफी दोहोरी गीतले ठूलै हलचल ल्याएको पाइएको छ । यसरी नै नयाँ प्रतिभाको आगमनले गाउँघर भने रित्तै भएको छ । जब दोहोरी गीतको सहरीकरण र खुलापनको प्रश्न आउँछ तब त्यसको श्रेय सोझै जान्छ - कास्कीका प्रजापति पराजुली र तनहुँका अमर विरहीलाई ।

यस्ता दोहोरी रेस्टुराँ आफ्नो गाउँबस्ती, आफ्नो जन्मथलो छाडी कसरी काठमाडौं आइपुगे होलान् भन्ने सम्बन्धमा प्रश्न उठाउँदा धेरैजसो गायक गायिका आफ्नै साथीभाइको सम्पर्कको कारणले काठमाडौं भित्रिएका, केही गायक गायिका गाउँमा बस्दा माओवादी जनसेनामा जानुपर्ने डरले गाउँ छाडी काठमाडौं आइ पुगेको बताउँछन् । उनीहरूले पाउने सुविधाबारे प्रश्न गर्दा धेरैले मासिक तलब थोरै भएको र केहीले समयमा नपाइने गुनासो गर्दछन् । यसरी नै दोहोरीमा आगन्तुकहरूको खानपिन र बसाइँमा सेवा पुऱ्याउन निकै ठूलो संख्यामा सेविकाहरू (वेट्रेस) राखिको पाइएको छ । यसमा काठमाडौं, नुवाकोट, झापाबाट आएकाहरूको संख्या ठूलै छ । साधारणतया गायकगायिका लगायत सेविकाहरूको बेलुकाको खाना दोहोरी रेस्टुराँमै हुने गर्दछ । सेविकाहरूले दुई हजारदेखि तीन हजार पाँच सय रुपैयाँसम्म पाउँछन् भने गायकगायिकाले ५ देखि ८ हजारसम्म पाउने गरेको जानकारी दिएका छन् । एक दुईजनाले १५ हजार रुपैयाँसम्म पाएको पाइयो । कतिपय दोहोरी साँझहरूमा सेविकाहरूको एउटै किसिमको पहिरन रहेको छ भने गायक गायिकाहरूले गुरुङ तथा मगर महिलाहरूले लगाउने कपडा र गहना लगाएर गाउन बसेको देखिन्छ । यस्तै दोहोरी रेस्टुराँलाई गाउँले वातावरणमा लैजान गाउँघरकै घरकटेरो, मकैका झुत्ता, भाँडाकुँडा र हलोजुवा जस्ता कृषि सामग्रीले सिंगारपटार गरी आकर्षक गायन तथा नृत्य ठाउँ मिलाइएको हुन्छ । यस्ता दोहोरी रेस्टुराँहरू हाल काठमाडौं चक्रपथ वरपर कलंकी, ग्वार्को, चावहिल, नारायणगोपाल चोक, नयाँ बसपार्क, गोंगबुतिर केही पातलो रूपमा छन् भने ठमेल, दरवार मार्ग र पुतलीसडक वरपर बाक्लै रूपमा रहेको छ ।

यस्ता दोहोरी रेस्टुराँहरू साँझ ७ बजेदेखि सुरु हुँदै गरे पनि केवल साँझ ८:३० बजेदेखि दोहोरी गीतको भिडन्तले रौनक छाएको पाइन्छ । दोहारी गीतको भिडन्त भन्नसाथै केटा र केटीबीचको गीतमा पाइने प्रश्न उत्तरलाई बुझाउँछ । प्रायः सबै दोहोरी गीतहरू केटाकेटीबीचको चिनजानबाट सुरु भै बिहे गर्ने नगर्ने मुद्दामा टुंगिने गर्दछ । अर्थात् प्रायः सबै दोहोरी रेस्टुराँमा गाइने गीतहरू मायाप्रेम गर्ने विषयमा केन्द्रित भएको अनुभव भएको छ । यस्ता दोहोरी गीतहरूले आजको राजनीतिक मुद्दालाई सम्बोधन गरेको पाइँदैन ।

नेपाल लोकदोहोरी सांस्कृतिक व्यावसायिक संघका अध्यक्ष खड्का गुरुङको भनाइमा 'गाउँघरमा लुकी बसेका नयाँ प्रतिभाहरूले आफूमा भएको प्रतिभा प्रस्तुत गर्न र प्रगति गर्ने मौका पाएका छन् भने दोहोरी रेस्टुराँको सञ्चालनबाट हाम्रो मौलिक संस्कृतिको जगेर्ना गर्ने कामको सुरु भएको छ ।' तैपनि यस्ता दोहोरी रेस्टुराँमा गाइने दोहोरी गीतले राजनीतिक चेतनाको अभिवृद्धि, शान्तिको आवश्यकता, सामाजिक कुरीतिको अन्त्य र आजको नेपाली समाजको द्वन्द्व र असहज परिस्थितिको निकासलाई समेत म्बवोधन गर्दा आम दोहोरी साँझको महत्त्व बढ्ने निश्चित छ ।

**(गुरुङ समाजशास्त्री हुन्)**

**कुनै पनि** मुलुकका लागि औद्योगिक क्षेत्र सामान्यतया नभाँचिने आर्थिक मेरुदण्ड हो। यसले मुलुकको विकास निर्माण र सरकारी खर्च संचालनमा मात्रै योगदान पुऱ्याएको हुँदैन, रोजगारीको मूल स्रोतका रूपमा नागरिकलाई रोजगारी र वैदेशिक मुद्रा आर्जन गरेर राष्ट्रिय ढुकुटी मजबुत बनाउँछ। जुन मुलुकले औद्योगिक विकासमा फड्को मारेका छन्, ती मुलुकमा राजनीतिक अस्थिरता र द्वन्द्वको पीडा भोग्नु परेको हुँदैन, सामान्यतया, तर नेपालमा औद्योगिक विकासको पक्षमा सरकार गम्भीर बनेको देखिँदैन, इतिहासदेखि वर्तमानसम्मै। औद्योगीकरण प्राथमिकताबाहिरको विषय बनिरहेको छ। यसै पृष्ठभूमिमा पूर्व अर्थमन्त्री एवं एमालेका नेता भरतमोहन अधिकारीले 'नेपालमा औद्योगीकरणका समस्या' नामक पुस्तक लेखेका छन्। राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिका कारण नेपालमा आर्थिक विकासका आधार भत्किँदै गएका बेला अधिकारीले मुलुकको आर्थिक विकास र आत्मनिर्भरताका लागि पनि नेपालमा औद्योगीकरणलाई अगाडि बढाउनु निकै जरुरी रहेको तथ्य औंल्याएका छन्।




# अभाव राजनीतिक प्रतिवद्धताको

पुस्तकमा अधिकारीको मुख्य चिन्ता झल्किन्छ, औद्योगीकरणका लागि अहिलेसम्म पनि प्रस्ट राजनीतिक दृष्टिकोण तयार हुन सकेन। यसको अभावमा नेपालले आर्थिक विकासको एउटा महत्त्वपूर्ण क्षेत्रमा सधैं पछाडि रहनु पऱ्यो। उनी लेख्छन्, 'वास्तवमा मुलुकमा औद्योगीकरण गर्नेबारे राजनीतिक प्रतिबद्धता नै भएन। औद्योगिक विकास गर्नका लागि राजनीतिक प्रतिबद्धता नभएकाले नै स्पष्ट सोच एवं दृष्टिकोणको अभाव रह्यो।' उनको पुस्तक अद्योपान्त पढिसक्दा फेरि पनि खड्किने विषय यही हो, उनले औद्योगीकरणका समस्या त एक एक गरी खुट्याए, तर नेपालको औद्योगीकरणका लागि मुलुकले अपनाउनु पर्ने नीतिको प्रस्ट व्याख्या भने गरेनन्।

अधिकारी नेपालको ठूलो दल एमालेका वरिष्ठ नेता र खास गरी आर्थिक फाँट हेर्ने प्रमुख नेता पनि हुन्। पटक पटक सरकार संचालन गरिसकेको र भविष्यमा पनि सरकार संचालन गर्ने हैसियतमा रहेको उनको पार्टीले औद्योगीकरणका लागि कस्तो निति अपनाउनेछ भन्ने विषयमा जानकारी राख्ने आशा निश्चित रूपमा राख्छन्, पुस्तकका पाठकले।

यस विषयमा उनले जति पनि विषय अगाडि सारेका छन्, अलिक विवादास्पद खालका छन्। जस्तोः उनले नेपालमा निजीकरणको मामिलामा अलिक आलोचनात्मक दृष्टिकोण अगाडि सारेका छन्। उनी लेख्छन्, '...वास्तवमा औद्योगिक विकासलाई थप ऊर्जा दिने तवरले मात्र निजीकरणलाई अगाडि बढाउनु पर्थ्यो, जसका लागि छनोटनात्मक निजीकरण नै उपयुक्त हुन्छ।'

अर्को प्रसंगमा उनले लेखेका छन्, '...उद्योग क्षेत्रको विकासमा सरकार पूर्णतः पछाडि हटेर निजी क्षेत्रलाई नै छोडिएकाले यो क्षेत्रले दुर्गतिको सामना गर्नु परेको छ।' के त्यसो भए उनी उदारीकरण र खुला बजार अर्थतन्त्रको विपक्षमा छन्, वा राज्य नियन्त्रित अर्थ व्यवस्थाको पक्षमा ? त्यो पनि प्रस्ट छैन। हो, नेपालको निजी क्षेत्र आफैंमा इमानदार छैन। निजीकरणका नाममा उसले सार्वजनिक संस्थानहरू मात्रै हात पारेको छैन, तिनै संस्थान खरिदका लागि बैंकहरूबाट लिएको ऋण पनि नतिरेर वित्तीय संकट उत्पन्न गराएको छ, तर निजी क्षेत्रको बेइमानीबाट सरकारी नीति निर्देशित हुनु हुँदैन। सरकारले अपनाउने दृष्टिकोण प्रस्ट हुनु पर्छ, कस्तो आर्थिक नीति अपनाउने भन्नेबारे। त्यसलाई कार्यान्वयन गर्ने दृढता हुनु पर्छ सरकारमा।


औद्योगीकरणका समस्याका रूपमा उनले कृषि क्षेत्रको उपेक्षालाई महत्त्व दिएका छन्। र, कृषि क्षेत्रमा रहेको असमानता अन्त्य गर्नु पर्ने धारणा राखेका छन्। 'अझै पनि माथिल्ला ७ प्रतिशत मानिसले ५२ प्रतिशत जमिन ओगटेको' तथ्य अगाडि सार्दै उनले 'भूमिको न्यायपूर्ण वितरण गरी जमिन जोत्नेको हुनु पर्ने' आफ्नो अडान राखेका छन्। कृषि क्षेत्रमा विद्यमान अनुत्पादक अवस्थाको अन्त्य गरी औद्योगीकरणका लागि यसको उपयोग गरिनु पर्ने तर्क उनको छ। सरकारका अव्यवहारिक नीतिहरू, महँगो बिजुली, निर्यात प्रवर्धनमा समस्या, औद्योगिक सम्बन्धको अभाव, औद्योगिक वित्तको अभाव, राजनीतिक अस्थिरता र शान्ति सुरक्षाको अभाव औद्योगीकरणमा खास बाधा रहेको उनले लेखेका छन्। यी समस्याको सामना नेपालले निरन्तर गर्दै आएको छ।

बदलिँदो सन्दर्भमा नेपालको औद्योगीकरणमा थप चुनौती थपिएका कुरामा लेखक गम्भीर देखिन्छन्। विश्व व्यापार संगठनको सदस्य बन्नु पर्ने परिस्थिति तर त्यसबाट नेपालले फाइदा उठाउन नसक्ने अवस्थामा नेपालका लागि अन्तर्राष्ट्रिय व्यापार अरू असहज बन्दै गइरहेको छ। त्यसका लागि पनि खास रणनीतिका साथ नेपालले अन्तर्राष्ट्रिय बजारमा निर्यातयोग्य वस्तुको उत्पादनमा ध्यान दिन नसके नेपाल बाहिरी दुनियाँको बजार मात्र बन्नेछ। अनिवार्य रूपमा आफ्नो बजार खुला गर्नु पर्ने तर बाहिरी बजारमा पठाउने सामान आफूसँग नहुने हो भने व्यापार घाटा अरू चुलिँदै जानेछ। अधिकारी लेख्छन्, '...डब्लुटिओ सदस्यताको फल त्यति बेलामात्र प्राप्त गर्न सकिन्छ जुन बेला गुणस्तरीय वस्तु तुलनात्मक रूपले कम लागतमा उत्पादन गरेर निर्यात गर्न सकिन्छ।' त्यसैगरी साफ्टा, बिम्स्टेक जस्ता क्षेत्रीय व्यापार संगठनहरूबाट फाइदा लिनका लागि पनि नेपालले योजनाबद्ध रूपमा अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्ने छानिएका उत्पादनमा जानु पर्ने आवश्यकता छ। यसतर्फ बेलैमा सजग हुन नसकेमा अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा टिक्न नसकी नेपालमा स्थापित केही उद्योग पनि धराशायी हुनेछन्। अधिकारी भन्छन्, '...अतिकम विकसित मुलुकको हैसियतले पाउन सकिने सुविधा लिँदै अन्तर्राष्ट्रिय समुदायसँग हातमालो गर्दै मुलुकलाई अगाडि बढाउन प्रयत्नशील हुनु नै बुद्धिमानी हुन्छ।' पुस्तकमा कुनै समयमा सफल मानिएका कपडा, गार्मेन्ट, पस्मिनालगायतका निर्यातजन्य उद्योग कसरी कमजोर बन्दै गए भन्ने विषयमा पनि विश्लेषण गरिएको छ। यसबाट लगानीकर्ताहरूले इतिहासबाट पाठ सिक्न पाउनेछन्। र, दिगो औद्योगिक विकासका लागि राज्यले अपनाउनु पर्ने सजगता पनि।

राजनीतिक अस्थिरताहरूका बीचमा दोहोरिएर अर्थमन्त्री बन्दा पनि औद्योगीकरणका पक्षमा उल्लेख्य भूमिका निर्वाह गर्न नसकेका अधिकारीका अनुभव पुस्तकका रूपमा बाहिर आएका छन्, जुन जहिले पनि सत्तामा रहेकाहरूका लागि मार्गदर्शक बन्न सक्छन्, यस क्षेत्रमा केही गरौं भन्ने सोच राख्ने हो भने।

*पुस्तकको नाम : नेपालमा औद्योगीकरणका समस्या*
*लेखक : भरतमोहन अधिकारी*
*प्रकाशक : रत्न पुस्तक भण्डार*
*मूल्य रु : २९५/-*

■ **मधुसूदन पौडेल**



# भ्रष्टाचारीलाई प्रवेश निषेध !

■ डा. तारानाथ शर्मा

**आधुनिक शिक्षा** पाएका र अमेरिकाकै सरकारको खर्चमा पाताल पुगेर प्रशासनको उच्च प्रशिक्षणसमेत लिइसकेका एकजना उच्च तहका सरकारी कर्मचारीले मलाई कुनै साहित्यिक परामर्शका लागि भनेर सिंहदरवारस्थित उनको कार्यालयमा सविनय बोलाएका थिए। मलाई सरकारी कार्यालय जान हत्तपत्त मन लाग्दैन र म जान्नँ पनि, तर ती कर्मचारी पनि कवि पनि भएकाले उनी सहृदयी होलान् अनि पदको प्रतिष्ठा राख्ने स्वाङमा अरूलेजस्तो ओठ लेब्र्याउँदै मसित हेपाहा व्यवहार गरोइनन् भन्ठानेर म स्वाँस्वाँ र फ्वाँफ्वाँ हुँदै भऱ्याङ चढेर तीन तलामाथिको उनको कार्यालय अघिल्तिर पुगेँ।

वेदाध्यायी विशुद्ध ब्राह्मणको घरमा बँदेलको गन्हाउने सुकुटी झुन्ड्याएजस्तै उनको मूलढोकाअगाडि अत्यन्त महत्त्वाकांक्षासाथ एउटा सूचनापाटी टाँगिएको रहेछ। यस्तै यस्तै सूचनापाटीहरू काठमाडौं महानगरीका चौबाटाहरूका पायक पर्ने ठाउँमा सबैका दृष्टि पुग्ने गरी प्रशस्त संख्यामा टाँगिएकै छन् जुन राष्ट्राध्यक्षका वचनामृतहरू अंकित गरी सरल, सुखमय र सहयोगी जीवन बिताउने नैतिक अर्तीले भरिएका हुन्छन्, तर कुनै उच्च सरकारी कर्मचारीको ढोकैमा त्यस्तो अस्वभाविक सूचना देख्दा भने म तीनछक परेँ। त्यसमा बुझ्न पचाएर लेखिएको थियो : भ्रष्टाचारीलाई प्रवेश निषेध !

मलाई यो सूचना म अबदेखि मुसा खान्नँ भन्ने साधु बिरालोको घोषणाजस्तै अर्थपूर्ण लाग्यो। त्यसैबेला तीन चारजना उच्चपदस्थ कर्मचारीहरू सटासट भित्र पसे। उनीहरू सबै जानिफकार धनी किसानले घरमा पालेका बंगुरझैं पट्ट फुट्लान् जस्तै पिँडुला भएका र मोटा न मोटा गर्धनमा टाउका भासिएका मानिसहरू थिए। हुन पनि ती भ्रष्टाचारका विभिन्न गोप्य योजनामा अनेकौं पल्ट सफल भइसकेका र अहिले पनि कुनै गुरुयोजनाको छलफलका लागि म भेट्न आएका कवि कर्मचारीको आशीर्वाद प्राप्त गर्न त्यस कोठामा छिरेका थिए। त्यसो नभएको भए उनीहरूसँगसँगै देशभरि कुख्यात भइसकेका एक व्यापारी पनि किन हँसिलो अनुहारमा कुममा कुम मिलाउँदै भित्र पस्थ्यो ?

मचाहिँ ढोकामा अंकित अर्तीको अभिमान देखेर न हाँस्न सकेँ, न रुन नै सकेँ। हाँसु भने भ्रष्टाचारीकै अड्डामा आएर त्यसरी हाँस्ता यसले व्यंग्य गर्दै छ भनेर बुझिदिने र बुझेर मेरो प्रशंसा गरिदिने त्यहाँ कोही थिएन। अनि रोऊँ भने मेरो अरण्यरोदनको त्यस हृदयहीन कोठा अघिल्तिर कुनै मूल्य नै थिएन।

जेहोस्, नआउनुपर्ने मान्छे आई नै सकेको थिएँ, फनक्क फर्कनु पनि त भएन नि। बाघ सुतिरहेको गुफामा मृग छिरेजस्तै म लुसुक्क भित्र पसेँ र निजी सचिव महोदयका सामुन्ने उभिएँ।

निकै बेर उभिएपछि बल्ल देखेजस्तो गर्दै उनले सोधे,



'किन आउनुभयो ? के काम पर्‍यो ?'

तिम्रा बडाहाकिमले नै मलाई बोलाएका हुन् भन्ने मेरो आशय सुनेपछि उनले ठाडै प्रतिवाद गरे, 'अहिले अति महत्त्वपूर्ण गोप्य बैठक बसेको छ, तपाईं मेरा मालिकलाई आज भेट्ने महत्त्वाकांक्षालाई तीलाञ्जली दिनुहोस् । झिनामसिना कामका लागि यहाँ किन धाइरहनुहुन्छ ? खुरुक्क नै बेस होला ।'

त्यतिकैमा उनी बसेको अघिल्तिर टेबलमा राखिएको टेलिफोनको घन्टी किरिङकिरिङ गर्दै बज्यो । टेलिफोन उठाएर अल्छी पाराले 'हलो' मात्र के भनेका थिए, लगत्तै झसंग हुँदै सतर्क भएर उनी 'हजुर ! हजुर !' भन्न थाले ।

'खोइ, यहाँ कोही महत्त्वपूर्ण व्यक्ति आइपुगेजस्तो त लाग्दैन, तर एकजना...'

'म नाम सोधेर भन्छु' भन्दै उनले मतिर हेरेर सोधे, 'तपाईंको नाम के हो ?'

मेरा नाम सुन्नेबित्तिकै टेलिफोन राखेर पानीले चुटेको बिरालोजस्तै भई म उभिएको ठाउँमा आएर उनले विनय गरे, 'मैले चिनिनँ, क्षमा गर्नुहोला । यहाँलाई मेरा हाकिमले विशेष व्यक्तिहरूलाई भेट्ने कोठामा बसाउँदै गर्नु भन्नुभएको छ, यता जाऔं !'

त्यसपछि अर्का भित्तापट्टिको ढोका उघारेर मलाई उनले भित्र लगे । त्यहाँ छालाको गद्दाले मोरिएका छ सात कुर्सीहरू र बीचमा गोलो टेबल थियो । मलाई एउटामा बसाएर 'म आइहालें !' भन्दै उनी बाहिर गए ।

एक्कै छिनपछि एउटा तात्तातो कफी पनि मेरा लागि प्रस्तुत भयो । कफी खाँदाखाँदै हाकिम महोदय हस्याङ र फस्याङ गर्दै दुवै हात जोडेर आइपुगे, 'माफ पाऊँ दाइ, जरुरी बैठक हुनाले दाइ आइपुगेको थाहै पाइनँ ।'

अनि उनी कुन्नि किन हो मलाई फकाउँदै गए, 'दाइले चिन्तै गर्नु पर्दैन । छनोट समितिका सम्पूर्ण सातैजनाले दाइको नाम नै प्रथम उम्मेदवारका रूपमा सिफारिस गरेका छन् । तीनजनाको नाम सिफारिस गर्नु पर्ने नियमानुसारमा आएका द्वितीय र तृतीय दुवै नाम दाइको तुलनामा आउनै सक्तैनन् । फेरि सिफारिसको कागत मैसँग छ, मैले पेस नगरी त्यसमा प्रधानमन्त्रीको हस्ताक्षर पर्दैन र प्रधानमन्त्रीको हस्ताक्षर हुनेबित्तिकै दाइको नाउँ नै घोषणा हुनेछ । त्यसमा कुनै सन्देह छैन ।'

उनी प्रफुल्ल मुद्रामा व्याख्या गर्दागर्दै अनुरोध गर्न पुगे, 'दाइ, मैले पनि यसपाला एउटा महाकाव्यको रचना गरेको छु । कविता लेख्न र प्रकाशित गर्न थालेको पनि तीस पैंतीस वर्ष भइसकेछ । मसँगसँगै लेख्न थाल्नेको त के कुरो, मभन्दा दसपन्ध्र वर्षपछि सुरु गर्नेहरूसमेत ठूल्ठूला पुरस्कारहरूबाट सम्मानित भइसकेको छन् । यसपल्ट चाहिँ मदन पुरस्कार मेरै महाकाव्यले पाउनु पर्छ भन्ने ठहर मात्र होइन ठोकुवासमेत त्रिभुवन विश्वविद्यालयका विद्वान् र अनुभवसिद्ध समालोचकहरूले गरेका छन् । त्यहाँका हर्ताकर्ता र मदन पुरस्कार गुठीसँगसमेत राम्रो पहुँच भएका निष्णात पण्डितराजले त लगभग पचहत्तर पृष्ठ जति लामो अनुसन्धानात्मक आलोचना पनि सूक्ष्म विश्लेषणका साथ ग्रन्थकै भूमिका स्वरूप लेखिसकेका छन् । उनको प्रशंसालाई अतिरञ्जित मान्दै पुरस्कार गुठीले दूधको साक्षी बिरालो भनेर पन्छाउन सक्छ, तर दाइलाई भने त्यसो भन्ने आँट कसैले गर्न सक्तैन । धेरै लामो भनेर दुःख त म दिन्नँ, तर चालीसपचास पृष्ठ जतिको एउटा खँदिलो समालोचना दाइबाटै 'गरिमा' वा 'मधुपर्क'मा छपाउन पाए सो पुरस्कार निःसन्देह मै पाउने थिएँ र जीवनभर धन्य हुने थिएँ...'

'तर पहिले प्रकाशित भएर बाहिर आउनुपर्‍यो । अनि पो त्यसको अध्ययन वा मूल्यांकन गरेर लेख्न पनि मिल्छ', मैले भनें ।

'छापिँदै नै छ, अब एक महिनैभित्र निस्किसक्छ । दाइले टाइप गरिएको प्रति हेरेर लेखिदिनुहुन्थ्यो कि...'

'हेर्नोस्, कृति नै नहेरी त्यसबारे लेख्न मिल्दैन । तपाईंले भन्दै नभनी आजभन्दा तेत्तीस वर्षअघि 'समसामयिक साझा कविता'को संकलन गर्दा मैले तपाईंका पाँच कविताहरू आफैं छानेर राखेको थिएँ, सम्झना छ तपाईंलाई ? तपाईंको यो नयाँ काव्य वा महाकाव्य पनि स्तरीय र राम्रो भएमा म अवश्य पनि त्यसको आलोचना लेख्ने नै छु, यहाँले अनुरोध गरिरहनु पर्दैन । ...तर प्रकाशित नै नभएको कृतिका बारेमा लेख्ता गफ हाँकेको... (मनमनै मलाई 'चाकरी गरेको' प्रयोग गर्न मन लागे पनि)... भन्ने लाञ्छना लाग्न बेर छैन ।'

गोप्य सन्धि, दुराचार र भ्रष्टाचारमा पारंगत कुटिल कर्मचारीहरू हरेक कुरामा लेनदेन, नाफा नोक्सान र परम निजी स्वार्थकै व्यवस्था मिलाउन खप्पिस हुँदा रहेछन् । पछि निज महाकाव्यकारको बैसट्ठी पृष्ठको कृतिमा त्रिहत्तर पृष्ठको भूमिका लेखिदिने पण्डितराज सिफारिस समितिद्वारा तेस्रो स्थानमा राखिएका भए पनि उनै साधु बिराला हाकिमको प्रायोजित प्रतापबाट प्रज्ञाप्रतिष्ठानका उपकुलपति नियुक्त भए । मलाई चाहिँ पहिले पहिले पनि जसरी सधैं नै प्रवेश निषेध थियो, उसरी नै यसपालि पनि निषेधै रह्यो ।

शुभ्र सगरमाथाको उच्च शिखरमुन्तिर जन्मेर स्वच्छताको पाठ पढ्दै पाको उमेरतिर लम्केको मजस्तो छक्कापन्जा नजान्ने मान्छेलाई भ्रष्टाचारको थर्थराउँदो, लुगलुग काम्दो र भरै पर्न नसकिने बाँसको लिंगो खुट्टामुनि बाँधेर चटकीजस्तो अग्लो भएको अभिनय गर्दै र ढलकढलक ढल्कँदै कमलादीतिर जानुभन्दा बागलुङको बीस इन्ची अग्लो खगेन्द्र थापाजस्तै स्वभाविकतामा बाँच्न पाउँदा र भ्रष्टाचारीका ढोकाको अस्वभाविकताबाट टाढै रही आफ्नै गोडामा हिँड्न पाउँदा बढी गौरवमय लागेकाले अहिले निकै ढुक्क छु ।

साँच्ची, ती हाकिमले यस पालाको मदन पुरस्कार पड्काए त ?

**मिसिगन, संयुक्त राज्य अमेरिका**

## कविता

# शासकको पनि मन दुख्छ र ?

■ **राजेन्द्र शलभ**

एक दिन मलाई पनि
शासक बन्न मन लाग्यो
हैकम चलाउन मन लाग्यो
अरूहरूको अनुहारमा
डर र त्रास देख्न मन लाग्यो
बन्दी बनाएर अरूलाई
अट्टहास गर्न मन लाग्यो ।

मन त लाग्यो
तर शासक कसरी बन्ने...
सोच्दा-सोच्दै एउटा जुक्ति फुर्‍यो
शासक नबने पनि
शासक जस्तो काम गर्न सक्ने जुक्ति ।

मैले एउटा ठूलो पिँजडा बनाएँ
र, पाँचजोर चरा किनेर त्यसमा थुनें
त्यसै दिन मैले अरूको अनुहारमा
डर र त्रास देखें
लट्ठीले घोच्दै हैकम चलाएँ
अट्टहास पनि गरें ।

एक छिनपछि किन हो कुन्नि
म जोड-जोडले रुन थालें
(जाबो कवि कति बेर शासक बन्न
सक्थ्यो र ?)
खोलेर पिँजडाको ढोका
मैले चराहरूलाई मुक्त आकाश दिएँ
पीडा अलिक कम भयो
र, म रुन छोडेर आकाश हेरिरहें
चराहरूको मुक्त आकाश
त्यही आकाशबाट एउटा चराले
मलाई प्रश्न गर्‍यो-
के शासक पनि रुन्छ
र, यसरी आकाश हेर्छ ?



'रक्स' बारमा संगीतमा झुम्दै महिला जोडी



डिजे राजु

# नाम पनि दाम पनि

■ नवीन अर्याल/काठमाडौं
तस्वीर : भास्वर र तेज

**'च्याङ्वा ओ च्याङ्वा सुन... सुन ओ च्याङ्वा'**

**सत्तरीको दशकमा** वरिष्ठ संगीतकार गोपाल योन्जनले तयार पारेको यो बेजोड संगीत आजभोलि बजारमा निकै घन्किरहेको छ, त्यो पनि नेपाली बजारलाई वर्षौंदेखि प्रभावित पार्दै आइरहको हिन्दी संगीतको बलियो उपस्थितिका बीच । अहिले यो संगीत विवाह, पार्टी र घरायसी जमघटमा मात्र नभई ठूला तारेहोटलदेखि सामान्य पानपसलमा पनि उत्तिकै रन्कोका साथ घन्किरहेको छ । गोपाल योन्जनकै शब्द तथा उनकै र ज्ञानु राणाका स्वरमा सजिएको यो गीतले ३० वर्षको लामो यात्रा तय गरिसक्दा आफ्नो मौलिकता गुमाएको छ । तर, एक्काइसौं शताब्दीको बदलिँदो विश्व परिवेशका कारण संगीतमा आएको क्रान्तिसँगै यो गीतले पनि नेपाली संगीतमा नयाँ क्रान्ति नै ल्याएको छ ।

डिजे संस्कृति, पछिल्लो समय नेपाली सांगीतिक आकाशमा मौलाएको नयाँ कला । अहिले यसले आधुनिक पुस्ताका श्रोतालाई पुरानो गीतसँग परिचित गराउने पुलको काम गरिरहेको छ । के हो डिजे ? नेपालका चर्चित डिजे राजु सिंह प्रस्ट पार्छन्, 'डिक्स जोकी । स्पटमै नयाँ म्युजिक तयार पार्ने व्यक्ति ।'

वास्तवमै राजुले गत वर्ष वरिष्ठ संगीतकार गोपाल योन्जनको चर्चित 'च्याङ्वा ओ च्याङ्वा' गीतलाई आधुनिक प्रविधिमा ढालेर श्रोतामाझ प्रस्तुत गरेका थिए । त्यो गाना यति साह्रो हिट भयो कि यसको 'ह्याङ' अहिले पनि नेपाली बजारमा प्रस्टै अनुभव गर्न सकिन्छ । 'म स्वयं चकित छु यसको सफलतामा', डिजे राजु भन्छन् । लामो समयदेखि नेपालमा अपरिचित बनेको डिजे संस्कृतिलाई श्रोतामाझ पुऱ्याउने योगदान डिजे राजुकै छ भन्दा गलत अर्थ नलाग्ला । उनी यो प्रविधिलाई क्यासेटमार्फत संगीतप्रेमी नेपालीको घर घरमा पुऱ्याउने पहिलो नेपाली डिजे हुन् ।

नेपालमा डिजे संस्कृतिको कुरा गर्दा, सन् १९७० को अन्त्य र ८० को दशकको सुरुवातमै काठमाडौंमा भित्रिसकेको यो विधामा लागेका व्यक्तिहरू बताउँछन् । उनीहरूको भनाइ छ, 'हाल लाजिम्पाटको ग्याङजोङ होटल बसेको स्थानमा कपरफ्लोर थियो, त्यहाँबाट डिजे संस्कृति नेपाल भित्रिएको हो । पछि एभरेस्ट होटलमा पम्पकिन, ठमेलमा जोली ब्लुज, टम एन्ड जेरी र हेरिटेज प्लाजामा मनसुन डिस्को खुलेपछि बिस्तारै यसले फैलिने मौका पायो ।'

हाल काठमाडौंमा मात्र करिब दुई दर्जन डिस्क जोकी कार्यरत छन् । यी सबैले राम्रै काम पाएका छन् । यिनीहरू पाँचतारे होटलदेखि लिएर साधारण डिस्को थेकसम्म कार्यरत छन् । 'विदेशी म्युजिकको प्रभावका कारण अहिले काठमाडौंको तारे होटलमा मात्र होइन साधारण डिस्को थेकमा डिजे नराखी सुखै छैन', डिजे राजुसँगै हायात होटलस्थित 'रक्स बार'मा गत २ वर्षदेखि कार्यरत डिजे तेन्जिङ भन्छन् । डिजे तेन्जिङ विगत १२ वर्षदेखि संगीत क्षेत्रमा कार्यरत छन् ।





डिजे बि. म्यान



डिजे क्रान्ति

# महिला डिजे कम छैनन्

**नेपालमा भएका** दुई दर्जन डिजेमाझ प्रतिस्पर्धामा उत्रिएका छन्, तीन महिला डिजे। डिजे पायल, डिजे साइरिङ र डिजे रोज। यी तीनमध्ये डिजे पायलमात्र पूरै व्यवसायिक भएर लागेकी छन्, यो क्षेत्रमा। उनी होटल एभरेस्टस्थित ग्यालेक्सी डिस्कोमा कार्यरत छन्। अरू दुई डिजे साइरिङ र रोजले काठमाडौंमा १० वटा जति कार्यक्रममा आफ्नो संगीतको जादु छरेका छन्। 'सानैदेखि संगीतमा रुचि थियो, त्यसैले यो क्षेत्रमा लाग्न सजिलो भयो', करिब २ वर्षअघि भारतको बेङ्लोरबाट काठमाडौं आएका विज्ञहरूबाट २० दिनको डिजे कोर्स गरेकी साइरिङ भन्छिन्। उनी डिजे बन्न गाह्रो पर्ने र यसमा निकै धैर्य चाहिने बताउँछिन्। 'संगीतको राम्रो ज्ञान हुनु पर्छ', डिजे रोज भन्छिन्।

यी दुई डिजे बाहिर एउटा कार्यक्रम गरेको ५ हजारभन्दा बढी लिने गरेको बताउँछन्। उनीहरू आफू महिला भएका कारण पुरुष डिजेसरह स्वतन्त्ररूपले कार्यक्रम संचालन गर्न नसकेको गुनासो गर्छन्। 'सुरक्षा र विभिन्न कारणले राति कार्यक्रम गर्न गाह्रो छ, हामीजस्ता महिला डिजेलाई। अन्यथा सबै राम्रो छ', रोज भन्छिन्।



डिजे रोज



डिजे साइरिङ

उनी गत २ वर्षदेखि यो क्षेत्रमा क्रान्ति आएको बताउँछन्। '५-६ वर्षअघि नेपालमा डिजे संस्कृति राम्रोसँग मौलाए पनि २ वर्षदेखि यसले व्यवसायिक रूप अपनाएको हो', जेवारमा कार्यरत धरानका डिजे रवि, तेन्जिङको भनाइलाई पुष्टि गर्दै भन्छन्। अस्ट्रेलियामा कम्प्युटरसम्बन्धी ग्राफिक्स डिजाइनर कोर्स गर्न जाँदा अस्ट्रेलियाली साथीहरूको संगतले उतै युनइटेड डिजे मिक्सिङ स्कुलबाट ६ महिनाको प्राविधिक ज्ञान सिकेको बताउने रवि करिअरको हिसाबले पनि पछिल्लो समय यो राम्रैसँग चलेको बताउँछन्।

'जति व्यवसायिक भएर लाग्यो त्यति राम्रो आम्दानी छ यो क्षेत्रमा', नेपाली डिजेहरूलाई संगठित गर्ने उद्देश्यले वैशाख १ गते 'एन्क्राइटिकस स्टुडियो' खोल्ने तयारीमा जुटेका अर्का डिजे क्रान्ति भन्छन्। उनी देशमा विद्यमान द्वन्द्वका कारण यो क्षेत्र पनि प्रभावित भएको बताउँदै भन्छन्, 'डिजे संस्कृति फस्टाउन शान्ति चाहिन्छ, त्यो अहिले छैन नेपालमा।' माओवादी सशस्त्र द्वन्द्वका कारण पछिल्लो समय राजधानी काठमाडौंको रात्रिजीवन कठिन बन्दै गएको छ। 'यो अवस्थामा हाम्रो पेसा फस्टाउने कुरै आएन', उनी भन्छन्।

उनीसँगै मिलेर एन्क्राइटिक्स स्टुडियो खोल्ने तयारीमा जुटेका डिजे विम्यान पछिल्लो समय विवाह, पार्टी र विशेष कार्यक्रममा डिजेको माग बढेकाले यो क्षेत्रमा निर्धक्क लाग्न प्रोत्साहन मिलेको बताउँछन्। उनका अनुसार काठमाडौंमा मासिक ३ देखि ४ सम्म इभेन्ट आयोजना हुने गरेको छ। उनी सिजनमा १५ वटासम्म इभेन्ट हुने बताउँछन्। 'यसबाट थप आम्दानी हुने गर्दछ', डिजे विम्यान भन्छन्।

काठमाडौंको विभिन्न डिस्कोमा कार्यरत डिजेहरूले मासिक सात हजारदेखि १५ हजारसम्म तलब खाने गर्दछन्। उनीहरू विभिन्न कार्यक्रमबाट पनि थप आम्दानी गर्ने गर्छन्। 'डिजेको माग कति छ बजारमा। उनीहरूलाई कतिको रुचाउँछन् श्रोताले। त्यसमा पनि भर पर्छ उनीहरूको आम्दानी', डिजे क्रान्ति भन्छन्। नाम चलेका डिजेहरूले बाहिर इभेन्ट गरेको एक रातको १५ देखि ३० हजारसम्म लिने गरेका छन्।

नेपालमा अहिले विदेशबाट आएर यो काम गर्नेको संख्या नगण्य नै छ। यसै वर्ष याक एन्ड यती होटल बन्द भएपछि प्लाटिनममा कार्यरत भारतको दिल्लीनिवासी डिजे अनिष उतै फर्केका छन्। एक मात्र विदेशीका रूपमा हाल दिल्लीका डिजे अंकित विगत चार वर्षदेखि एभरेस्टको ग्यालेक्सी डिस्कोमा म्युजिक बजाउँदै आइरहेका छन्। 'नेपाली डिजे प्रतिभाशाली छन्, तर मौका पाएका छैनन्', अंकित भन्छन्।

हाल नेपालमा राजधानीबाहिर पोखरामा डिजेको माग बढी छ। धरान र बुटवलजस्ता सहरमा पनि उनीहरूको माग बढ्दो छ। पछिल्लो समय नेपालमा डिजे संस्कृति हुर्काउन कटिबद्ध नेपाली डिजेहरूले विदेशको दाँजोमा राम्रो आम्दानी नगरे पनि छोटो समयमै नेपाली श्रोतामाझ भिज्न सफल भएकोमा धेरै खुसी देखिन्छन्। 'यो क्षेत्रमा नाम पनि छ दाम पनि', डिजे राजु भन्छन्। ■



# निरन्तर रंगमञ्चमा

**सुनील मिश्रको** नाम कतिपय नेपाली रंगकर्मीले सायदै सुनेका छन् । तर, सर्वनाम नाट्य समूहले आफ्नो पच्चीसौं वार्षिकोत्सवका अवसरमा सम्फिएको यी नाट्यकर्मी २५ वर्षदेखि लगातार मिथिला प्रदेशको रंगमञ्चमा निरन्तर सक्रिय छन् । सर्वनाम पुरस्कार-२०६२ ले सम्मानित यी नाट्यकर्मी यस वर्षका लागि यो सम्मानका एकमात्र हकदार थिए भनेर उनको रंगकर्मको इतिहासले प्रस्ट्याएको छ ।

निरन्तर नाट्यकर्मका क्रियाशील मिश्र रंगमञ्चमा उत्रिएका थिए, एउटा हिन्दी भाषाको नाटक 'घुँघरू' लिएर, त्यो पनि आफ्नै निर्देशन र परिकल्पनामा । 'मभित्र नाट्यकर्म क्षमता रहेछ भन्ने मैले पछि थाहा पाएँ जब म आफ्नै नाटक लिएर रंगमञ्चमा उत्रिएँ,' मिश्र यतिखेर सम्फन्छन् ।

२०३८ सालमा रंगमञ्चमा ओर्लिएपछि मिश्रले कहिल्यै पछाडि फर्केर हेर्नु परेन । उनी लगातार मिथिला प्रदेशको संस्कृति र सभ्यता नाट्यकर्मका माध्यमबाट बाहिर निकाल्न लागिरहे । विगत १० वर्षदेखि मिथिला क्षेत्रको प्रसिद्ध नाट्यसमूह मिथिला नाट्य परिषद् (मिनाप)को अध्यक्ष रहेका मिश्र सुनाउँछन्, 'म नाट्य क्षेत्रमा लागेको १० वर्षपछि मिनाप प्रवेश गरेँ । त्यसपछि लगातार यसैमा सक्रिय छु ।' मिनापका तत्कालीन अध्यक्ष महेन्द्र मलंगियाले २०४७ सालमा प्रज्ञाप्रतिष्ठानमा नाटक गर्नु पर्ने भएपछि प्रतिभाशाली मिश्रलाई यो संस्थामा निम्त्याएका थिए । अहिलेसम्म दुई दर्जनभन्दा बढी मैथिली भाषाका नाटकमा काम गरिसकेका मिश्रले सिमाना, अवतार र सीताजस्ता केही नेपाली सिनेमामा समेत काम गरिसकेका छन् ।

जनकपुर चुरोट कारखानाका कर्मचारी मिश्रले हालै पटनाको कालिदास रंगालय र दिल्लीको श्रीराम सेन्टरमा आफ्नो अभिनय कौशल प्रस्तुत गरिसकेका छन्, 'ओ खाली मुँह देखैछी' नाटकमार्फत । सांस्कृतिक समूह, नाट्यकर्मी र अन्य सिर्जनाकर्मी गरेर ४० जनाको समूह मिनाप हाँकेर हिँडिरहेका मिश्र आफ्नो मातृभाषा मैथिलीको संरक्षणका लागि यसरी निरन्तर नाट्यकर्ममा लागिरहेको सुनाउँछन् । 'समाजमा रहेका विषयवस्तुलाई नाटकले जस्ताको तस्तै देखाउनु पर्छ' भन्ने ४९ वर्षीय मिश्रको प्रण छ, 'अब जीवनभर नै मिनापमार्फत मैथिली संस्कृतिको जगेर्नामा लागिरहनेछु ।'

हालै सर्वनामको पच्चीसौं वार्षिकोत्सवका समारोहका अवसरमा केही मिनेटमै पनि मिश्रले मञ्चमा आफ्नो अभिनय कौशल देखाएका थिए



जहाँ नेपालमा सडक नाटकको प्रचलन सुरु गरेको यो नाट्य समूहले अशेष मल्लको लेखन र निर्देशनमा 'प्रतिबन्धित पात्रहरू' शीर्षक नाटकसमेत प्रस्तुत गरेको थियो । ■

# इनामेल हैन, फ्लेक्सो

समाज विस्तारै 'म्यानुअल'बाट प्रविधिको पछि दौडिरहेछ । हुन पनि हातले दिनभरिमा नसकिने काम कम्प्युटर वा अन्य आधुनिक उपकरणले केही बेरमै गर्छ भने स्वभाविकत: प्रविधिको पछि लाग्नै पर्छ । सहरबजारमा भुन्ड्याइने ठूलठूला होर्डिङ बोर्ड वा कुनै व्यवसाय वा संस्थाको जानकारी गराउने अन्य बोर्डहरू हुन्- इनामेलले कयौं दिन लगाएर बनाउने जमाना अब रहेन । कम्प्युटरबाट एक दिनमै पचासौं प्रति प्रिन्ट निकाल्न सक्ने 'फ्लेक्सो'को प्रवेशपछि सहरबजारका अधिकांश होर्डिङ बोर्डहरू अब इनामेलले रंगाइरहनु पर्दैन ।

त्यसैले होला, अहिले काठमाडौंमा 'फ्लेक्सो'को व्यापार निकै चम्किरहेको छ । आधुनिक जमानाको उपकरणका रूपमा 'फ्लेक्सो'लाई लिइन्छ अचेल । राजधानीमा मात्र दुई दर्जन यस्ता उपकरणको प्रवेश भइसकेको छ । 'फ्लेक्सो'ले उत्पादन गर्ने सामग्री बोर्डमा टाँसेपछि केही बेरमै ठूलठूला होर्डिङ बोर्डहरू तयार भइहाल्छन् । इनामेलको तुलनामा कम टिक्ने भनिए पनि 'फ्लेक्सो' सामान्यतया दुई वर्ष मजाले टिक्छ भने यसरी बनाइने होर्डिङ बोर्डहरूको लागत पनि कम पर्छ ।




तस्वीरहरू : भास्कर ओझा

काठमाडौं, बागबजारमा फ्लेक्सो उपकरण राखेर व्यवसाय गरिरहेको एचपी मिडिया प्रालिका प्रबन्ध निर्देशक हरि प्रसाईं आधुनिकताले समाजलाई दिएको एउटा उपहारका रूपमा यो प्रविधिलाई चित्रण गर्छन्, 'समय, लागत र गुणस्तरका हिसाबले पनि फ्लेक्सोका उत्पादन स्तरीय र सुलभ भएकाले अहिले बजारमा यसको माग निकै छ ।' फ्लेक्सो उपकरण राखेको केही महिनामै प्रसाईं आफ्नो व्यापार बढाउने तयारी गरिरहेका छन् । 'चाँडै पोखरामा पनि हामी यो प्रविधि पुऱ्याउँदै छौं,' उनी भन्छन् ।

करिब चार वर्षअघि काठमाडौं भित्रिएको फ्लेक्सो उपकरणको उत्पादन अहिले निकै सस्तो भइरहेको छ, प्रतिस्पर्धाका कारण । यसले पनि उपभोक्ताहरू यो प्रविधिमा थप आकर्षित भइरहेका छन् । ■

# माया दिदी



**धनी होस् वा गरिब** उनको क्लिनिकमा आउने कोही पनि उपचारविना फर्किएका छैनन् । २०३० सालमा सिंहदरवारमा आगो लाग्दा उनले आगो लागेको दिन बिहान पत्र बुझेकी थिइन्, पहिलो सरकारी जागिरको । यो ३२ वर्षे जागिरे जीवनमा उनले थुप्रै उतारचढाव देखिसकेकी छन्, सिंहदरवारमा । तैपनि आफ्नो काममा उत्तिकै दत्तचित्त भएर लागिरहेकी छन्, सेवा भावले ।

डा. माया गौतम, आयुर्वेदमा आचार्य गर्ने पहिलो नेपाली महिला । १६ भाषाका विज्ञ पण्डित कृष्णप्रसाद भट्टराईका आठ सन्तानमध्येकी जेठी छोरी । २०२७ सालमा उनले डा. कादम्बरी आचार्यसँगै आयुर्वेदाचार्य पूरा गरेकी थिइन् । हाल उनी नरदेवी चिकित्सालयमा कार्यरत छिन्, सातौं तहमा । दुई वर्षपछि उनको कार्यकाल पूरा हुँदै छ, सरकारी जागिरबाट । यसपछि उनको योजना छ, पूर्णरूपले रोगी र दुःखीको सेवा गर्ने । हालसम्म थुप्रै सामाजिक संघसंस्थामा रहेर रोगीहरूको उपचार गरिसकेकी उनी गौशालावरपर माया दिदीको नामले चर्चित छिन् । 'रोगी र दुःखीको सेवा गर्न पाएकोमा खुसी छु', बाबुको प्रेरणाले आयुर्वेदमा आफूलाई समर्पण गरेको बताउने ५८ वर्षीया डा. माया भन्छिन् । गौशालामा २०५८ सालदेखि आयुर्वेदिक क्लिनिक पनि सञ्चालन गर्दै आइरहेकी 'माया दिदी' जन्डिस विशेषज्ञ मानिन्छिन् । ■



# साँच्चिकै संरक्षणप्रेमी

कोठाभित्र पुतली पस्यो भने युगलकिशोर ठाकुर कसरी हुन्छ, त्यसलाई जोगाएर होसियारीपूर्वक कोठाबाट बाहिर निकाल्छन् । उनको अगाडि पुतलीमात्र होइन, अरू जीवलाई पनि मार्ने धृष्टता नगरे हुन्छ । सबै जीवलाई बाँच्ने अधिकार दिनु पर्छ भन्ने मान्यताका पक्षपाती ठाकुरले साँच्चिकै संरक्षणप्रेमीको रूपमा आफ्नो पहिचान बनाएका छन् । २२ वर्षअघि रेन्जर पदबाट सरकारी जागिर सुरु गरेका ठाकुरले शाही चितवन राष्ट्रिय निकुञ्ज, पर्सा वन्यजन्तु आरक्ष, से-फोक्सुन्डो राष्ट्रिय निकुञ्ज, कोशी टप्पु वन्यजन्तु आरक्ष, सगरमाथा राष्ट्रिय निकुञ्ज, खप्तड राष्ट्रिय निकुञ्जमा काम गरिसकेका छन् ।

विगत ५ वर्षदेखि कञ्चनजंघा संरक्षण आयोजनासँग सम्बद्ध ठाकुरले यस क्षेत्रका ओलाङचुङगोला, घुन्सा, याङ्मा, बेस क्याम्पलगायत ५ हजार ५ सय मिटरसम्मका स्थानमा पुगेर जैविक विविधताको अनुगमन गरिसकेका छन् । संरक्षणको क्षेत्रमा ठाकुरले पुऱ्याएको योगदानको कदर गर्दै विश्व वन्यजन्तु कोष नेपाल कार्यक्रमले संरक्षण अब्राहम पुरस्कार दिएको छ उनलाई । उनी भन्छन्, 'उक्त पुरस्कारले मलाई संरक्षणको क्षेत्रमा अझै धेरै काम गर्ने हौसला दिएको छ ।'

अहिले कञ्चनजंघा संरक्षण क्षेत्रको निमित्त संरक्षण अधिकृतको रूपमा कार्यरत ठाकुरको कुशल जिम्मेवारीमा त्यस क्षेत्रका उपभोक्ता समूह, आमा समूह, कञ्चनजंघा क्षेत्र परिषद् संरक्षण कार्यक्रममा दिलोज्यान दिएर लागी परेका छन् । संरक्षण आयोजना सफल हुन स्थानीय समुदायको ठूलो हात हुने उनी बताउँछन् । ठाकुर भन्छन्, 'स्थानीय बासिन्दाको सकारात्मक सहयोगविना संरक्षणको काम कदापि सम्भव हुँदैन ।'





युवराज घिमिरे

## शून्य समय

# हिन्दुवादी नेताद्वारा संसद् पुनःस्थापना गर्न राजालाई सुझाव

भारत सरकार सात राजनीतिक दल र माओवादीबीच समझदारी बढाउन लागी परेका बेला विश्व हिन्दु परिषद् संसद् पुनःस्थापनाद्वारा संवैधानिक प्रक्रियाको सुरुवात चाहन्छ। र, वीरगन्जमा बुधवारदेखि सुरु भएको विश्व हिन्दु महासंघको रजत जयन्ती समारोहको पूर्वसन्ध्यामा दिल्लीबाट प्रकाशित संघको अंग्रेजी मुखपत्र 'अर्गनाइजर'मा अन्तर्राष्ट्रिय सहयोग परिषद्का महासचिव बालेश्वर अग्रवालले राजाद्वारा सर्वोच्चको परामर्श माग्ने र मुख्य राजनीतिक दलहरूले चाहेअनुसार संसद् पुनःस्थापना भएमा माओवादी एक्लिने निष्कर्ष निकालेका छन्।

**राजा ज्ञानेन्द्रले** गत १४ महिनामा धेरै मित्र तथा शुभचिन्तक गुमाएका छन्। खासगरी उनको सर्वसत्तावादी राजनीतिक महत्त्वाकांक्षा त्यसको जरोमा छ। राजालाई माघ १९ गते समर्थन जनाउने भारतको हिन्दु संगठन विश्व हिन्दु परिषद् आफ्नै परिवारभित्र एकलकाँटे बन्न पुगेपछि ऊ पनि नेपालमा संवैधानिक राजतन्त्र र बहुदलीय व्यवस्थाको हिमायती बन्न बाध्य भएको छ। राजाद्वारा सर्वसत्ता ग्रहणको दुई दिनपछि काठमाडौं आएर शाही कदमको समर्थन गर्दै परिषद्का अध्यक्ष अशोक सिंघलले आवश्यक परेमा राजाको समर्थनमा 'विश्वका दुई अर्ब' हिन्दुहरूलाई उतार्ने धम्की दिए पनि क्रमशः उनको हैसियत नांगिदै गएको स्पष्ट भयो। विश्व हिन्दु परिषद्को मातृ संगठन राष्ट्रिय स्वयं सेवक संघकै कार्यकारिणीमा राजाको पक्षमा प्रस्ताव पारित गराउन विफल रहे सिंघल।

तर अहिले संघ र नेपालमा व्यापकरूपमा जरा गाडेको विश्व हिन्दु परिषद्ले आफ्नो रणनीति फेरेको छ। भारत सरकार सात राजनीतिक दल र माओवादीबीच समझदारी बढाउन लागी परेका बेला विश्व हिन्दु परिषद् संसद् पुनःस्थापनाद्वारा संवैधानिक प्रक्रियाको सुरुवात चाहन्छ। र, वीरगन्जमा बुधवारदेखि सुरु भएको विश्व हिन्दु महासंघको रजत जयन्ती समारोहको पूर्वसन्ध्यामा दिल्लीबाट प्रकाशित संघको अंग्रेजी मुखपत्र 'अर्गनाइजर'मा अन्तर्राष्ट्रिय सहयोग परिषद्का महासचिव बालेश्वर अग्रवालले राजाद्वारा सर्वोच्चको परामर्श माग्ने र मुख्य राजनीतिक दलहरूले चाहेअनुसार संसद् पुनःस्थापना भएमा माओवादी एक्लिने निष्कर्ष निकालेका छन्। परिषद् राष्ट्रिय स्वयं सेवक संघको अर्को एकाइ हो र अग्रवाल संघ संरचनाभित्र नेपालबारे सर्वाधिक महत्वपूर्ण व्यक्तित्वका रूपमा स्थापित छन्।



▲ हिन्दुवादी नेताहरूले संसद् पुनर्स्थापनाका लागि राजालाई आग्रह गरेपछि अशोक सिंघलको हैसियत नांगियो

त्यति मात्र हैन, अग्रवाल सन् ६० कै दशकदेखि नेपालमा लामो समय रहँदै आएका र निरन्तररूपमा सत्ताको सम्पर्कमा रहेका व्यक्ति हुन्। राजा महेन्द्रसँग उनको व्यक्तिगत पहुँच थियो भने डा. तुलसी गिरी स्वयं राष्ट्रिय स्वयंसेवक संघका सदस्य रहिसकेका व्यक्ति हुनाले अग्रवालसँग उनको मित्रता अहिले पनि कायम छ। 'राजाले यो (संसद् पुनःस्थापना) मामिला सर्वोच्चको विचारका लागि त्यहाँ पठाउन सक्छन्', अग्रवाल लेख्छन्। र, 'सर्वोच्च अदालतले मूलधारका राजनीतिक दलहरू (सात दल)को गठबन्धनले चाहेअनुसार प्रतिनिधिसभालाई बिउँताउन सक्छ', अग्रवालका अनुसार राजनीतिक दलहरूको यो मागप्रति माओवादीहरूले उदासीनता देखाएका छन् किनकि विघटित संसद्मा माओवादीहरूको उपस्थिति थिएन।

वास्तवमा अग्रवालको सोच (जुन राजाका लागि सल्लाह पनि हो) मा दुई केन्द्रीय विषय अन्तर्निहित छन्। पहिलो राजा आफ्ना अस्तित्व सुरक्षित चाहन्छन् भने दलहरूसँगको सम्बन्ध साथै संवैधानिक प्रक्रिया सुरु हुनु आवश्यक छ। सर्वोच्चसँगको परामर्शपछि प्रतिनिधिसभा पुनःस्थापित भएमा त्यस्तो सन्देश जानेछ स्वभावतः। दोस्रो 'हिन्दु राष्ट्र नेपाल' राजाविनाको अवस्थामा नपुगोस् भनी सुनिश्चित गर्ने दायित्व राष्ट्रिय स्वयंसेवक संघले लिनु पर्छ। त्यसैले भारत सरकारको दल-माओवादी समझदारी निकै अगाडि बढ्नुअघि नै दल र राजाबीच सहकार्यको वातावरण बन्नु पर्ने आशय अग्रवालले अगाडि सारेका छन्।

यसअघि नगरपालिका निर्वाचन नसारिएमा राजा र दलहरूबीचको सम्बन्धमा अरू कटुता आउन सक्ने भविष्यवाणी गरेका थिए भारतीय जनता पार्टीका विदेश विभागका प्रमुख एनएन झाले। राजा निर्धारित निर्वाचन सार्ने मनस्थितिमा नदेखिएकाले भारतीय जनता पार्टीका पूर्व अध्यक्ष लालकृष्ण आडवानीले आफ्नो प्रस्तावित नेपाल यात्रा रद्द गरेका थिए ९ सातापहिले, तर अहिले बालेश्वर अग्रवालको सुझावले थप महत्त्व राख्दछ। उनको विचार राष्ट्रिय स्वयं सेवक संघसँगै भारतीय जनता पार्टीसँग परामर्शविना आएको मान्न कठिन हुनेछ।

खासगरी चीनका राज्य पार्षद तथा पूर्व विदेशमन्त्री टाङ जियाउक्सिनको हालको यात्रामा चीनले नेपालको वर्तमान शासनलाई लामो समयसम्म समर्थन नगर्ने जनाएपछि राजा ज्ञानेन्द्रको पक्षमा कुनै मुलुक रहेको देखिएन। राष्ट्रिय स्वयं सेवक संघ अब उनको अन्तिम सहारा बन्न पुगेको छ। र, मुलुकभित्रबाट मेलमिलापका लागि दिइएका सुझावलाई राजाले बेवास्ता गरे पनि संघ या त्यसका प्रतिनिधि अग्रवालसँग समस्या समाधानका लागि जादुको छडी छैन निश्चय पनि। संसद् पुनःस्थापना सर्वोच्चको परामर्श र सुझावद्वारा हुने नै हो भने पनि त्यसको श्रेय अग्रवाल या अशोक सिंघललाई भन्दा मुलुकका सात राजनीतिक दल, खास गरी गिरिजाप्रसाद कोइरालालाई दिनु राजनीतिक हिसाबले बढी बुद्धिमानी हुनेछ। ■